सर्वाधिक बिक्री हुने
# साप्ताहिक
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १६ ● अंक २ ● काठमाडौं, शुक्रबार, जेठ १४, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, May 28, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-

# नेपालमै बाइक रेस







तस्विरहरु : सुन्दर श्रेष्ठ

● राजु घिसिङ

मोटरबाइक रेस हेर्न नेपाली दर्शक टेलिभिजनको स्क्रिनमै सीमित हुने दिन टुंगिएको छ। अब आफ्नै देशमा बाइक हुइँक्याएको हेर्न पाइने मात्र होइन, त्यसमा सहभागीसमेत हुन सकिनेछ। यसको सुरुआत गतवर्षदेखि 'यामाहा राइडटेक च्यालेन्ज' ले एउटा हाउजिङबाट गरे पनि यो वर्ष भव्यताका साथ गत शनिबार सम्पन्न गरेको छ। नेपालमा रेस कोर्स अर्थात् मोटरसाइकल रेसको आधुनिक ट्र्याक छैन। त्यसैले पिच सडकमै मोटरबाइक हुइँक्याउनु नौलो कुरा भएन।

बाँकी पृष्ठ २० मा

भित्र
विश्वकप विशेष
तथा
भर्जिन मोबाइल
क्विज



रिया
साप्ताहिक मध्यपृष्ठमा



## ● क्यासेट ●

### जेनेसिस ब्वाइज




रोनित राईका पप गीतहरूको संग्रह 'जेनेसिस ब्वाइज' लाई रियाज म्युजिकले बजारमा ल्याएको छ। संग्रहका गीतमा रोनितका अतिरिक्त रजनी, डा. हिप्नोटिक, रविराज कुँवरको पनि स्वर सुन्न सकिन्छ। डिजे राजुका दुई रिमिक्स गीत समेत समावेश गरिएको संग्रहको गीतमा किरण मानन्धर, डिजे एलएक्स तथा रविराज कुँवरले संगीत दिएका छन्।

### स्वार्थीपन




गायक अजय नगरकोटीका आधुनिक गीतहरूको संग्रह 'स्वार्थीपन' बजारमा आएको छ। साइन म्युजिकको यो संग्रहमा आठवटा गीत सुन्न सकिन्छ। संग्रहका गीतमा गायक नगरकोटीका अतिरिक्त युवराज तथा महेश ज्ञवालीको शब्द तथा संगीत समेटिएको छ।

### प्राण




आधुनिक तथा पप गीतको फ्युजनबाट तयार पारिएका गीतहरूको संग्रह 'प्राण' लाई रियाज म्युजिकले बजारमा ल्याएको छ। संग्रहका गीतमा मणिराज गुरुङ, नीरज केसी तथा बिनय केटु आदर्शले स्वर प्रदान गरेका छन्, जसलाई मनिराज गुरुङ, भूपेन्द्र बज्राचार्य, विनय तथा नीरजले संगीतबद्ध गरेका हुन्।

## ● रंगमञ्च ●



### मोदिआइनको सफल मञ्चन

यो साता राजधानीमा जननायक बीपी कोइरालाको उपन्यास 'मोदिआइन' लाई नाटकका रूपमा मञ्चन गरिएको छ। नेपाल सांस्कृतिक संस्थानले यो नाटक मञ्चन गरेको हो। करिब नौ वर्षपछि राजधानीमा यो नाटक मञ्चन भएको हो। नाटकको निर्देशन वीरेन्द्र हमालले गरेका हुन्। बीपीको उक्त उपन्यास राजनैतिक रूपले समेत समयसापेक्ष भएकाले नाट्य रूपान्तरण गरी मञ्चन गरिएको संस्थानले जनाएको छ। नाट्य क्षेत्रको गरिमा पुनर्स्थापना गर्न पनि यो नाटक मञ्चन गरिएको संस्थानले जनाएको छ। महाभारत कथामा व्यासले प्रस्तुत गरेको युद्ध दृष्टिकोणलाई बीपीले मोदिआइन उपन्यासमा खण्डन गरेका छन्। महिला सहनशील तथा सुशील हुनुपर्छ भन्ने पूर्वीय दर्शनले प्रस्तुत गरेका धेरै मान्यताहरूको विरुद्ध यो नाटक उभिएको छ। नाटकले उपन्यासको कथा जस्ताको तस्तै बोलेको छ। महाभारतकी पात्र द्रौपदीलाई महिला हकको आवाज उठाउने पात्रका रूपमा मात्र चित्रण गरिएको छैन, महाभारतको युद्ध निम्त्याउने प्रमुख पात्रका रूपमा समेत प्रस्तुत गरिएको छ। उपन्यासकारले कृष्णका बारेमा प्रस्तुत गरेको धारणामा नाटक सशक्त देखिएको छ। अन्याय तथा अत्याचारका विरुट आफ्नो खोज्न प्रेरित गर्ने कृष्णको भूमिकाले गीताको दर्शन सम्झाउछ। कुरुक्षेत्रमा धनु बिसाएर युद्ध नगर्ने सोचमा पुगेका अर्जुनलाई कृष्णले जिम्मेवादी र कर्तव्यबोध गराएर पुनः गाण्डिव धनु उठाउन बाध्य पारेको दृश्य नाटकमा निकै रोचक देखिन्छ। गत शुक्रबारदेखि प्रारम्भ भएको नाटक मञ्चन गत बुधबार सम्पन्न भएको थियो। नाटकमा पवित्रा अधिकारी, आकाश त्रोकछाकी, रूपक चौधरी, लक्ष्मी पाण्डे, गीता थापा, तिलक सुनुवार, लोकनाथ ढकाल, आरपी भट्टराई आदि कलाकारले अभिनय गरेका छन्।

### मोरङमा नाटक मञ्चन

आरोहण गुरुकुल विराटनगरले मोरङका १५ स्थानमा एउटा नाटक मञ्चन गरेको छ। लोकतन्त्रका विषयमा आधारित उक्त नाटकमा गाउँ-सहरका विकास-निर्माणका कुरा पारदर्शी हुनुपर्ने माग उठाइएको छ। नाटकमा जीवन कुइकेल, विवश पोखरेल, दीपा पोखरेल, सीता न्यौपाने, रामकुमार प्याकुरेल, रामभजन कामत, मिलन नेपाली, गजेन्द्र खतिवडा, सुशील पोखरेल आदि कलाकारले अभिनय गरेका छन्। लेटाङ, डाँगीहाट, कसेनी, केराबारी, इन्द्रपुर, बयरवन, मृगौलीया, इटहरा, शनिश्चरे, सिजुवा, अमरदह, दर्वेशा, बैजनाथपुर तथा हरैचामा उक्त नाटक मञ्चन गरिएको हो।

### क्याराभान थिएटरका नाटक

गत शनिबारदेखि क्याराभान थिएटरले लिंकन स्कुलको नाट्यशालामा दुईवटा नाटक मञ्चन गरिरहेको छ। बालबालिकालाई लक्षित दुई नाटक 'डाक्टर कन्डक्टर' तथा 'रोबिन क्रुसो' नाट्यशालामा एक सातासम्म मञ्चन गरिएको हो। डाक्टर कन्डक्टर मा क्यानडेली नायिका, निर्देशक तथा नाट्यकर्मी क्याथी फ्रान्स एक्लैले विभिन्न भूमिका निर्वाह गरेकी छिन्। 'रोबिन क्रुसो' मा भने क्याथीले नेपाली कलाकार श्रुति प्रधानको सहयोग लिएकी छिन्। श्रुतिले २५ मिनेटको नाटकमा विभिन्न अजैविक वस्तु घाम, चन्द्रमा, खोला, वनजंगल आदिको भूमिका निर्वाह गरेकी छिन्। २५ वर्षदेखि क्याराभान थिएटरमार्फत विभिन्न देशमा नाटक मञ्चन गर्दै आएकी क्याथीको अभिनयकला तथा प्रस्तुति सुन्दर, सहज तथा प्रतीकात्मक छ।

## ● ग्यालरी ●

### बुद्धजयन्तीमा चित्रकला

बुद्धजयन्तीको अवसर पारेर लुम्बिनीमा बुद्धका चित्रहरू प्रदर्शन गरिएका छन्। भियतनामका कलाकार फु विङले तयार पारेका ३० थान चित्र बुद्धको जन्मस्थलमै प्रदर्शन गरिएको हो। हिजोदेखि प्रारम्भ भएको उक्त प्रदर्शनी भोलि शनिबारसम्म जारी रहनेछ। 'लाइट अफ एसिया' शीर्षकको उक्त प्रदर्शनी निर्भाना आर्ट ग्यालरी ठमेल तथा लुम्बिनी विकास कोषले संयुक्त रूपमा आयोजना गरेका हुन्।

चित्रकला प्रदर्शनी अघि राजधानीमा आयोजित पत्रकार सम्मेलनमा कलाकार फुले नेपालमा अशान्ति फैलिँदै गएकाले शान्तिको कामना गर्दै यो प्रदर्शनी गर्न लागिएको बताएका छन्। आयोजक निर्भाना आर्ट ग्यालरीका सञ्चालक बीआर श्रेष्ठ लुम्बिनीको प्रचार-प्रसार तथा शान्तिको कामना गर्न प्रदर्शनी सञ्चालन गरिएको बताउछन्। प्रदर्शनीमा बिक्री भएका चित्रको आधा रकम लुम्बिनी विकास कोषलाई हस्तान्तरण गरिनेछ। कलाकार फु पाँच वर्षअघि लिन्सन टेम्पल तथा लिन्सन चिल्ड्रेन होम बनाउन स्वयंसेवकको रूपमा नेपाल आएका थिए। नेपालमा उनको यो पहिलो एकल प्रदर्शनी हो।

## पलैँटीमा रविन शर्माको पहिलो एकल गायन



नेपालयको 'आर'शालामा हरेक अंग्रेजी महिनाको अन्तिम शुक्रबार हुँदै आएको सांगीतिक कार्यक्रम पलैँटीमा यो पटक रविन शर्माको स्वर गुञ्जनेछ। गायक रविन आफ्नो जीवनको पहिलो एकल साँझलाई प्रभावशाली बनाउन प्रयासरत

● लाइभ ●

छन्। नेपाली आधुनिक संगीतको तेस्रो पुस्ताका प्रतिनिधि गायक रविन, सन् ८० को दशकको प्रारम्भदेखि संगीतमा क्रियाशील छन्। शर्मा सन् १९७८ मा नीर शाहको शब्द तथा सि.के. रसाइलीको संगीतमा 'मेरै सिर्जनाको संसार'बाट संगीतको संसारमा प्रवेश गरेका हुन्। उनले स्वर दिएका लोकप्रिय गीतको संख्या उल्लेख्य छ।

## ● पुस्तक ●

### सन्तान

लेखक जगदीश घिमिरेले वि.सं.२०३४ सालमा पहिलो पटक प्रकाशित गरेको नाट्यकृति सन्तानलाई पुनः प्रकाशित गरेका छन्। यो नाटकमा राजनैतिक व्यवस्थाले सिर्जना गरेको सामाजिक विकृतिप्रति कठोर व्यङ्ग्य गरेको छ। त्यतिबेला पञ्चायती व्यवस्थाको निर्लज्जतामाथि व्यङ्ग्य गरिएको यो नाटकको विषयवस्तु अहिलेको राजनैतिक परिस्थितिसँग पनि मिल्दोजुल्दो देखिएको छ। जगदीश घिमिरे प्रतिष्ठानले प्रकाशित गरेको ६४ पृष्ठको यो कृतिको मूल्य ९९ रुपैयाँ छ।

### चर्चित व्यक्तित्व

समकालीन नेपालका २१ चर्चित व्यक्तित्वको जीवनगाथा संगालिएको पुस्तक चर्चित व्यक्तित्व ब्याकुल पाठकको कृति हो। प्रस्तुत पुस्तकमा समेटिएका २१ जना व्यक्तित्वका बारेमा जे जति कुराहरू लेखिएका छन् ती सबै तथ्य र सत्यमा आधारित छन्। रत्न पुस्तक भण्डारले प्रकाशित गरेको यो पुस्तकको मूल्य ३ सय रुपैयाँ छ।

### ऋग्वेद

डा. प्रसन्नचन्द्र गौतमले हिन्दु धर्मको आधार ग्रन्थ मानिएको ऋग्वेदको प्रमाणिक अनुवादको रूपरेखा प्रस्तुत गरेका छन्। कुलचन्द्र गौतम स्मृति प्रतिष्ठानले प्रकाशित गरेको यो कृतिको रचनाका लागि डा. गौतमलाई तिलकप्रसाद लुईंटेल, नारायणप्रसाद पौडेल, श्याममणि नेपाल, माधव घिमिरे तथा भीमनाथ घिमिरेले सहयोग गरेका छन्। यो कृतिले वेदलाई आम पाठकबीच पठनीय बनाउने प्रयास गरेको छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

जेठ १५ गते : गणतन्त्र दिवस, शान्ति सेना दिवस, १७ गते : धूम्रपानरहित दिवस, १८ गते : मंगल चतुर्थी व्रत, अन्तर्राष्ट्रिय बालदिवस ।

### मेष

मन अशान्त हुनसक्छ। काममा बाधा आउनुका साथै आलोचनाको सामना गर्नुपर्ला। विश्वास गरेकाहरूले धोका दिनेछन्। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। रोकिएका कामहरू पूरा हुँदै जानेछन्। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाा काम पाइने योग छ।

### मिथुन

स्वास्थ्य गडबड हुने, काममा बाधा आउने तथा आलोचना हुने योग छ। आर्थिक समस्याले पनि सताउनेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। शनिबार, आइतबार र सोमबार यात्रामा लाभ हुने तथा काममा सुधार आउने देखिन्छ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने एवं नयाँ काम पाइने योग छ।

### सिंह

पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला। पहिलो भेटमै अरूको विश्वास जित्न सकिनेछ। भाग्यले साथ दिनेछ। महत्त्वपूर्ण जिम्मेवारी आफूमाथि आउनेछ। प्रतिस्पर्धामा जित हासिल हुनेछ। स्वास्थ्य गडबड रहने भएकाले खानपानमा विचार पुऱ्याउनुहोला। लेनदेनमा अघि बढ्नु उचित हुँदैन।

### तुला

पहिलो भेटमै अरूको विस्वास जित्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। तपाईंको लगनशीलता एवं इमान्दारिताको प्रशंसा हुनेछ। घरेलु समस्याले सताउने हुँदा सफलताका लागि घरबाहिरै बस्नु उचित हुन्छ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला।

### धनु

गलत विचार बढ्नेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। विश्वास गरेकाहरूले धोका दिनेछन्। सोमबारदेखि समय राम्रो हुँदै जानेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। प्रेम गर्ने अवसर जुट्नुका साथै भेटघाटमा मन रमाउनेछ।

### कुम्भ

मान-सम्मान मिल्नेछ। पराक्रम तीव्र हुनुका साथै अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। अरूलाई विश्वास दिलाउन सकिनेछ। आफन्तहरूको सहयोग मिल्नेछ। बुधबारदेखि खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ। घरेलु समस्याले पनि सताउनेछ। विश्वासमा परे धोका हुनसक्छ। आर्थिक कारोबारमा समस्याको सामना गर्नुपर्ला।

### वृष

पहिलो भेटमै सहयोग गर्न अघि सर्नेहरू धेरै हुनेछन्। भाग्यले साथ दिनेछ। सानै प्रयासले ठूलो काममा सफलता पाउनुहोला। स्वस्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। घरेलु समस्याले सताउन सक्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। अरूको भरोसा नगर्नुहोला।

### कर्कट

बढी परिश्रम गर्नुपर्ला। विवादको सामना डटेर गर्नुपर्नेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। आर्थिक समस्या पनि बढ्नेछ। मंगलबारदेखि समयले साथ दिनथाल्नेछ। पराक्रम बढ्ने तथा अधुरा काम पूरा हुने योग छ। नयाँ काम पनि हात पर्न सक्छ। भेटघाटमा मन रमाउनेछ। भाग्यले साथ दिनुका साथै सजिलै विश्वास जित्न सकिनेछ।

### कन्या

समष्टिमा साता राम्रो रहेपनि सानातिना उल्झनको सामना गर्नुपर्नेछ। अधुरा काम पूरा हुने तथा नयाा काम पाइने योग छ। आफन्तहरूबाट पूर्ण सहयोग प्राप्त हुनेछ। नयाा मित्रको आगमनले मनोबल बढ्नेछ। स्वास्थ्य गडबड हुने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला। झूटा आरोप लगाउने प्रयास पनि हुनसक्छ।

### वृश्चिक

समयले साथ दिनेछ। मान-सम्मान पाइने योग छ। पराक्रम बढ्नुका साथै अधुरा काम पुरा हुने तथा नयाँ काम पाइने देखिन्छ। उतारचढावको सामना गर्नुपरे पनि अन्ततः आफ्नो लक्ष्यमा पुग्न सकिनेछ। स्वास्थ्य गडबड रहने भएकाले खानपानमा विचार पुऱ्याउनुहोला। आर्थिक कारोबारबाट टाढै रहनुहोला।

### मकर

मन प्रसन्न रहनेछ। धनलाभ हुनुका साथै जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले पनि ठूलो काम बन्नेछ। सामाजिक कार्यमा प्रशंसा पाउनुहोला।खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। स्वास्थ्य गडबड रहनुका साथै आर्थिक कारोबारले टाउको दुखाउनेछ। झूटा आरोप पनि लाग्न सक्छ।

### मीन

मान-सम्मान पाइने छ भने भाग्यले साथ दिने छ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग पनि पाउनुहोला। पहिलो भेटमै प्रभावित भै सहयोग गर्न अघि बढ्नेहरू प्रशस्तै हुनेछन्। खर्च एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउनेछ। समयमा निर्णय नहुँदा आलोचित हुनुपर्ला।

# निशानामा उद्योगी–व्यवसायी



## पाँच वर्षमा तीन दर्जन उद्योगी-व्यवसायीउपर आक्रमण

वीरगन्ज– युवा व्यवसायी तथा वीरगन्ज उद्योग वाणिज्य संघका महासचिव गोपाल केडियामाथि अघिल्लो बुधबार सम्साँझै उनको पसलको काउन्टरमै अज्ञात व्यक्तिले गोली प्रहार गरेपछि यहाँका उद्योगी-व्यवसायीहरू पुनः आतंकित भएका छन् । नगरको सुरक्षा व्यवस्था मजबुत भएको महसुस गरेर लुकेर सार्वजनिक रूपमा हिँड्न थालेका यहाँका उद्योगी-व्यवसायीहरू पुनः आफ्नो घर, पसल र व्यापारिक प्रतिष्ठानमा बसेर काम गर्न बाध्य भएका छन् ।

पाँच वर्षयता वीरगन्जका तीन दर्जनभन्दा बढी उद्योगी-व्यवसायीउपर गोली र बम प्रहारका घटना भएका छन् । वीरगन्ज उद्योग वाणिज्य संघ सूत्रका अनुसार, स-साना आक्रमणका घटना त्यसभन्दा अझ बढी हुन सक्छन् । चालू आर्थिक वर्षमा मात्र असोज २७ गते १० मिनेटको अन्तरमा कपडा व्यापारी राजु साह र मनोज अग्रवाललाई गोली प्रहार गरिएकोमा मनोजको राजधानीमा उपचारका क्रममा मृत्यु भएको थियो । उनीहरूउपर गोली प्रहार भएकै साता वीरगन्जका अर्का व्यापारी विनोद अग्रवालको अज्ञात समूहले धारीलो हतियार प्रहार गरी हत्या गरेको थियो ।

मंसिर २२ गते उद्योगी राजन तुल्स्यानको बिर्तास्थित घरमा प्रवेश गरेको आपराधिक समूहले चलाएको गोलीबाट आपराधिक समूहकै एक सदस्यको मृत्यु भएको थियो । मारिने ती व्यक्तिको हालसम्म सनाखत भएको छैन । वीरगन्ज आदर्शनगरस्थित पशुपति रोड क्यारियर्सका प्रबन्धक राजेश्वर दुबेको मंसिर २५ गते गोली हानी हत्या गरिएको घटनापछि छ महिनायता वीरगन्जमा उद्योगी व्यवसायीउपर आक्रमणको कुनै पनि घटना भएको थिएन ।

परावानीपुरका औषधी व्यवसायी उद्धव अर्यालको माघ २४ गते राति उनको घरबाटै नाटकीय शैलीमा अपहरण गरीएको थियो । फागुन ७ गते उनको शव बाराको मनहर्वामा फेला पर्‍यो । उनको अपहरण र हत्यामा संलग्न समूहको प्रहरीले पहिचान गर्न सकेको छैन । अर्याल परिवारले भारतमा आपराधिक समूहलाई फिरौती बुझाएर आएलगत्तै उनको हत्या भएको थियो । गत वर्ष यहाँ युवा व्यापारी राजेश क्यालको हत्या गरिएको थियो ।

मुलुकको कुल राजस्वमध्ये करिब ६० प्रतिशत राजस्व एक्लैले बुझाउने पर्सा बारा औद्योगिक करिडोर तथा आर्थिक नगरी वीरगन्जका उद्योगी व्यवसायी भने राज्यलाई आफूले कर मात्र तिरिरहेको तर त्यसबापतको प्रतिफल भने सुरक्षाका रूपमा पाउन नसकेको गुनासो गर्छन् । यहाँका उद्योगी-व्यवसायीहरू फोन धम्की, अपहरण, चन्दा, फिरौती माग, गोली प्रहार, ज्यान मार्ने धम्की आदि सबै खालका आपराधिक क्रियाकलापको सिकार भैसकेका छन् ।

वीरगन्ज उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष अशोक टेमानी यहाँका उद्योगी व्यवसायीको मर्का बुझ्ने कुनै पनि निकाय नभएको आरोप लगाउँछन् । उनले राजनीतिक दलहरूमा पनि उद्योगी-व्यवसायीले केही बोल्दा नपचाउने संस्कृति विकास भैरहेकाले वीरगन्ज मात्र नभई मुलुककै उद्योगी व्यवसायीहरूले अभिभावकविहीनजस्तै भएको गुनासो गरे ।

'आफूउपर आक्रमण भयो भन्दैमा उद्योगी-व्यवसायीले बन्दुक बोकेर हिँड्ने र आफ्नो सुरक्षाको व्यवस्था आफैं गर्ने कुरा आउँदैन,' उनले भने । सुरक्षा दिने निकाय नै गम्भीर नभए आफूहरूले कसैबाट सुरक्षाको आशा गर्न नसक्ने उनी गुनासो गर्छन् । दिनभरि कामको बोझले थिचिने उद्योगी व्यवसायीले स्वस्थ रहन प्रातः भ्रमण मात्र होइन मनोरन्जन गर्न सिनेमा घर र होटलमा जाने कामसमेत बन्द गरेका छन् । सार्वजनिक कार्यक्रमहरूमा पनि उनीहरू कमै मात्र सरिक हुन्छन् ।

उद्योगी-व्यवसायीउपर हुने अधिकांश घटनामा भारतीय आपराधिक समूहले आफ्नो जिम्मेवारी दाबी गर्ने गरेका छन् । छोटेलाल सहनीदेखि पछिल्लो पटक चर्चामा आएको बाँगड बिल्लासम्म करिब एक दर्जन भारतीय आपराधिक समूहले वीरगन्ज र आसपासका उद्योगी-व्यवसायीलाई निशाना बनाउँदै आएका छन् । त्यसबाहेक पप्पु शर्मा, मुन्ना शर्मा आदि भारतीय आपराधिक समूहले विगत पाँच वर्षयता आतंक मच्चाउँदै आएका छन् ।

पृष्ठ २० मा जारी








SHRESTHA INT'L TRADING CONCERN
Pacific Building, Ramshah Path,
Tel: 4430525,4431525,4430813, 016913814, Fax: 4430413
Teku - 4251202, Kumaripati - 5551521, Balkumari - 5202624
Birgunj - 529685, Biratnagar - 461756, Butwal - 204655, Birtamod - 543044, Bhairahawa - 526300, Damak - 582096, Dharan - 525255, Itahari - 584307, Janakpur - 527397, Nepalgunj - 550138, Narayangarh - 533647, Pokhara - 522905, 539279

## ● सम्पादकीय ●

# जेठ १४ गते

२०६७ सालको जेठ १४ गतेलाई विगत दुई वर्षदेखि नेपाली जनता प्रतीक्षा गरिरहेका थिए । उनीहरू संविधानसभामार्फत संविधान जारी गरेर आफूलाई सार्वभौमसत्तासम्पन्न बनाउने नेपाली जनताको सपनाले यो दिन आकार ग्रहण गर्छ भन्ने विश्वासमा थिए । दुई वर्षअघि संविधानसभाको निर्वाचनमार्फत नेपाली जनताले जे-जस्ता आर्थिक तथा राजनैतिक स्वतन्त्रता र अधिकारको खाका कोरेका थिए । ती खाका यथार्थमा परिणत नहुादा आज नेपाली जनता निराश छन् । नेपाली जनतालाई उनीहरूकै चाहनाबमोजिमको संविधान दिने वाचाका साथ संविधानसभामा उपस्थित भएका ६ सय १ सभासदले बितेको २ वर्षमा विभिन्न राजनैतिक दलहरूको प्रतिनिधित्व त गरे, तर उनीहरू जनताको प्रतिनिधि बन्न नसक्दा नयाा नेपालको नयाा संविधानले आकार लिन नसकेको हो भन्ने कुरा यतिखेर हरेक नेपालीको मनमा छ भने त्यो अकारण होइन । नेपाली जनतालाई नयाा संविधान दिन नसक्नु राजनैतिक दलहरूको लाचारी हो भन्ने कुरा बितेका दुई वर्षमा राजनैतिक दलहरूले देखाएको क्रियाकलाप एवं उनीहरूमा देखिएको सत्तामोहले प्रस्ट गरेको छ । अहिले संविधान जारी नहुादाको अवस्थामा हाम्रा राजनैतिक दलहरू संविधानसभाको आयु लम्ब्याउने कसरत गरिरहेका छन् । प्रश्न संविधानसभाको आयुको होइन, प्रश्न संविधान बन्ने कि नबन्ने भन्ने हो ।

नेपाली जनताको प्रतिनिधिको हैसियतले संविधानसभामा रहेका विभिन्न राजनैतिक दल र तिनका सदस्यहरूले जबसम्म सत्ताका लागि एक-अर्काको हुर्मत लिने, एक-अर्कालाई गाली गर्ने, होच्याउने प्रवृत्तिलाई त्यागन सक्दैनन् तबसम्म संविधानसभाको आयु जति लम्ब्याए पनि, जति तन्काए पनि संविधान जारी हुन सक्दैन । प्रश्न समयको अभाव वा समन्वयको अभाव होइन, प्रश्न राजनैतिक दलहरूको इमान्दारिता र नियतको हो । अहिले संविधानसभामा उपस्थित कतिपय राजनैतिक दल आफूलाई मात्र जनताको सच्चा प्रतिनिधि मान्ने र अर्को राजनैतिक दललाई दलाल वा चाटुकार मान्ने प्रवृत्तिले ग्रस्त छन् । उनीहरू आफ्नो नेतृत्वमा मात्र जनताको संविधान जारी हुन सक्छ अन्यथा हुन सक्दैन भन्ने हीनताबोधले ग्रस्त हुनु नै अहिलेको संविधानसभाको मूल समस्याका रूपमा देखिएको छ । अहिलेको अवस्थामा राजनैतिक दलहरू जनताद्वारा निर्वाचित आफ्ना सहकर्मी, सहधर्मीमाथि विश्वास गरेर अघि बढनुपर्नेमा त्यसको ठीक विपरीतको आचरण देखाइरहेका छन् । यस्तो स्थिति रहेसम्म न त नयाा संविधान लेखिन सक्छ, न त नयाा नेपालको खाका कोरिन सक्छ । तसर्थ बितेका दुई वर्षमा आफूबाट भए-गरिएका सबै किसिमका गल्तीलाई ढाकछोप गरेर अघि बढ्नुभन्दा अबका दिनमा सबै किसिमका लोभ र लालसालाई त्यागेर संविधान जारी गर्नेतर्फ सबैखाले विचारधाराका राजनैतिक दलहरू मन वचन र कर्मले सक्रिय हुनुपर्छ, अन्यथा समय जति घर्किँदै जान्छ, राजनैतिक दलप्रतिको जनताको विश्वास पनि उठ्दै जान्छ ।

## ● चिठीपत्र ●



### मधेसमा पहाडी सम्प्रदायको पीडा

हाल तराईक्षेत्रमा केही आपराधिक तत्त्वले समुदायका मानिसहरूलाई धम्क्याउने, तर्साउने, अपहरण गर्ने र मार्ने नियत राखेका घटनाहरू सार्वजनिक भैरहेका छन् । मधेसी समुदायका व्यक्ति पनि त्यस्ता आपराधिक तत्त्वबाट पीडित छन् । उनीहरूलाई पनि अपहरण गर्ने र मार्ने सम्मका क्रियाकलाप भैरहेका छन् । आपराधिक तत्त्वहरूले मधेसी तथा पहाडी समुदायबीच फुट र वैमनस्यता ल्याई फाइदा लिन खोजेको तथ्य पनि उजागर भैसकेको छ । यसमा मधेसी तथा पहाडी दुवै समुदाय चनाखो भै आपसी मेलमिलाप र सद्भाव कायम राख्न मन, वचन र कर्मले लागिपर्नु आजको आवश्यकता हो । तराई केन्द्रित केही आपराधिक समूहले राजनीतिको नाममा दुवै समुदायका मानिसलाई आफ्नो थलोमा बस्नै नसक्ने गरी आतंक मच्चाएका छन् । यस क्रममा थुप्रैले अपहरण, हत्या तथा विस्थापित हुन बाध्य हुनुपरेको छ । यसमा दुईवटा चिन्ता प्रबल भएर आउँछन्- प्रथम पहाडी र मधेसी समुदायबीचमा सदियौंदेखि कायम सम्बन्धमा दरार नआओस् । दोस्रो तराईमा हत्या, हिंसा, बलात्कार, धम्की, चन्दा आतंक हटी शान्ति सुव्यवस्था कायम गर्ने विषयमा कतै कुनै विवाद नहोस् ।

मधेसी-पहाडीबीचको सम्बन्ध र सहिष्णुता आजको होइन । मदनमणि दीक्षितद्वारा लिखित उपन्यास 'माधवी' मा ऋषिहरू जनकपुरबाट देश भ्रमणमा निस्केर पूरै कर्णाली घुमेको वर्णन छ । द्वापरयुगमा पुग्ने हो भने भगवान् कृष्ण यादव हुन् । उनी पहाड-मधेस सबैतिर घुमेका मात्र होइन कि तत्कालको विश्वको शान्ति-सुरक्षाको जिम्मा पनि लिएर बसेका थिए । मधेसी भगवान्को पूजा-अर्चना हिमालय पर्वतवासीले पनि उत्तिकै श्रद्धाका साथ गर्थे र आज पनि गर्छन् । हाम्री देवी तथा विभूति सीता जनकपुरमा जन्मिएकी थिइन् । उनी मधेसी भए पनि हिमाल, पहाड र तराईका सबै ठाँउमा उत्तिकै पुजित छिन् ।

२ सय ६५ वर्षअघि पनि मधेसी र पहाडी दुवै समुदायसँग मिलेर बसेको देखिन्छ । काठमाडौं उपत्यकाका राजा जयप्रकाश मल्ल आफ्नै श्रीमती र छोराद्वारा अपदस्थ भए । उनी पुनः सत्तामा फर्कन पनि सफल भए । त्यसपछि उनले आफ्ना लागि अलग ३ सय जना मधेसी सेनाको (छुट्टै पल्टन) गुल्म खडा गरी सुरक्षाको प्रबन्ध गरेको इतिहास साक्षी छ । नयाँ मधेसी पल्टन गठनको कारणमा उनले भनेका छन्- 'यी सेना तलब लिएर त्यसको सोझो गर्न सक्षम हुन्छन् यी मेरा नाता तथा शत्रुसँग कुनै साँठगाँठ नभएका सैनिक हुन् ।' राणाकालमा पनि जंगबहादुरको हत्या गगन सिंहले गरेको भनिए पनि 'लाल झा' को कुरा पनि चलेको थियो । अतः नेपालमा पहाडी तथा मधेसी समुदायको सम्बन्ध आजको मात्र होइन । यो धर्म र इतिहासका साथै व्यवहारले पनि पुष्टि गरेको विषय हो । यति लामो र सुमधुर सम्बन्धमा दरार पार्न खोज्नु मूर्खता मात्र हो । यो धृष्ठता कसैले नगरे पनि हुन्छ । यसैलाई बखेडा बनाएर देशलाई विखण्डनको सपना नदेखे पनि हुन्छ । बदमास मधेसी पनि हुनसक्छ, पहाडी पनि हुनसक्छ । बद्मासी नियन्त्रण गर्नु हामी सबैको धर्म हो । कुनै एक जनाको बद्मासीमा समग्र समुदायलाई मुछ्नु हुँदैन । देशको विकास प्रतिस्पर्धाबाटै सम्भव छ । प्रतिस्पर्धाका लागि विभिन्न जातजाति, समुदाय तथा धार्मिक सम्प्रदाय एक आपसमा मिलेर बस्नुपर्छ ।

समुदायमा एक-अर्काको राम्रो चलनको सिको अरूले गर्नुपर्छ । नराम्रो चलनको उन्मूलन गर्नुपर्छ । यदि यसरी मिलेर बस्न सकेनौं भने त्यो हामी सबैको दुर्भाग्य हुन्छ । दहेजप्रथाजस्तो मधेसको कुरीतिलाई पहाडी समुदायको विवाहप्रथाबाट उन्मूलन गर्न सकिन्छ । मधेसी समुदायमा विद्यमान व्यापार व्यवसायको सीपलाई पहाडी समुदायले अनुकरण गरेर उन्नति गर्न सक्छ । मधेसको 'झा' र पहाडको 'ओझा' थरबीचमा शतप्रतिशत समानता छ । कतिपय थर, जस्तै– मिश्र, पाण्डे, पण्डित अधिकारी आदि दुवै समुदायका साझा थर हुन् । कालो वा गोरो हुनु भूगोलको दोष हो, त्यो व्यक्तिको होइन । विकसित देशमा गोरा र काला मिलेर चन्द्रमामा पाइला टेकिसक्दा पनि हामी भने मधेसी र पहाडी समुदायमा विभाजित गर्ने तत्त्वसँग असावधान रहनु दुर्भाग्यपूर्ण हुनेछ । हामी एक थियौं, एक छौं र एक रहनेछौं भन्ने दृढ विश्वासका साथ अघि बढ्नुको विकल्प छैन । यही हाम्रो एक मात्र लक्ष्य थियो, छ र रहिरहनेछ ।

**– प्रेमप्रसाद सञ्जेल**

## ● तीतो सत्य ●

● मानिसलाई किताबी ज्ञानमात्र होइन व्यावहारिक ज्ञान पनि आवश्यक हुन्छ ।

● गुलाफ जसरी काँडाबीच फुल्छ, हामीले पनि आफ्नो जिन्दगीलाई त्यसरी नै फुलाउन सक्नुपर्छ ।

**प्रवेश लामिछाने**

● मिल्नुभन्दा फुट्नुमा अग्रसरता छ भने त्यहाँ विनाश निश्चित हुन्छ ।

● आफ्नो प्रभुत्व र बडप्पन देखाउन अरूको हडप्ने, बिगार्ने र दोषी बनाउने क्रियाकलाप राम्रो मानिँदैन ।

● सकारात्मक दृष्टिकोणले सफलताको मार्गतर्फ अघि बढ्न अभिप्रेरित गर्छ ।

**वसन्त खत्री**

● जब मानिसलाई दुःख पर्छ तब उसलाई सानातिना कुराहरू पनि जटिल र महत्त्वपूर्ण लाग्छन् ।

● जो अरूमाथि निर्भर रहन्छ उसले सधैं शंका र त्रासमा बाँच्नुपर्छ ।

● मानिस अरूलाई खराब हो भन्दै आफू असल बन्न खोज्छ तर असल मानिस त्यसै असल हुन्छ, आफू असल बन्न अरूलाई खराब भनिरहनु पर्दैन ।

**पद्मा सिटौला**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## ● सहर चर्चा ●



### होनीमायाको सारंगी

३० सालअघि रेडियो नेपालमा 'हो...नि माया मारिगयो निष्ठुरी पापीले...' गीत निकै बज्थ्यो । यो गीत कति लोकप्रिय भयो भने गायक हुमबहादुर गन्धर्वको नाम नै फेरियो अर्थात् उनी भए होनीमाया गन्धर्व । उमेरमा उनले निकै गित गाए । ती गीत मध्ये चन्द्रशमशेरको बेलायत यात्राको गीत निकै लोकप्रिय थियो । रेडियोमा रेकर्ड नभएको उक्त गीत तानसेनको श्रीनगर वरिपरीका जनतालाई कन्ठै थियो । उनी रामायणदेखि लिएर धार्मिक गीत पनि सारङ्गीको सहायताले गाएर सबैलाई छक्क पार्थे । अहिले होनिमाया अर्थात हुमबहादुर बुढेसकालमा पनि गीत गाउँदै हिँड्छन्, तर उनले गीत गाउनुको कारण रहर नभएर बाध्यता हो । खान नपुगेकै कारण उनले गीत गाउँदै माग्नु परेको बताए । उनी हरेक घटना सुन्नासाथ सारङ्गीको तालसँगै आफ्नो भाका र गीत उतार्न सक्छन् । चन्द्रशमशेरको २२ दिने बेलायत यात्रा, रामायण, तानसेनको गीत मात्र होइन, उनी कृष्णचरित्र, निर्गुण, असारे, दसैं-तिहारका गीत पनि गाउँछन् । हुमबहादुरले ७० वर्षको उमेरमा पनि गीत गाएरै आफ्नो पेट पालेका छन् ।



## ● मोडल वाच ●

# मोडलिङमा सपना

पोखराकी सपना गुरुङ मोडल मात्र होइनन्, कोरियोग्राफर पनि हुन् । थुप्रै फेसन शोमा क्याटवाक गरेपछि उनी पछिल्लो समयमा कोरियोग्राफरका रूपमा सक्रिय छिन् । ५ फिट ५ इन्च अग्ली सपना सुन्दर छिन् । अग्लो शरीरकै कारण मोडलिङमा प्रवेश गरेको उनको तर्क छ । 'मोडलले अग्लो हुनै पर्छ, सपना भन्छिन्– 'अन्तर्राष्ट्रिय जगत्मा पनि हाइट भएका मोडलमात्र सफल हुन्छन् ।' कोरियन चलचित्रकी पारखी सपना नृत्य एवं अभिनयमा पनि उत्तिकै पारंगत छिन्, तर उनलाई काम गर्न मन लाग्ने क्षेत्र मोडलिङ नै हो । फिट रहन उनी नियमित व्यायाम पनि गर्छिन् । राजधानी जस्तै पोखराको मोडलिङले पनि गति लिइरहेकोमा सपनालाई खुसी लागेको छ । 'पोखरामा पनि धेरै मोडल जन्मिसकेका छन्, सपना भन्छिन्- 'तर मोडलिङका गतिविधिहरू राजधानीकेन्द्रित हुँदा पोखराका सबै मोडलले अवसर पाउन सकिरहेका छैनन् ।' सपनाका आकर्षक तस्बिरहरू ठीकठाक डट कममा हेर्न सकिन्छ ।

## ● मुखाले ●

जनताले दिएका अभिभारा पूरा गर्ने दलगत स्वार्थभन्दा माथि उठौं ।

**राष्ट्रपति डा. रामवरण यादव**

श्वेतपत्र जारी गर्नैपर्छ ।

**सभामुख सुभाष नेम्वाङ**

सम्भावना नदेखेको भए सहमतिका लागि त्यति धेरै जोड गर्दैनथ्यौं ।

**पुष्पकमल दाहाल**

जेठ १४ पछि पनि केही हुादैन ।

**विद्या भण्डारी**

यो सरकार ढल्दै ढल्दैन ।

**विजयकुमार गच्छदार**

माओवादी एजेन्डामा उसकै सर्त किन मान्ने ?

**रामचन्द्र पौडेल**

म्याद नथपिए पनि सरकार र संसद् चलिरहन्छ ।

**अनुपराज शर्मा**

संविधान संशोधन नभए संसद र संविधानसभा रहादैन । सरकार मात्र रहन्छ ।

**सिन्धुनाथ प्याकुरेल**

माधव नेपाल संविधानसभाबाट बहुमत प्राप्त नेताको हैसियतले प्रधानमन्त्री हुनुभएको हो, उहाालाई हटाउने एउटा प्रक्रिया छ । जबरजस्ती गरेर हटेर जा भनेर हुादैन ।

**खुमबहादुर खड्का**

उग्रवादीले गलत बाटो लिादैमा लोकतन्त्र समाप्त हुादैन ।

**केपी ओली**

संविधानसभाको म्याद थप्न मिल्दैन ।

**कमल थापा**



तस्बिर : नवराज बाग्ले

# खगोवादीहरूले मात्र मलाई माओवादी भन्छन्

सामान्यत: नेपालमा लेखक-साहित्यकारको भाउ छैन। केही राजनीतिज्ञबाहेक अरूको भाउ छैन, त्यसैले लेखक-साहित्यकारको पनि भाउ छैन। खगेन्द्र संग्रौला त्यसका अपवाद हुन् । तीखो शब्द र चर्को गाली गरेकै कारण उनको लेखनको चर्चा हुने गरेको हो। करिब एक दर्जन पुस्तक लेखिसकेका खगेन्द्रको साहित्यिकभन्दा लेखकीय चर्चा हुनुको कारण लेखनमा साहित्यिक गुणभन्दा गाली-गलौजको भाषा प्रमुख हो भन्ने विज्ञहरूको ठहर छ। राजाको शासनकालमा कुन्साङ काका चरित्र सिर्जना गरेर स्तम्भकारमार्फत ठूलो जनमत बटुल्ने खगेन्द्रलाई आजभोलि माओवादीका पक्षमा लेखेर आफ्नो साहित्यिक जनमतभन्दा पार्टीगत जनमतमा रमाउँदै गएको आरोप लाग्ने गरेको छ।

**तपाईंलाई गाली शिरोमणि पनि भनिन्छ, लेखनमा यतिसारो तीखो भाषा किन प्रयोग गर्नुहुन्छ ?**

सरल र सभ्य भाषामा कुरा राख्दा प्रभावकारी नै नहुने भयो। मानिसको संवेदना गैंडाको छालाजस्तै भैसक्यो। मज्जाले नचिमोटीकन उनीहरूले थाहै पाउँदैनन्। गाली गर्नु मेरो रहर होइन। म गलत कुरा हेरेर बस्न सक्दिनँ, साधारण कुरा लेखेर झारा टार्न चाहन्नँ। कम्तीमा मेरो कुरा सम्बन्धित व्यक्तिले मनन त गरोस् भन्ने लाग्छ।

**गाली गर्दा व्यक्तिलाई तोकेरै गाली गर्नु मान-मर्दन भएन ?**

म इस्युमा बोल्छु। उसलाई त्यसो भन्ने कारणहरू हुन्छन्। म व्यक्तिहरूलाई प्रवृत्तिका आधारमा हेर्छु। जो आशालाग्दो व्यक्ति छ, उसैले गलत गरेपछि उसलाई झकझक्याउनु मेरो कर्तव्य हो भन्ने लाग्छ।

**तर उसले त्यो कुरा बुझ्नुभन्दा गाली गरेको कुरा बढी सम्झँदो रहेछ, त्यस्तै प्रतिक्रिया आइरहेका छन्, के भन्नुहुन्छ ?**

कहिलेकाहीँ बढी नै आवेगमा आएँ भन्ने लाग्छ। छापिइसकेपछि जस्ता प्रतिक्रिया आउँछन्, यदि त्यसो नलेखेर यसो लेखेको भए मेरो सन्देश अझ प्रभावकारी हुन्थ्यो कि भन्ने लाग्छ। यो मेरो मानवीय कमजोरी पनि हो।

**हालै माओवादी अध्यक्ष प्रचण्डले नेपाली बुद्धिजीवीलाई नराम्रोसँग गाली गरे। उक्त गालीपछि प्रचण्डलाई खगेन्द्रको चेलो भन्न थालिएको छ नि ?**

सुनेर हाँस उठ्यो, तर म एउटा साधारण मानिस, मैले बोल्नु र प्रचण्डले बोल्नुमा धेरै फरक हुन्छ। साँच्चै भन्ने हो भने यो देशमा प्रचण्डजत्तिको उचाइ भएका कुनै नेता छैनन्। उनको एउटा पृष्ठभूमि छ, इतिहास छ। उनी देशको सबैभन्दा ठूलो दलका अध्यक्ष पनि हुन्, संसदमार्फत् उनी जनताका प्रधानमन्त्री भैसकेका मानिस हुन्। उनले जुन कुरा उठाए, त्यो सत्य छ, कन्टेनवाइज यसमा मेरो बिमति छैन, तर जसरी उठाए त्यो सोह्रैआना गलत थियो। सहरका मध्यमवर्गीय र उच्च मध्यमवर्गीय जनतालाई बाइकट गरेर क्रान्ति सफल हुँदैन।

**प्रचण्ड बुद्धिजीविप्रति किन यति पूर्वाग्रही भएका होलान् ?**

माओवादीले जुन आन्दोलन गर्‍यो, त्यसको उद्देश्य पनि सही थियो, तरिका पनि सही थियो, तर त्यसलाई काठमाडौंवासीले साथ दिएनन्। यस्तो बेलामा निश्चित उद्देश्य बोकेर हिँडेको पार्टी, त्यसमा पनि अध्यक्षलाई चित्त दुख्नु, रिस उठ्नु स्वाभाविक नै हो। रिसका बेलामा बाहुनले वेद पढ्दैन, प्रचण्डजस्तो नेताले रिस उठेको बाहुन हुँ भन्न मिल्दैन।

**यसको दूरगामी प्रभाव पर्छ कि त्यसै सेलाएर जान्छ ?**

यसको दुई थरी प्रभाव पर्छ। पहिलो दक्षिणपन्थीहरूले राम्रो इस्यु पाए, यसलाई कुनै न कुनै रूपमा प्रयोग गर्नेछन्। पत्रपत्रिकामा केही समयसम्म यससम्बन्धी कुरा आइरहनेछन्। दोस्रो तर महत्त्वपूर्ण कुरा कार्यकर्तामा त्यो भाषणको गहिरो सन्देश गएको छ। त्यसबाट जिल्लाका धेरै पत्रकार पीडित हुने सम्भावना छ। यसलाई रोक्नुपर्छ, नत्र त्यसले ठूलो हानि गर्न सक्छ।

**तपाईं कति प्रतिशत कम्युनिस्ट ?**

एक प्रतिशत पनि होइन।

**किन ?**

किनभने कम्युनिस्ट हुनका लागि कुनै पनि कम्युनिस्ट पार्टीको सदस्य हुनुपर्छ, म छैन। आम्दानीमा लेबी तिर्नुपर्छ, म तिर्दिनँ। कुनै कुरा लेख्दा पार्टीको आदेश लिनुपर्छ, म लिन्नँ। कसैको अर्डर लिने र कसैलाई अर्डर दिने पदमा रहनुपर्छ, म छैन। पार्टीभित्रका गलत कुरा पनि चुपचाप शिरोधार्य गर्नुपर्छ। म त्यस्तो कुनै परिबन्दमा छैन, त्यसैले म कम्युनिस्ट होइन।

**तपाईंको लेख, विचार एवं व्यवहारले निश्चित कम्युनिस्ट दललाई सहयोग गर्छ, यसलाई के भन्ने ?**

पृष्ठ २० मा जारी
























# परिणाममुखी शैक्षिक कार्यक्रम ए लेभल

साप्ताहिक समाचार

'ए लेभल शिक्षाप्रति नेपाली विद्यार्थीको चासो उत्साहप्रद रूपले बढ्दै गएको छ' ए लेभल परीक्षामा विश्व तथा नेपाल टप गर्ने विद्यार्थीहरूको सम्मानमा आयोजित एक कार्यक्रममा क्याम्ब्रिज इन्टरनेसनल एक्जामिनेसन बोर्ड (सीआईई) का दक्षिण एसिया निर्देशक इयान च्याम्बरले भने, 'बर्सेनि ए लेभल अध्यापन गराउने शिक्षण संस्था एवं विद्यार्थीको चाप बढ्नुले पनि ए लेभल शिक्षा नेपालमा लोकप्रिय भैसकेको पुष्टि गर्छ।' सीआईईका रिजनल डाइरेक्टर भएकाले पनि ए लेभलको प्रबर्द्धनका लागि उनले त्यति भन्नु सामान्य हो। यद्यपि उनलाई सही मान्ने प्रशस्तै आधार पनि छन्। ए लेभल खासगरी सहरी क्षेत्रमा उत्कृष्ट अंक हासिल गरेर एसएलसी उत्तीर्ण हुने अधिकांश विद्यार्थीको पहिलो रोजाइमा पर्ने गरेको छ। त्यस्तै न्यून आय भएका जेहेन्दार विद्यार्थीलाई ए लेभल रोज्न यहाँका शिक्षण संस्थाले दिने छात्रवृत्तिले लोभ्याउने ट्रेन्ड विकसित भएको छ। यद्यपि यो महँगो शैक्षिक प्रणालीमा सबै नेपालीको पहुँच भने अझै असम्भव नै छ।

२००९ को जून र नोभेम्बर सेसनमा परीक्षा दिएका पाँच जना नेपाली विद्यार्थीले ए लेभलको अन्तर्राष्ट्रिय परीक्षामा विश्व उत्कृष्ट नतिजा हात पारेको सम्मान कार्यक्रममा जानकारी दिइएको थियो। रातो बंगला स्कुलका अदीति अग्रवाल र अश्विन जोशी, काठमाडौं एकेडेमीका विजय अधिकारी र इङरोज श्रेष्ठका साथै जेभियर इन्टरनेसनलका सुमन भण्डारीले ए लेभल परीक्षामा विभिन्न विषयमा विश्व उत्कृष्ट नतिजा ल्याएका हुन्। अदीतिले जनरल पेपरमा र अरूले गणितमा उक्त नतिजा निकालेका थिए। वर्ल्ड टप र नेपाल टप गर्ने विद्यार्थीहरूलाई सम्मानस्वरूप अन्तर्राष्ट्रिय प्रमाणपत्र दिने चलनले पनि विद्यार्थीलाई ए लेभलको बाटोमा जान उत्प्रेरित गरेको देखिन्छ।



विद्यार्थीको आकर्षण देखेर अथवा परिणाममुखी शिक्षा प्रणाली भएकैले हुनसक्छ, झन्डै तीन दर्जन कलेजले बेलायतस्थित क्याम्ब्रिज विश्वविद्यालय अन्तर्गतको यो पाठ्यक्रमको सम्बन्धन लिएर अध्यापन सुविधा मिलाएका छन्। कतिपय प्लस टु कलेजले यो कार्यक्रमलाई पनि सँगै लगेका छन्। यहाँका कलेजलाई यो पाठ्यक्रमको सम्बन्धन दिन, अनुगमन गर्न तथा परीक्षा प्रणाली सञ्चालनका लागि क्याम्ब्रिज विश्वविद्यालयले नेपालस्थित ब्रिटिस काउन्सिललाई अधिकार प्रत्यायोजन गरेको छ। प्लस टु समकक्ष शिक्षा प्रणालीका रूपमा ए लेभललाई लान यो पाठ्यक्रम अध्यापनको अनुमति एवं अनुगमनमा नेपाल सरकारको शिक्षा मन्त्रालयले पनि काम गर्दै आएको छ। मन्त्रालयको उच्च शिक्षा महाशाखाले यो शिक्षा प्रणालीलाई प्रत्यक्ष अनुगमन गर्छ।

काठमाडौं, पोखरा र विराटनगरका २८ वटा कलेजले क्याम्ब्रिज विश्वविद्यालयको सम्बन्धन तथा नेपाल सरकारको अनुमति लिएर ए लेभल कक्षा सञ्चालन गरिरहेका छन्। यो संख्या बढ्दो क्रममा छ। जेभियर इन्टरनेसनलका प्रमुख लोकबहादुर भण्डारीका अनुसार नेपालमा करिब दुई दशक लामो इतिहास बनाएको ए लेभल शिक्षाले पछिल्लो समय मध्यमवर्गीय विद्यार्थीको 'स्वदेशमै अन्तर्राष्ट्रिय कोर्स गर्ने' चाहना पूरा गरिरहेको छ। ए लेभललाई नेपालमा प्लस टु सरहको मान्यता दिइएको छ। त्यसैले एसएलसीपछि उच्च वर्गका विद्यार्थीहरू ए लेभलमा भर्ना हुने गरेका छन्।

ए लेभल लहड मात्र नभएर व्यावहारिक एवं सिर्जनात्मक शिक्षाप्रतिको मोह भएको बताउँछन् विद्यार्थीहरू। विश्वका विद्यार्थीमाझ बौद्धिक प्रतिस्पर्धा गर्न पाउनु ए लेभलका विद्यार्थीका लागि चुनौती र अवसर दुवै हो। यो शिक्षा विश्वका १ सय ८० देशमा पढाइ हुन्छ। ती सम्पूर्ण विद्यार्थीको प्रश्नपत्र एउटै हुनुका साथै परीक्षा पनि एकै समयमा हुन्छ। ए लेभलको अध्ययनपछि वैदेशिक शिक्षाको बाटो सहज हुने भएकाले पनि कतिपय विद्यार्थी यतातिर तानिएका छन्। 'एरोस्पेस इन्जिनियरिङ गर्न विदेश जाने सोच बनाएको थिएँ,' जेभियर इन्टरनेसनलमा अध्ययनरत सुमन भण्डारीले भने- 'त्यसैले ए लेभल पढ्ने निधो गरें।' उनले गणितमा विश्व उत्कृष्ट नतिजा ल्याएका छन्। 'अब विश्वको कुनै पनि कलेजमा अध्ययन गर्ने बाटो खुलेको छ', भण्डारीले गर्वका साथ बताए। ए लेभल अध्ययन गर्नेहरूमध्ये ६० प्रतिशतभन्दा बढी विद्यार्थी पूर्ण र आंशिक छात्रवृत्ति वा आफ्नै खर्चमा उच्च शिक्षाका लागि बिदेसिने गरेका छन्।

घोकन्ते एवं सैद्धान्तिक शिक्षामा आधारित हाम्रो पाठ्यक्रमको तुलनामा बढी व्यावहारिक एवं मौलिक हुने भएकाले पनि ए लेभल शिक्षाले जरा गाड्दै गएको किङ्स कलेजका अध्यक्ष राजेश आचार्य बताउँछन्। आचार्यका अनुसार आफूले चाहे छुट्टाछुट्टै विषयको परीक्षा दिन र नतिजा चित्त नबुझे पुन

पृष्ठ ७ मा जारी

## विषय छनौट गर्दा ध्यान दिनुपर्ने कुरा

क्याम्ब्रिज विश्वविद्यालयअन्तर्गत करिब ७० वटा विषय अध्यापन हुन्छ। विश्वभरिका विभिन्न भाषा, धर्म र मान्यतालाई आधार मानेर ती विषय तयार पारिएको देखिन्छ। ए लेभल पार गर्न विद्यार्थीले कुनै चार विषय उत्तीर्ण गरे पुग्छ, तर क्याम्ब्रिजले थुप्रै विषय छनौट गर्ने अवसर विद्यार्थीलाइ दिएको छ। यसमा विद्यार्थीहरू अन्यौलमा पर्नु स्वाभाविक हो।

विषय छनौट गर्ने आधार धेरै छन्। यसमा विद्यार्थीले आफ्नो उद्देश्य किटान गरी ए लेभलपश्चात् कुन विश्वविद्यालयमा जाने हो र उक्त विद्यालयको माग कस्तो छ, त्यसैअनुरुप विषय छनौट गर्नुपर्छ। राम्रो नतिजा ल्याएर ए लेभल उत्तीर्ण हुँदैमा विश्वका सबै विश्वविद्यालयमा स्थान पाइन्छ भन्ने छैन। ए लेभल पढ्दा विद्यार्थीले कुन विषय छनौट गरेको छ भन्ने कुराले पनि अहम् भूमिका खेल्छ। कुनै कुनै विश्वविद्यालयले विज्ञान र वाणिज्य संकायमा भर्ना लिँदा म्याथम्याटिक्स पढेकालाई प्राथमिकता दिएको पाइन्छ। बीबीसी विश्वसेवाको एक रिपोर्टअनुसार म्याथम्याटिक्स, फिजिक्स, केमिस्ट्री, इकोनोमिक्स, सोसियोलोजीजस्ता विषयलाई पहिलो दर्जामा राखिएको छ भने एकाउन्टेन्सि, बिजनेस स्टडिज, साइकोलोजी, इन्भारोमेन्टल स्टडिजजस्ता विषयलाई दोस्रो दर्जामा राखिएको छ।

**प्राध्यापकहरूले कसरी तयारी गर्छन् ?**

ए लेभल पाठ्यक्रम आवश्यकताअनुसार हरेक वर्ष अप टु डेट भैरहन्छ। त्यसैले प्राध्यापकहरूले अध्ययनशील रहनु आवश्यक छ। यसका लागि क्याम्ब्रिज युनिभर्सिटीले 'टिचर सपोर्ट साइट' को व्यवस्था गरेको छ। प्रत्येक कलेजले उक्त वेबसाइटको शुल्क तिरेर कलेजमा उपलब्ध गराएका हुन्छन्। यसको अध्ययनबाट प्राध्यापकहरूले विषयवस्तुको तयारी, शिक्षण पद्धति एवं परीक्षा प्रणाली आदिका बारेमा जानकारी प्राप्त गर्छन्। प्राध्यापकहरूले इन्टरनेटको सहयोगले विश्वभरका ए लेभलका प्राध्यापकहरूसँग सम्पर्क र अन्तर्क्रिया गरी आफ्नो तयारी गर्छन्। यसका अतिरिक्त हरेक वर्ष क्याम्ब्रिज विश्वविद्यालय एवं ब्रिटिस काउन्सिलले विषयगत तालिमहरूको आयोजना गर्छ, साथै सीडी र पुराना प्रश्नपत्रहरू पनि उपलब्ध गराउँछ। यी सबै सुविधा उपयोग गरी प्राध्यापकहरूले आफ्नो तयारी गर्छन्।


होटल तालिम
Cook / Bakery
Waiter / ess / Bar Tender
Front office/House keeping
Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
Manpower Training Center Pvt. Ltd.
PACIFIC Jamal, Kathmandu 4232196

खुल्यो ! खुल्यो !! खुल्यो !!!
नि:शुल्क ब्युटिसियन ट्रेनिङ्ग सेन्टर खुल्यो ल्ज्ड को सहयोगमानेपाल सरकारबाट मान्यताप्राप्त विदेशबाट तालिम लिका वरिष्ट ब्यूटिसियनद्वारा अत्याधुनिक मेसिनहरुबाट छोटो समयमा कोर्षहरु ग्यारेन्टीका साथ Basic, diploma, Advance, Teaching/ Special Beautician Course मा सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
कोरियन लोसनद्वारा ग्यारेन्टीकासाथ हेयर स्ट्रेट गरिन्छ।
तुः सम्पर्क गर्नुहोला
New ITC ट्रेनिङ्ग सेन्टर
गोगंबु, गणेशथान रोड, काठमाडौं
फोन: ०१-२०२३६१८, ९८४१३३०८५०, ९८४१०४५९१९

स्टाफ नर्स
प्रवेश तयारी कक्षा
जन स्वास्थ्य विकास केन्द्र
कोटेश्वर, काठमाडौं
(प्रहरी चौकी देखि करिब १०० मि. भित्र)
फोन: ०१६२१८९३४, ९८५१०६८३५४
E-mail: phdc_org@yahoo.com

Private रेगुलर Test/SLC
टेष्ट ग्यारेन्टी पास
कक्षा समय बिहान दिउँसो
◆ ९, १० र SLC फेल भई निराश भएकाहल्लाई सजिलै SLC पास गर्ने मौका
◆ ६ महिनामै कक्षा ८ पास, ९ नपढी सोझै SLC दिन पाउने
◆ SLC मार्कसिटमा प्राइभेट नभई रेगुलर भएर आउने
माध्यम अंग्रेजी नेपाली
श्री शिवपुरी नमुना मा.वि. सामाखुशी, कपुरधारा
(चिल्ड्रेन पार्कको ठीक अगाडी) Ph. 014362125

बेदाग गोरो बनाउने आयुर्वेदिक
सुहार रूपअमृत Rs. 1650/- मात्र
Anti Pimple (Rose Sunscream Free)
*मुहारको दाग धब्बा पोतो हटाउने Dr. Japan - Rs.350/-
*मुहारको चाउरीपन हटाउने Cream - Rs.1250/-
*स्तन घटाउने तथा बढाउने Cream - Rs.1650/-
*शरिरको Weight घटाउने Dr. Slim Tea - Rs.1250/-
शरीरको तौल + उचाई बढाउने
जोड-रक्तसीको कुलत बाट छुटाउने
No side effect 100% Garantee
सफल आयुर्वेदिक प्राकृतिक उपचार
केश झर्न तुरुन्तै रोकी उमार्ने तेल Harbal 44 Rs. 750/-
आस्था हेल्थ केयर
काठमाडौं, मासाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409 इटहरी

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd महाराजगञ्ज वसुन्धरा पुल Ktm
Ph:- 4363215, 9721315801

जि.शि.का. तथा EIA नेपालबाट मान्यताप्राप्त
प्राईभेट टेष्ट/SLC 2067
को लागि कक्षा १० मा नयाँ भर्ना खुल्यो
भर्खरै कक्षा ९, १० वा टेष्ट SLC फेल भएका, कक्षा ८ वा ९ उतीर्ण गरी विविध कारणले विद्यालय जान नसक्ेका विद्यार्थीहरुका लागि धमाधम भर्ना लिइदैछ।
◆ ६/६ महिनामै +2 र SLC
◆ Math/Science र Test नदिइकन SLC (NIOS)
◆ ५ विषय मात्र पढे पुग्ने
◆ TU/KU/HSEB साथै विश्वभरी मान्यता प्राप्त
चावहिल | कालीमाटी
Bright Future Ph: 4463073, 9851002804 | Merit Academy 4285664, 9841372440

प्राईभेट TEST/ SLC
☛ भर्खरै ९ तथा Test फेल भएका
☛ कक्षा ८,९ र १० पास गरी पढाई रोकिएका
☛ बिविध कारणले बिद्यालय जान नससकेका बिद्यार्थीहरुका लागि अध्ययन गर्ने अवसर
कक्षा १० मा भर्ना खुल्यो !
समय:- बिहान/दिउँसो
माध्यम:-नेपाली/अंग्रेजी
कक्षा सञ्चालन: २०६७ बैशाख १५
D.E.O.- काठमाण्डौं र EIA नेपाल बाट स्वीकृती प्राप्त
बिस्तृत जानकारीको लागि
कोसेट ओपन स्कुल
२१६०७३६, ९८४१२६४५१४
लाजिम्पाट, (प्रहरी बिट सँगै)

'विगत वर्षहरूमा उत्कृष्ट नतिजा ल्याउन सफल।'
प्राईभेट TEST/ SLC-2067
नयाँ भर्ना खुल्यो !
कक्षा ८ पास तथा ९, १० र Test/ SLC मा फेल भई, विविध कारणले पढाई रोकिएकाहरुले सिधै कक्षा १० मात्र पढेर सजिलै SLC पास गर्ने सुवर्ण अवसर !
६ महिनामै +2
कक्षा ११ पढ्नु नपर्ने, कक्षा १२ को मात्र परीक्षा दिए पुग्ने, (NIOS Board)
Medium: Nepali & English
Shift: Morning/ Day/ Evening
➢ Science/Management/Arts Faculty भएको।
➢ +2/ A Level फेल भए पनि परीक्षा दिन पाईने।
➢ TU/ KU तथा विश्व भरी मान्यता भएको।
➢ जागिरे तथा गृहणिले घरैमा पढेर परीक्षा दिन पाईने।
NIOS Board SLC को लागि: Math , Science पढ्नु नपर्ने, कुनै ५ विषय मात्र पढे पुग्ने, Test नदिई सिधै SLC Exam मात्र दिएर सजिलै ६ महिना मै SLC पास गर्न सकिने। (कक्षा ८ को मार्कसिट नभए पनि हुने)
हाम्रा विषेशताहरू: दक्ष तथा अनुभवी शिक्षक/ शिक्षिकाद्धारा अध्यापन गराईने। कमजोर विद्यार्थीहरूको लागि विशेष छुट्टै कक्षाको ब्यवस्था। गरिव, जेहेनदार, दलित र पिछडिएका वर्गलाई विशेष छात्रवृद्धि। होस्टेलको राम्रो ब्यवस्था भएको।
— नेपाल सरकार शिक्षा कार्यालय वाट मान्यता प्राप्त —
जेन्युईन एकेडेमी
☎4462184 चावहिल चोक
(बौद्ध तर्फ ३० मि. अगाडि, दायाँ)
Opp. to SONY Show Room
☎071-229408 बुटवल
(अस्पताल लाईन - ८)
पिस भिजन ओपन स्कूल
☎4389300
01-6913286
सोह्रखुट्टे (ओरालो मोड)

# परिणाममुखी शैक्षिक कार्यक्रम ए लेभल

पृष्ठ ६ बाट जारी

परीक्षा दिन पाइनु, समयसापेक्ष परिवर्तन हुने पाठ्यक्रम, ७० भन्दा बढी विषय, अध्ययन-अनसन्धानमा जोड दिइने र वैदेशिक शिक्षाको अवसर ए लेभलका आकर्षक पक्ष हुन्। ए लेभलका लागि कलेजहरूले मासिक ५ हजारदेखि २० हजारसम्म शुल्क लिने गरेका छन्। त्यस्तै भर्नाबापत ५८ हजारदेखि ९६ हजार रुपैयाँसम्म लिइन्छ। यसबाहेक परीक्षा शुल्क ३५ हजारभन्दा बढि लाग्छ। 'पाठ्यसामग्री र परीक्षाका लागि लाग्ने शुल्क महँगो भएकाले ए लेभलमा सबै विद्यार्थीको पहुँच पुग्दैन', बूढानीलकण्ठका नारायणप्रसाद शर्मा भन्छन्। ए-लेभल शिक्षाका सकारात्मक मात्र होईन् नकारात्मक पक्ष पनि उत्तिकै छन्। चाहेर पनि कम आय भएका विद्यार्थीले ए लेभल अध्ययन गर्न सक्दैनन्। पाठ्यसामग्री सहजै उपलब्ध हुँदैनन्, भए पनि निकै महँगा छन्। ए लेभलको पाठ्यक्रममा राम्रो नतिजा ल्याउने ध्याउन्नमा विद्यार्थीहरू वर्षौंसम्म अल्भिmइरहेका उदाहरण पनि त्यतिकै छन्। 'एउटा विद्यार्थी ५ वर्षसम्म एउटा विषयको परीक्षामा अनुत्तिर्ण भएको पनि देखेको छु' एक शिक्षक भन्छन्- 'त्यसैले ए लेभल आफ्ना लागि उचित वा अनुचित के छ, राम्रो परामर्श लिएर मात्र अध्ययनको बाटोमा जानुपर्छ।' त्यस्तै विदेशिने होडमा अन्तराष्ट्रिय स्तरको पाठ्यक्रम भनेर स्वदेशकै सस्तो लोकप्रिय प्लस टु कार्यक्रम अध्ययन नगर्ने ट्रेण्ड विकास हुनु अर्को नकारात्मक पक्ष हो।

## के हो ए लेभल ?

ए लेभल बेलायतको विश्वप्रसिद्ध क्याम्ब्रिज विश्वविद्यालयको जनरल सर्टिफिकेट अफ एजुकेसन (जिसिई) कार्यक्रमअन्तर्गत सञ्चालन हुने एक शैक्षिक कार्यक्रम हो जिसिईले विश्वमै उच्चस्तरको परीक्षा सञ्चालन गर्ने प्रतिष्ठा आर्जन गरेको छ। विश्वका प्रायःजसो ख्यातिप्राप्त विश्वविद्यालयमा प्रवेश पाउन ए लेभललाई गेट पासका रूपमा लिइन्छ।

## कार्यक्रम

दुई वर्षको निर्देशित अध्ययनमा पूरा गर्न सकिने यो कार्यक्रम करिब ७० वटा विषयमध्येबाट छनौट गरी पढाइन्छ। ट्रिनिटी इन्टरनेसनल कलेजका प्रमुख उमेश थापाका अनुसार पाठ्यक्रम, शिक्षण प्रणाली, परीक्षा प्रणाली आदि सबै पक्ष क्याम्ब्रिज विश्वविद्यालयले निर्धारण गरेअनुसार नै हुन्छ। कुनै चारवटा विषयमा परीक्षा उत्तीर्ण गरेपछि ए लेभल पूरा गरेको मानिन्छ, तर विद्यार्थीले चाहे थप विषयमा परीक्षा दिन सक्छन्। कक्षा क्रियाकलापहरू मूलतः सेमिनार, छलफल, प्रयोगशाला विधि, समस्या समाधान, समूह क्रियाकलाप, प्रोजेक्ट कार्य, खोजबिन, प्रस्तुतीकरण, समसामयिक अध्ययन आदिमा आधारित हुन्छ। सैद्धान्तिकभन्दा व्यावहारिक र समस्या समाधान केन्द्रित शिक्षणमा विद्यार्थीहरूले इन्टरनेटमार्फत विश्वव्यापी सम्पर्क स्थापित गरी विषयगत अध्ययनको गहिराइमा पुग्नु आवश्यक हुन्छ। ए लेभलको पाठ्यक्रमलाई प्रत्येक वर्ष अध्यावधिक गरिन्छ।

## पाठ्यसामग्री

नेपालका ए लेभल कलेजहरूले जनरल पेपरअन्तर्गत इङ्लिस ल्याङ्वेज अनिवार्य विषयका रूपमा र अन्य तीन विषय कूनै समूहबाट लिने व्यवस्था छ, तर विषय छनौटमा एउटै समूहबाट नलिन पनि पाइन्छ। विद्यार्थीको रुचि र चाहना भएअनुसार थप एक विषय लिन पाउने व्यवस्था पनि छ। विषय छनौटमा विद्यार्थीले कुनै एक समूहमा सीमित हुनुपर्ने बाध्यता छैन। पहिलो वर्ष एड्भान्स सब्सिडियरी (एएस) मा आधा कोर्स र दोस्रो वर्ष एड्भान्स लेभल (ए लेभल) मा बाँकी आधा कोर्सको अध्यापन हुन्छ।

## परीक्षा एवम् मूल्यात्कन विधि

ए लेभल परीक्षा पद्धति ज्यादै लचिलो, व्यावहारिक एवं विश्वसनीय छ। विद्यार्थीले तयारी गर्न सकेको खण्डमा छ महिनापछि नै सबै विषयको परीक्षा दिन सक्छन्। वर्षमा दुई पटक (जून र नोभेम्बर) विश्वभर एकसाथ सञ्चालन हुने परीक्षामा विद्यार्थीहरू सहभागी हुन सक्छन्।

विषयगत ग्रेडिङका आधारमा ए, बी, सी, डी, ई र यू ग्रेडमा नतिजा प्रकाशन हुन्छ। यसमा लिखितका अतिरिक्त मौखिक, प्रयोगात्मक, प्रोजेक्ट वर्कजस्ता मूल्यांकन विधिहरू प्रयोग गरिन्छ। कुनै खास विषयमा राम्रो गर्ने विद्यार्थी नेपाल टप वा वर्ल्ड टपसमेत बन्न सक्छ। प्रत्येक विषयमा प्रत्येक सेसनमा नेपाल टप र वर्ल्ड टप गर्ने विद्यार्थीलाई क्याम्ब्रिजले विशेष समारोह गरी सम्मान एवं प्रमाणपत्र प्रदान गर्छ र राम्रो ग्रेडमा उत्तीर्ण गर्ने विद्यार्थीहरूले विश्वका राम्रा विश्वविद्यालयहरूमा छात्रवृत्तिमा अध्ययन गर्ने अवसरसमेत पाउँछन्। विदेशका प्रायः विश्वविद्यालयले जनरल पेपरमा (अंग्रेजी) राम्रो नतिजा ल्याएको खण्डमा त्यसलाई टोफल, आईईएलटीएससरह मान्यता दिन्छन्। नेपालमा यसको परीक्षा ब्रिटिस काउन्सिलले सञ्चालन गर्छ।

## ए लेभलसम्बन्धी केही तथ्य

- ए लेभल पाठ्यक्रम, संरचना र सञ्चालन कुनै एक देशको विशेषता र स्वरूपमा आधारित नभै विश्वभरका युवा एवं कलेजहरूको आवश्यकतालाई ध्यानमा राखी निर्माण गरिएको हो। यसले कुनै भाषा, राजनीति एवं संस्कृति विशेषप्रति कुनै पूर्वाग्रह राख्दैन।
- यसको मूल्याङ्कन पद्धतिले गुणस्तरविरुद्ध कुनै सम्झौता गर्दैन। विश्वसनीयता, एकरूपता, व्यावहारिकता एवं समय सान्दर्भिकता यसका मूल आधार हुन्। यो शिक्षाप्रणाली भोलिको विश्व आवश्यकताअनुसार अध्ययन र रोजगारीका लागि सक्षम जनशक्ति निर्माण गर्ने मिसनअनुरूप सञ्चालित छ।
- यसले साइन्स, म्याथ, इन्फर्मेसन टेक्नोलोजी, बिजनेस स्टडिजजस्ता प्राविधिक विषय-हरूदेखि व्यवसाय मूलकसम्मका ७० विषयमध्येबाट छनौट गर्ने अवसर दिएको छ।
- यसको विषय छनौट तथा परीक्षा प्रणाली विद्यार्थीको आवश्यकताअनुसार अत्यन्त लचिलो छ। विद्यार्थीले वर्षमा दुई पटक (जून र नोभेम्बर) मा सञ्चालन हुने परीक्षामा आफ्नो तयारीअनुसार छ, महिना, एक वर्ष वा दुई वर्ष कुनै समयमा परीक्षा दिन सक्छन्। एकपटकमा आफ्नो तयारीअनुरूप जति विषयको पनि परीक्षा दिन सकिन्छ।
- परीक्षाको नतिजा विषयगत रूपमा २ महिनाभित्र प्रकाशित गरिन्छ।
- अधिकतम पाठ्यसामग्री इन्टरनेटमार्फत अध्ययन गर्न सकिन्छ भने विश्वभरका प्राध्यापक एवं विश्वविद्यालयहरूसँग सामग्री आदानप्रदान एवं छलफल गर्न सकिन्छ।
- विश्वका १ सय ८० देशका झन्डै ६ हजार स्कुल-कलेजमा ए लेभल सञ्चालन भैरहेको छ भने प्रतिवर्ष ९० हजारभन्दा बढी इन्ट्री हुने क्रम जारी छ।
- ए लेभलमा प्रतिवर्ष झन्डै ६० लाख प्रश्नपत्र उत्पादन गरिन्छ।
- ए लेभलमा प्रतिवर्ष करिब ६ हजार ५ सय शिक्षकलाई १६ हजार कार्यदिनको शिक्षण सीपसम्बन्धी तालिम सञ्चालन गरिन्छ।
- जनरल सर्टिफिकेट अफ एजुकेसन (जिसिई) का परीक्षा अधिकृत आफै परीक्षाका सर्टिफिकेट परिक्षा लिइएको ठाउँसम्म पुऱ्याउने काम गर्छन्।

**–नारायण बराल, ओरियन्ट कलेज**

Language & Computer
English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method..)
Japanese/ Korean/German/Chinese
French/ Spanish/ Italian.. classes
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Computer: Basic/Advanced/Accnt./Graphic..

Special Discount for SLC appeared Students!
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Face to Face Language Videos Price: Rs. 160/-
Easy Way
Prem Swoveet's best language books with Audio /Video DVDs for elementary/ Intermediate & Advanced levels are coming soon!
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other so called OLC don't belong to us!)

JOIN THE BRITISH ARMY & SINGAPORE POLICE
We heartily congratulate the following candidates and all his family who have been selected in the British Army & Singapore Police for intake 2010

Ashok Gurung, Dev Gurung, Milan Shrestha, Nabin Pun, Nirmal Gurung, Pasan D. Sherpa, Rakesh Lama, Roshan Khatri, Raja Chand, Suman Rana, Sanjiv Rai
Now ? Your ? Turn ? Hurry Up !
We announce new admission for intake 2011 (Physical & Education)
For Details:
BRITISH GURKHA RECRUITMENT INSTITUTE & TRAINING CENTRE
Contact: 01- 4008568, 01-6214244
Chabahil, Dhobikhola
(Near by Dhumbarahi Swimming Pool)
Oppisite Om Hospital

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook ✧Waiter ✧Bartender ✧Housekeeping ✧Front Office ✧Coffee Making ✧Bakery ✧Caregiver ✧Hotel Mgmt. ✧F&B Mgmt.
✧Airfare & Ticketing (Fare Calculation) ✧Abacus, Amadeus, Galileo, e-ticketing ✧Travel Operation ✧Tour & Travel Mgmt.
✧3/4/5 Star होटलहरूमा तालिम दिइने
✧Abroad Study- UK, USA र Australia
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

जिल्ला शिक्षा कार्यालयबाट मान्यता प्राप्त
प्राइभेट
TEST / S.L.C.
■ 8, 9 तथा Test पास गरी पढाई छाडेका
■ 9 तथा Test फेल भएका सबैलाई समेटने गरी
10 कक्षामा
अन्तीम भर्ना !!!

विस्तृत जानकारीका लागी
सिभिल नेशनल एकेडेमी
नयाँ बानेश्वर चोकमै, ४७८०२२८, ९८४१३८१४१६

उद्घोषण
विद्यार्थीलाई विशेष छुट
RJ VJ MC
★व्यक्तित्व तथा नेतृत्व विकास
★मञ्चीय उद्घोषण
★रेडियो तथा टिभी उद्घोषण
★पत्रकारिता
★प्राविधिक ज्ञानका साथमा
प्रशस्त अवसर !!!
Janas Media
Koteshwor, 01-2141246, 9841457750, 9849267194

JOIN THE BRITISH ARMY & SINGAPORE POLICE

Admission Open
For Intake 2010 /2011
Both Physical & Educational
Sponsor By:
Bikas Gurung (UK)
Sudip Rai (Singapore)
British Gurkha Fitness & Education Training Centre
Chabahil Shifal, Tel: 01-2081532, Mobile: 9741103508, 9804254890
यस ट्रेनिङ सेन्टर चाबहिल चुच्चेपाटीबाट चाबहिल सिफल चौरी अगाडि सारिएको सम्बन्धित सबैमा जानकारी गराईन्छ।

# चट्याङको प्रकोप र सावधानी

कुलचन्द्र अर्याल

सरकारी तथ्यांकअनुसार नेपालमा चट्याङबाट बर्सेनि सालाखाला ३० जनाको ज्यान जान्छ । आकस्मिक र भयंकर प्राकृतिक प्रकोपका रूपमा लिइने चट्याङबाट विश्वमा प्रतिवर्ष १ हजारभन्दा बढीको ज्यान जाने गरेको तथ्यांकले पनि यसको भयावहता पुष्टि गर्छ । तथ्यांकअनुसार विश्वमा प्रत्येक दिन ४५ हजार पटक साना-ठूला चट्याङ पर्ने गरेको छ ।



### चट्याङ के हो ?

चट्याङ भनेको एक प्रकारको विद्युतीय चार्ज हो । वास्तवमा वायुमण्डलको सबैभन्दा तल्लो तह ट्रोपोस्फेयरमा धनात्मक र ऋणात्मक चार्ज भएका बादलहरूबीचको घर्षण तथा तिनीहरूबीचको विकर्षण र खण्डीकरणका कारण ठूलो शक्ति उत्पन्न हुन्छ । जसबाट ताप, प्रकाश र ध्वनि वा गर्जन एकैसाथ निस्कन्छ । त्यसलाई हामी बिजुली चम्किएको, गर्जिएको वा चट्याङ परेको भनेर बुझ्छौं । यसरी विपरीत चार्जभएका बादलहरूबीचको प्रतिक्रिया वा घर्षणबाट हजारौं डिग्री सेल्सियससम्म ताप उत्पन्न हुन्छ । सामान्य चट्याङको विद्युत् शक्तिसमेत एक अर्ब भोल्टसम्मको हुन्छ । बिजुली चम्कँदा उत्पन्न हुने तापिय शक्ति सूर्यको सतहको तापक्रम भन्दा पाँच गुणा बढी हुन्छ । त्यो ठूलो तापीय र विद्युत् शक्तिको केही हिस्सा पृथ्वीसम्म आइपुग्यो भने पनि त्यसले ठूलो क्षति पुर्‍याउँछ । क्युमुलोनिम्बस नामको जलवाष्पयुक्त बादल नै चट्याङको मुख्य कारण हो । यसमा प्रसस्त मात्रामा विपरीत विद्युतीय ध्रुवको निर्माणमा भने हावाहुरी, सौर्य विकिरण, जलचक्रको प्रक्रिया, आद्रताजस्ता प्रक्रियाले सहयोग पुर्‍याउँछन् । वाष्पीकरणका कारण जब ऊष्ण र आद्र हावा जोडसाथ माथि जान्छ र सेलाउँदै क्युमुलोनिम्बस बादल बन्छ ।

चट्याङ बादलबाट निस्कने ऊर्जाको उपज हो । यो वायुमण्डलमा देखिने बिजुलीको धार हो । चट्याङका बेला फलाम, मुसल वा त्यस्तै कुनै पदार्थ आकाशबाट झर्छ भन्ने परम्परागत सोचाइ हाम्रो गाउँघरमा छ, तर त्यस्तो धारणा सत्य होइन । चट्याङ पर्दा कुनै पदार्थ पृथ्वीमा खस्ने नभई ठूलो परिमाणको विद्युत् र तापशक्ति पृथ्वीमा आउँछ जसले सामुन्नेको जुनसुकै चिजलाई पनि नष्ट गर्न सक्छ । सामान्यतया हावाहुरी, घना वर्षा वा हिमपातसँगै चट्याङ पर्छ, तर पनि कहिलेकाही वर्षापूर्व वा वर्षा नभै पनि चट्याङ पर्छ ।

### चट्याङको असर

क्युमुलोनिम्बस बादलमा हुने थन्डरस्ट्रोम प्रक्रियाको उपज हो- चट्याङ । चट्याङसँगै पृथ्वीको सतहमा रहेका भौतिक तथा जैविक वस्तुहरूमा क्षति पुग्ने त छँदैछ, थन्डर स्ट्रोम प्रक्रियाका अरू धेरै असर पनि छन् । ठूलो आवाजको गड्याङगुडुङ सुन्दा पनि निकै डरलाग्दो हुन्छ भने जति धेरै आकाश गर्ज्यो उति धेरै वर्षा भएको पनि सबैले अनुभव गरेको कुरा हो । क्युमुलोनिम्बस बादलमा हुने थन्डरस्ट्रोम प्रक्रियाले ठूलो हावाहुरी, आँधीबेहेरी, असिनापात तथा टोर्नाडो, साइक्लोनजस्ता विनाशकारी आँधीसमेत ल्याउाछ । भूमध्यरेखीय क्षेत्रहरू तथा समुद्रको नजिक पर्ने क्षेत्रहरूमा चट्याङसँगै यस्ता प्राकृतिक विपत्तिहरू आउाछन् । त्यस्तै निकै ठूलो वर्षा (क्लाउड ब्रस्ट) का कारण बाढी, पहिरोजस्ता विपद पनि यही वायुमण्डलीय ऊर्जाका परिणति हुन् ।

### चट्याङका फाइदा

आकाश गर्जने, बिजुली चम्किने वा चट्याङ पर्ने प्रक्रिया हानिकारक मात्र होइन फाइदाजनक पनि हुन्छ । पर्यावरणीय सन्तुलनका लागि चट्याङ पर्ने बेलामा उत्पन्न हुने तापीय ऊर्जा निकै महत्वपूर्ण हुन्छ । आकाशमा विपरीत चार्ज भएका बादलहरूबीचको घर्षणले जुन ऊर्जा उत्पन्न गर्छ त्यसले गराउने रासायनिक प्रतिक्रियाबाट उत्पन्न हुने पदार्थ वनस्पतिहरूका लागि फाइदाजनक हुन्छ ।

वायुमण्डलमा ग्याँसका रूपमा रहेको ठूलो परिमाणको नाइट्रोजनलाई वनस्पतिले ग्रहण गर्न सक्ने खालको नाइट्रेटका रूपमा बदल्ने काम त्यही तापीय ऊर्जाले गर्छ । बिजुली चम्कँदा उत्पन्न भएको अत्यधिक तापक्रममा नाइट्रोजन ग्यास अक्सिजन ग्याससँग मिलेर नाइट्रेट बन्छ जुन पदार्थ वर्षासँगै पृथ्वीमा आउँछ र माटोमा मिल्छ, जसलाई बिरुवाले मलका रूपमा लिन्छन् । त्यसकारण पनि गड्याङ-गुडुङसहित परेको पानी मलिलो हुन्छ । गड्याङगुडुङसहित परेको पानी पोषण तत्त्वयुक्त बोकेको हुन्छ, त्यसैले बालीनाली वा बोटबिरुवाका लागि यो निकै फाइदाजनक हुन्छ । त्यसकारण हाम्रा भौतिक संरचना वा जनधनको विनाश गर्ने चट्याङ हानिकारक भए पनि जुन प्रक्रियाद्वारा चट्याङ पर्छ त्यो बोटबिरुवा, बालीनाली वा अन्ततः हाम्रै लागि पनि फाइदाजनक र आवश्यक छ ।

## चट्याङबाट कसरी बच्ने ?

थन्डरस्ट्रोम प्रक्रियाद्वारा बिजुली चम्किने, चट्याङ पर्ने, गर्जन हुने, वर्षा, हुरी वा आँधीबेहेरी आउनेजस्ता प्रकोपहरू सिर्जना हुन्छन् । चट्याङ सबैभन्दा बढी भयानक प्रकोप मानिन्छ । चट्याङ पर्दा पृथ्वीमा आउने ताप र विद्युत् ऊर्जा निकै छोटो समयसम्म मात्र रहन्छ, तर पनि ठूलो परिमाणको ऊर्जा हुने भएकाले यो प्रलयकारी हुन्छ । चट्याङबाट मानिस एवं जीवजन्तुको मृत्यु हुनुका साथै हरिया रूखहरू मर्न सक्छन् । भौतिक संरचनाहरूमा चट्याङ परे आगलागी हुन सक्छ । विद्युत्, टेलिफोन आदि पोल तथा स्टेसनसमेत चट्याङको बढी जोखिममा हुन्छन् । चट्याङबाट बच्न :

- पानी परेको वा गर्जिएको बेला घरबाहिर ननिस्किने ।
- ठूला रूख, बिजुलीका तार, पोल तथा ट्रान्समिटरको तल नबस्ने ।
- बिजुलीको राम्रोसँग अर्थिङ गर्ने ।
- भवन तथा अरू अग्ला संरचनामा चट्याङ पर्न नदिन त्यस्ता संरचनाको सबैभन्दा माथिल्लो भागमा धातुजन्य एन्टेना राखी त्यसमा तार जोडेर जमिनमा लगेर गाड्नुपर्छ, जसका कारण उक्त क्षेत्रमा चट्याङको बेला विद्युतिय चार्ज आए तार हुँदै पृथ्वीसम्म पुग्छ र क्षति हुन पाउँदैन ।

चट्याङ प्राकृतिक प्रक्रिया हो । यसलाई रोक्न सकिदैन, तर सावधानी अपनाउने हो भने यसले पुर्‍याउने क्षति केही मात्रामा रोक्न सकिन्छ । चट्याङ पर्दा वा आकाश गर्जंदा डराउने, आत्तिने काम नगरी केही विपत्ति आइहाले कसरी जोगिने भन्ने विषयमा पूर्वतयारी गर्नुपर्छ । बिजुली चम्कँदा वा आकाश गर्जंदा कुनै पनि बेला चट्याङ पर्नसक्छ भनेर सचेत हुनुपर्छ ।

यद्यपि चट्याङ मात्र होइन, सबै प्रकारका प्राकृतिक प्रकोपका दृष्टिले नेपाल विश्वमै निकै जोखिम पूर्ण मुलुकमध्ये पर्छ । भौगोलिक रूपमा जटिल तथा कमजोर भूबनौट एवं भौगर्भिक रूपमा पनि तिब्बती र भारतीय थालीको बीचमा पर्ने भएकाले नेपाल विभिन्न दैवीप्रकोपको चपेटामा परिरहन्छ । विश्व बैंकको तथ्यांकलाई आधार मान्ने हो भने पनि नेपाल जलवायु परिवर्तनजन्य प्रकोपको दृष्टिले विश्वकै छैटौं जोखिमपूर्ण मुलुकमा पर्छ । त्यस्तै नेपाल वर्षाजन्य प्रकोपको दृष्टिले ३० औं तथा भूकम्पीय जोखिमका दृष्टिले ११ औं स्थानमा पर्छ । नेपालका ९० प्रतिशत मानिस कुनै न कुनै प्राकृतिक प्रकोपको जोखिममा बाँच्न बाध्य छन्, जसले बर्सेनि कम्तीमा दुईवटा प्राकृतिक प्रकोपको सामना गर्नुपरिरहेको छ । त्यसकारण पनि हामीले सबै प्रकारका प्राकृतिक प्रकोपको क्षति न्यूनीकरण तथा विपद व्यवस्थापनमा पूर्वतयारी गर्नैपर्छ ।


Wanted
बहुराष्ट्रिय Public Company लाई कर्मचारी आवश्यकता
संख्या: 11 Gents & Ladies
तलब: 10,500/-
योग्यता: Test, SLC, above
Unique Solution
Gwarko, Lalitpur
5543056, 9841466409
9803897872
नोट: SLC दिएर बसेकाहरूलाई पनि अवसर
बुझ्न आउँदा Document अनिवार्य छ ।

ADMISSION OPEN FOR PRE BRITISH ARMY & SINGAPORE POLICE
FOR 2010/2011
Lincoln Sports Pvt. Ltd.
Gongabu Tel: 01-4354576, 9849130340
Jawalakhel Tel: 01-5008571, 9851119134





Gorkha British Army को Selection को लागि Pre-Training मा भर्ना खुल्यो ।




(PTI Gajen Grg)



Chief Edu. Instructor K.B.Gurung


Salient Features:-
- Physical Exercise को लागि स्वच्छ तथा खुल्ला वातावरण भएको Open Hall Area.
- Education Classes by Ex-British council Teacher (Anthony)/K.B. Gurung
- Weak students को लागि British Council Learning Center मा 3 months free self Study Facilities.
- full counseling (परामर्श) By Ex-Gurkha British Army

Note: गत सालहरूमा Education तथा Interview असफल भएका हरुलाई Education Classes + Interview Preparation मात्र रु.13,900/- मा Guarantee का साथ गराइन्छ र गत साल D.R.O Filter मा असफल हुनेहरुलाई French Army Training मा भर्ना लिईन्छ।
Gorkha Vision International P.(ltd.)
Chakrapath, Sankhapark-4 Kathmandu.
Contact Mob No.98510-71327, 9841713236

प्राईभेट
Regular Test/SLC - 2067
Test ग्यारेन्टी पास
भर्खरै कक्षा ९ तथा Test फेल भएका
८ पास ९,१० Test/SLC फेल भई विभिन्न कारणले पढाई छाडेकाहरु
कक्षा ९ नपढी सिधै Test/SLC दिन पाईने
भर्ना खुल्यो
SLC मार्कसिट प्राईभेट नभई रेगुलर हुने
विगत वर्षहरूमा 100% पास गराउँन सफल
माध्यम: नेपाली/अंग्रेजी समय: बिहान/दिउँसो
६ महिनामै कक्षा ८
५,६,७,८ पढ्दा पढ्दै बिचैमा पढाई छाडेका महिला तथा पुरुषहरुको लागी कक्षा ९ नपढी सिधैं Test / SLC दिन पाईने ।
बाइरन एकेडेमी
बनस्थली
४३६४८८८, ९८४१७०००८७

भर्ना खुल्यो !भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
प्राइभेट
Test/SLC-2067
विगत ९ वर्षदेखि प्राइभेट Test / SLC मा सबैभन्दा बढी बिद्यार्थीहरु सहभागी गराँउदै पास गराउन सफल ।
कक्षा ८ पास तथा भर्खरै कक्षा ९, १० वा Test/ SLC फेल भई विविध कारणले पढ्न नपाएकाहरूका लागि कक्षा ९ नपढी सिधै १० कक्षाको मात्रै पढेर SLC Exam दिन पाइने एक वर्षे प्राइभेट Test/ SLC कक्षामा नयाँ भर्ना खुल्यो । सिट सिमित । Medium- अंग्रेजी, नेपाली दुवै । Time- बिहानी, दिउँसो, साझ ।
६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !!
Arts Commerce Science
(Nios Delhi Board)
अन्तिम भर्ना !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने ।
बाहिर बाट आएकाहरुलाई होस्टेलको व्यवस्था छ ।
कोरिया खुल्यो !
EPS Exam चाँडै हुने भएकाले कोरिया जान चाहनेहरुको लागि EPS-KLT Preparation Course मा पनि भर्ना खुल्यो ।
Note: सन २००८ मा भएको EPS-KLT को परीक्षामा सबै भन्दा बढी विद्यार्थीहरु पास गराउन सफल ।
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
लगनखेल: 5531437
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400, 9851021071
चावाहिल: 4460091, 9851085823
नयाँ बानेश्वर: 4484634, 9841160529

# पुमाका आकर्षक जुत्ताहरू

स्पोर्ट्‌र्स फेसनका लागि विश्वप्रसिद्ध पुमाका उत्पादन नेपाली बजारमा पनि लोकप्रिय छन्। सुविधाजनक, फेसनेबल, स्ट्‌याइलिस एवं गुणस्तरीय भएकाले यो ब्रान्ड ग्राहकले रुचाएका हुन्। कमलपोखरीस्थित सिटी सेन्टर, दरबारमार्ग आदि ठाउँमा यो ब्रान्डका सामग्रीहरू पाइन्छन्।

## मोटोराजो डुकाटी

मोटोराजो डुकाटी पुरुषका लागि बनाइएको लाइफ स्टाइल सुज हो। यो मोटरसाइक चलाउँदा प्रयोग हुन्छ। दुई किसिमको रंगमा उपलब्ध मोटोराजो डुकाटी छरितो एवं हल्का खालको जुत्ता हो। यो जुत्ता सेन्थेटिक र लेदरको कम्बिनेसनबाट बनेको छ। ब्याक र फ्लो येल्लो कलरमा पाइने मोटोराजो डुकाटीको बजार मूल्य– ७,९९८ रुपैयाँ छ।



## रिङ अस्ट्रिज एफएस

रिङ अस्ट्रिज एफएस महिलाका लागि बनाइएको जुत्ता हो। यसको आवरण सेन्थेटिक लेदरबाट बनेको छ। छरितो, आरामदायक एवं आकर्षक यो जुत्ता सेतो रंगमा उपलब्ध छ। रिङ अस्ट्रिज एफएसको बजार मूल्य– ५,३५८ रुपैयाँ छ।





## मोटोराजो सीएस डुकाटी

मोटोराजो सीएस डुकाटी पुरुषका लागि बनाइएको जुत्ता हो। यसलाई मोटरस्पोटर्स सुजका रूपमा प्रस्तुत गरिएको छ। हेर्दा आकर्षक एवं छरितो देखिने यो जुत्ता लेदर र सेन्थेटिकबाट बनेको छ। यो जुत्ता सिल्भर एवं ब्ल्याक कलरमा उपलब्ध छ। मोटोराजो सीएस डुकाटीको बजार मूल्य– ७,०९९ रुपैयाँ छ।

## फुरियो भीएसएफ

पुरुषका लागि बनाइएको फुरियो भीएसएफलाई स्पोर्ट्‌र्स सुजका रूपमा प्रस्तुत गरिएको छ। यसको आवरण लेदर तथा सेन्थेटिकबाट बनेको छ। रबरको सोल भएकाले यो जुत्ता निकै आरामदायक लाग्छ। यो जुत्ता रातो, सेतो तथा कालो रंगमा उपलब्ध छ। फुरियो सुजको बजार मूल्य– ९,७९८ रुपैयाँ छ।





## आइकन सटेन

आइकन सटेन महिलाहरूका लागि बनाइएको स्पोर्टी सुज हो। पिंक तथा ग्रे रंगमा उपलब्ध यो जुत्तामा रबर सोल छ। आइकन सटेनको बजार मूल्य– ४,९९९ रुपैयाँ छ।



## फुरियो एल

जेनियन लेदरबाट बनेको फुरियो एलमा रबर सोल छ। यो पुरुषका लागि बनाइएको जुत्ता हो। आकर्षक मोडलमा उपलब्ध फुरियो एल कालो तथा सेतो रंगमा पाइन्छ। फुरियो एलको बजार मूल्य– ७,०९९ रुपैयाँ छ।

## एस्पेरा पाटेन्ट एफएस

एस्पेरा पाटेन्ट महिलाहरूका लागि बनाइएको स्यान्डल हो। यो जुत्ता गर्मी महिनाका लागि उपयुक्त हुन्छ। यो विभिन्न आकर्षक रंगमा उपलब्ध छ। एस्पेरा पाटेन्ट लेदर तथा सेन्थेटिकबाट बनेको यो जुत्तामा रबर सोल छ। एस्पेरा पाटेन्ट एफएसको बजार मूल्य– ४,४४८ रुपैयाँ छ।







## ● लभ गुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २० वर्षीया युवती हुँ। म एक युवकलाई एकदमै माया गर्छु। हामीबीच धेरै नै माया र विश्वास छ। हामी एक-अर्कालाई साह्रै चाहन्छौं। हामीबीच सबै कुरा ठीक छ, हाम्रो सम्बन्धका बारेमा दुवैको परिवारलाई पनि थाहा छ, तर विडम्बना हामी दुईको गोत्र एउटै रहेछ, जुन कुरा हामीलाई पहिले थाहा थिएन। अहिले मात्र यो कुरा थाहा भयो। हाम्रो परम्पराअनुसार सगोत्रीय विवाह सम्भव छैन। हामी दुवै एक-अर्काको साथ छोडन सक्दैनौं। यसबीचमा उसले मलाई मन्दिरमा गएर सिन्दूर पनि हालिदिएको छ, तर अहिले उसले आफ्नो परिवारलाई सम्झाउन सकिरहेको छैन। मेरो परिवारका तर्फबाट भने हाम्रो सम्बन्धका बारेमा केही आपत्ति छैन। यस्तो अवस्थामा हामीले के गर्दा ठीक हुन्छ ? के हाम्रो विवाह सम्भव छ ?**

**के.**

यो संसारमा असम्भव भन्ने कुनै कुरा छैन । जहाँसम्म तपाईंहरूको प्रेम-प्रसंगको कुरा छ त्यसले मलाई निकै खुसी तुल्याएको छ । तपाईंहरूबीच म त्यति ठूलो समस्या केही पनि देख्दिनँ । अहिले विज्ञानले सजातिय (सगोत्रीय) विवाहका परिणामका बारेमा केही अध्ययन गरिरहेको कुरा मैले सञ्चारमाध्यमबाट बेलाबखत थाहा पाउने गरेकी छु । कतिपय वैज्ञानिकहरूको मत छ, सजातीय (सगोत्रीय) विवाहले मानिसको वंशाणुगत गुणलाई विस्तार हुनबाट रोक्न सक्छ । यसको परिणाम मानिसको विचार र विवेकमा समेत पर्न सक्छ भन्ने दाबी गरिएको छ, तर यो कुरा पुष्टि भैसकेको छैन । हाम्रो पूर्वीय (हिन्दू) वैवाहिक परम्पराले सम्भवतः उपरोक्त कारणहरूले नै सगोत्रीय विवाहमा आपत्ती जनाएको हुनुपर्छ । अर्को कुरा, आजभोलि मानिसहरू विवाह गर्दा थर, गोत्रभन्दा बढी अन्य शारीरिक अवयवका बारेमा बढी खोजीनिती गरेर, स्वास्थ्य-परीक्षण गराएर वैवाहिक सूत्रमा बाँधिनुपर्छ भन्ने मान्यता राख्न थालेका छन् । तपाईंको हकमा तपाईंको परिवार र तपाईंको प्रेमीको परिवारको वैचारिक धरातलमा केही भिन्नता देखिन्छ भन्ने कुरा पत्रले स्पष्ट गरेको छ । यस्तो अवस्थामा तपाईंले प्रचलित मान्यतालाई पछ्याउने कि आधुनिक विज्ञानसम्मत कुरालाई ? यो विषयमा आफ्ना प्रेमीसाग गहन छलफल गरेर निष्कर्षमा पुग्न सक्नुहुन्छ ।

## ● फिल्मी खबर ●

### तेस्रो सातामा दिदीभाइ

काठमाडौंका चलचित्र भवनहरूमा प्रदर्शित चलचित्र 'दिदीभाइ'ले प्रदर्शनको तेस्रो साता पूरा गरेको छ । चलचित्रका निर्माता सुनिल मानन्धरका अनुसार सार्वजनिक भएपछिको तीन साता चलचित्रले उत्साहजनक व्यापार गरेको छ । कृष्ण चापागाईंद्वारा निर्देशित यो चलचित्रमा राजेश हमाल, तृप्ति, सुशिल क्षेत्री, अर्जुन कार्की, गरिमा पन्त, जयकिशन बस्नेत, उमेश खड्का आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । चलचित्रका संगीतकार सुरेश अधिकारी हुन् ।

### त्यसैले त रोजें तिमीलाई

दुर्गिस फिल्मस्ले निर्माण गर्ने चलचित्र 'त्यसैले त रोजे तिमीलाई' को नायिका बलिउडबाट ल्याइनेछ । सुरज सुब्बा 'नाल्बो' को लेखन तथा शब्बिर श्रेष्ठको निर्देशन रहने उक्त चलचित्रमा सुनिल रावल नायकको भूमिकामा पर्दापण हुँदैछन् । भदौको अन्तिम सातातिर छायांकन प्रारम्भ हुने चलचित्रका अन्य कलाकार चलनचल्तीकै रहनेछन् ।

### सिड्नीमा नाइँ नभन्नु ल

अस्ट्रेलियाको सिडनीमा चलचित्र 'नाइँ नभन्नु ल' को प्रिमियर गरिएको छ । यसैसाता झन्डै पाँच सय दर्शकले विकास आचार्यको निर्देशनमा बनेको उक्त चलचित्रको रस्वादन गरे । उक्त चलचित्रका नायक जीवन लुइँटेलको संयोजनमा प्रदर्शन गरिएको चलचित्र 'नाइँ नभन्नु ल' हेरेपछि विगत केही वर्षदेखि उतै बस्दै आएका नेपाली दर्शकले नेपालमा त्यत्तिको स्तरीय चलचित्र बन्न थालेकोमा खुसी व्यक्त गरेको लुइँटेलले बताए । चलचित्रमा जीवनका अतिरिक्त सुमन सिंह र ऋचासिंह ठकुरीको मुख्य भूमिका छ ।





**सौन्दर्यका सामान**
- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाइट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाइट गर्ने ।

Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
(शखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134

**होटल तालिम**
Cook / Bakery
Waiter / ess / Bar Tender
Front office/House keeping
Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
National Employment Training Center Pvt. Ltd.
चुच्चेपाटी, चावहिल, काठमाडौं
४४९००१६ २०२३३६७

**प्राइभेट टेष्ट/SLC मा भर्ना खुल्यो**
- भर्खरै कक्षा ९ तथा टेष्टमा फेल भएर निराश भएका
- कक्षा ८, ९ र १० पास गरी विविध समस्याले पढाई रोकिएका
- उमेर नाघेका र जागीर गर्दै अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर
- ६ महिनामै कक्षा ८ पास गरी सोझै Test/SLC दिन पाइने

Medium : Nepali/English
Shift : Morning/Day
६ महिनामै +2 र SLC (NIOS Board)
जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट मान्यता प्राप्त
चावहिल: Pascal Institute Ph: 4478483 (चावहिल चोकबाट १५ मि. अगाडी गणेशस्थान जाने बाटो)
कोटेश्वर: Harvard Academy Tel. 4601434 (कोटेश्वर प्रहरी बीटबाट ३० मी भित्र)

**प्राईभेट TEST/SLC 2067**
- # कक्षा ८ पास तथा कक्षा ९/१० फेल भएकाहरुको लागि ।
- # घरायसी काम काजले पढ्न छुटेकाहरुको लागि ।

विशेषताहरू:
- # अपाङ्ग, गृहिणी तथा ४० वर्ष उमेर नाघेकाहरुलाई फ्रि भर्ना तथा वार्षिक फि मा ५०% छुट ।
- # प्राईभेट पढ्ने विद्यार्थीलाई फ्रि कम्प्यूटर टिउसन (अंग्रेजी, गणित, विज्ञान) कक्षा
- # कम्प्यूटर साईन्स पढाई हुने ।
- # होस्टेल तथा लाईब्रेरीको व्यवस्था ।

आईरनगेट ईन्टरनेशनल एकेडेमी
फोन नं.: ४४८५८५०, ९८५१११६६२
नयाँ बानेश्वर (प्रिमियर कलेजसँगै) पुरानो बानेश्वर जाने बाटोमा।

**खुल्यो ! खुल्यो !! खुल्यो !!!**
१००% प्राक्टिकल — नेपालमै पहिलो पटक
CCTV, Security System Fire alarm Control System, Embedded System Design, Mastering 8051 Microcontroller तथा Electrical, Electronic बिषयहरुमा अनुभवी इन्जीनियर तथा दक्ष प्राविधिकद्वारा प्रशिक्षणको तालिम खुल्यो । धमाधम भर्ना लिइदैछ, सिट सिमित छ ।
प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र प्रा.लि.
अद्वैतमार्ग, पुरानो बसपार्क, काठमाडौं
४२४६९३६

भर्ना खुल्यो भर्ना खुल्यो — जिल्ला शिक्षा कार्यालय बाट मान्यता प्राप्त
**प्राईभेट TEST/SLC 2067**
दक्ष तथा अनुभवी शिक्षकहरु द्वारा उत्कृष्ट अध्यापन गराई सर्वोत्कृष्ट नतिजा ल्याउन सफल यस
TIME INSTITUTE
Technical information for Multiple Education
Bagbazar Kathmandu, Nepal
Tel: 01-4239156, 4240082 (Right Side to P.K. Campus)
माध्यम अंग्रेजी/नेपाली
मा धमाधम कक्षा संञ्चालन भइराखेको छ, चाडै सम्पर्क गर्नुहोला ।
पुनश्चः कलाकारीता, राजनीति तथा अन्य रोजगारी पेशामा लागि पढ्न छुटाएका बिद्यार्थीहरुका लागि बिशेष कक्षाको समेत व्यवस्था गरिएको छ ।

**English&Computer**
BASIC TO ADVANCED COURSES
English : Special, Speaking Focus Class
Japanese, German, Korean
French, Spanish, Chinese
IELTS, JOB,VISA Pre.
Computer: Basic, Office, Graphic, Web, Tally, Hardware
OASIS
Language & Computer Institute
OLCI-Thamel, Galkopakha 4359170
4418912, Chhetrapatichowk 4250763

**सफलता तपाईंको हातमा**
कक्षा ९ र १० फेल ? पढाई छुट्यो ?
नि:शुल्क होईन गुणस्तरीय शिक्षा रोजौं ।
No. चिन्ता !
जि.शि.का. बाट अनुमति प्राप्त — ६ वर्षको अनुभव
प्राईभेट टेष्ट/ SLC - 2067 मा भर्ना खुल्यो ।
स्मल हेभन Open Inst. (P) Ltd. लगनखेल ☎ 2120693, 9841452755 — मछिन्द्रनाथको रथ राख्ने चौबाटो बाट पूर्व
स्मल वर्ल्ड Open Inst. (P) Ltd. कोटेश्वर ☎ 4601589, 9841306634 — प्रहरी बिटको ठिक पछाडी ठूलो भवन

नेपाल सरकार तथा जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट अनुमति प्राप्त
**प्राईभेट रेगुलर Test/SLC र कक्षा ८ मा भर्ना खुल्यो**
कक्षा समयः बिहान/दिउँसो/बेलुका — माध्यमः नेपाली/English
- कक्षा ८ पास तथा कक्षा ९, १० वा रेगुलर Test/SLC फेल भई विविध कारणले पढ्न नपाएकाहरुका लागि कक्षा ९ नपढी कक्षा १० मा अध्ययन निरन्तर गर्ने स्वर्ण अवसर
- कक्षा ४, ५, ६, ७, ८ फेल भई बिचैमा पढाइ छाडेका विद्यार्थीहरु सिधै कक्षा ८ मा भर्ना हुन पाईने
- यसै विद्यालयबाट कक्षा ८ पास गर्ने बित्तिकै कक्षा १० मा पढ्न पाउने

श्री बुद्ध नमुना मा.वि. गोगबु, ४३६५९५५ | श्री वागमती नमुना मा.वि. कालोपुल, ४४३८०४२ | श्री जनसेवा नमुना मा.वि. कलंकी, ९८४१-४२१८२१ (बैंक अफ एसिया सँगै)



# निखिलबाट धोका?

हिरो निखिल उप्रेतीको अत्तोपत्तो नभएपछि निर्माणाधीन चलचित्र ‘माटो’को सुटिङ कार्य प्रभावित भएको छ। गत फागुनको अन्त्यदेखि द्रुत गतिमा काम थालिएको माटोको ५० प्रतिशत छायाङ्कन सम्पन्न भए पनि निखिलका कारण छायाङ्कन रोकिएको यही चलचित्रबाट नायकमा डेब्यु गरेका मित्र लिङदेन बताउँछन्। ‘निखिलजीले वचन दिएर पनि खेल्नुभएन, जसका कारण खर्च मात्र बढिरहेको छ। त्यसैले उहाँको स्थानमा अर्कै नायक लिन बाध्य भयौं।’ निर्माण व्यवस्थापनसमेत रहेका लिङ्देनले भने। चलचित्रमा खस, मधेसी, आदिवासी तथा जनजातिको प्रतिनिधित्व गर्न तिनै समुदायका नायक छन्। निखिलले खस युवाको भूमिका गर्नुपर्ने थियो लिङ्देनले भने– ‘अब त्यो सम्भावना टरेकोले राजेश हमाललाई लिएका छौं।’ निखिलको ठाउँमा राजेशलाई अनुबन्धित गरिएकाले कथामा केही हेरफेर गर्नुपरेको निर्माण पक्षले जनाएको छ।

# १ सो लाख !

सुफी गीत गाउने हेमन्तको सुरिलो प्रस्तुतिले पर्याप्त मनोरञ्जन प्रदान गर्ने भएकाले पनि हुनसक्छ, उनका श्रोता उनको सो हेर्न भरसक छुटाउँदैनन्। सानो कदकाँटीका हेमन्त, त्यति मीठो गीत गाउन सक्छन् भन्ने कमैले विश्वास गर्छन्, तर उनको बेजोड प्रस्तुति देखेपछि दर्शक वान्स मोर भन्न बाध्य हुन्छन्।

सुफी प्याटर्नका गीत प्रस्तुत गर्ने हेमन्त पाकिस्तानी तथा भारतीय सुफी गायकहरूभन्दा कमको प्रस्तुति दिँदैनन्। ‘हेमन्तको गायकी साँच्चै नै गजबको छ’ गीतकार भूपेन्द्र खड्का भन्छन्- ‘उनी सुरिला गायक हुन्, उनको क्षमताको कदर हुन अझै बाँकी छ।’ हेमन्तको एकल सो हेर्ने सबै उनका प्रशंसक हुने भएकाले उनको एकल सोको दर पनि बढ्दै गएको छ। हेमन्तले भने- ‘अब मैले कन्सर्टमा एउटा गीतको न्यूनतम् १० हजार रुपैया लिने योजना बनाएको छु।’

त्यसो भए सोलो कन्सर्टमा १० वटा गीत गाए मात्रै पनि १ लाख रुपैयाँ त पुग्ने नै भयो।

# नक्कलीले परेसान

यतिखेर सक्कली धुर्मुस र माग्नेबूढालाई टेन्सन छ। सक्कली भन्नाले सीताराम कट्टेल र केदार घिमिरेलाई। आफ्ना दुरुस्तै नक्कली बजारमा निक्लिएकाले उनीहरू टेन्सनमा परेका हुन्। सुरुमा आफूहरू जस्तै नक्कली देख्दा गजबका फ्यान देखिए भनेर दंग परेका सक्कलीहरू नक्कलीले पेसागत रूपमै धावा बोलेपछि हैरान हुनु स्वाभाविक हो। ‘आजकल त धुर्मुस र माग्नेबूढा आउँदैछन् भनेर प्रचार गरिन्छ रे, अनि उनीहरू(नक्कली) मञ्चमा गएर प्रस्तुति गर्छन् रे!’ धुर्मुस अर्थात् सीताराम कट्टेलले भने- ‘हाम्रो नाम बेचेर उनीहरूले प्रस्तुति दिनु त गलत भयो नि।’ दुरुस्तै देखिने र उस्तै हाउभाउ देखाउने नक्कली धुर्मुस र माग्नेबूढाले २-४ वटा महोत्सव खोसिदिएपछि सक्कलीहरू कराउन थालेका हुन्, तर कुरा यतिमा सीमित भएन, दिनेश डीसीले निर्देशन गर्ने हास्यटेलिश्रृंखला ‘कहिले होला’ मा नक्कली धुर्मुस र माग्नेबूढालाई अभिनय गराएपछि सक्कलीहरू अझ तर्सिएका छन्। स्थापित कलाकारको अभिनय शैलीबाट प्रेरणा लिनेसम्म ठीकै भए पनि दुरुस्तै नक्कल गर्नु प्रतिलिपि अधिकारको दृष्टिकोणबाट हेर्दा पनि गलत काम हो– सीताराम र केदारको जिकिर छ।



तस्बिर : नवराज बाग्ले

## राजनीतिबाट
# रियलस्टेटतर्फ



गायिका नलिना चित्रकार हँसिली फरासिली छिन्। सबैसँग घुलमिल हुनसक्ने स्वभाव भएकाले हुनसक्छ, उनलाई सबैले रुचाउँछन्। गायन क्षेत्रमा उनको आफ्नो अलग पहिचान त छँदैछ। निरन्तर सांगीतिक क्षेत्रमा सक्रिय नलिना कन्सर्टकै क्रममा आफ्ना प्रशंसकहरूबीच पुगिरहेकै छिन्। उनका नयाँ तथा पुराना रिमिक्स भर्सन पनि दर्शकले सुन्न तथा हेर्न पाएका छन्। जनआन्दोलन भाग-२ को समाप्तिलगत्तै जन्मिएको मधेसी जनाधिकार फोरमले नलिनालाई समानुपातिकको बन्द सूचीमा राखेको थियो। सभासद्का लागि मनोनयनमा परेकी नलिना चुनावमा फोरमलाई जिताउन पति सञ्जीव मिश्रसहित खटिन् पनि, तर अन्ततः फोरमले उनलाई धोका दियो। समानुपातिकबाट लिने सभासद्को सूचीमा उनी परिनन्। त्यसपछि उनले राजनीतिमा धोखाधडी धेरै हुने भएकाले यो यात्रालाई त्यहि समाप्त गरिन्। त्यसपछि फेरी गायकीमै फर्किएकी नलिनालाई ‘र’ मोह भने अझै रहेछ। त्यसैले होला, उनी यतिखेर रियलस्टेट सेक्टरसँग आबद्ध छिन्। हात्तीवनस्थित सिटिस्केप अपार्टमेन्ट होममा पुगियो भने हसिली फरासिली नलिना अपार्टमेन्ट गाथा गाइरहेको अवस्थामा भेटिन्छिन्। रिलेसनसिप म्यानेजरका रूपमा कार्यरत नलिनालाई उक्त कम्पनीले झन्डै झन्डै ब्रान्ड एम्बेसडरकै दर्जामा उक्त तहमा रहेर कार्य गरिदिन आग्रह गरेपछि उनले उक्त प्रस्ताव स्वीकारेको बताइन्छ। कस्तो छ त नयाँ जब ? नलिनाले हाँस्दै भनिन्- ‘धेरै नयाँ कुरा सिक्दैछु, पहिले जिरो थिए, अहिले त कमसेकम अपार्टमेन्टका बारेमा ब्रिफिङ गर्न सक्छु।’ यो पेसामा चुनौती र रमाइलो दुवै भएको उनको भनाइ थियो। कतै म्युजिक फिल्ड नै छोडेर रियलस्टेटमै जम्ने हो कि ? नलिनाले भनिन्- ‘त्यस्तो कहाँ हुनसक्छ, पहिलो प्राथमिकतामा त म्युजिक नै पर्छ नि।’




# कामुक रहिनन् सारा



लोकप्रिय श्रृंखला 'सेक्स एन्ड सिटी' मा केरी ब्रेडशाको भूमिका निर्वाह गरिसकेकी नायिका सारा जेसिका पारकर अचेल निराश छिन् । आफ्नै प्रशसकले उनलाई 'कामुकता नभएकी नायिका' का रूपमा लिन थालेपछि उनको निराशा बढेको हो । हालै सम्पन्न एउटा सर्वेक्षणमा 'सेक्स एन्ड द सिटी' की सबैभन्दा कामुक नायिका हो हुन् भन्ने जिज्ञासा राखिएको थियो । सर्वेक्षणमा साराले सबैभन्दा कम मत पाएकी थिइन् । कामुक नायिकाको पहिलो श्रेणीमा चारलोट योर्क रहन सफल भइन् भने किम केट्रियल दोस्रो स्थानमा रहिन् । यो सर्वेक्षणको नतिजापछि सारा निकै तनावग्रस्त भएको बताइन्छ ।

# विद्या बालन सेक्सी भूमिकामा



चलचित्र 'पा' का लागि फिल्मफेयर एवार्ड प्राप्त गरेकी अभिनेत्री विद्या बालनलाई अब बोल्ड र सेक्सी भूमिकामा देख्न पाइनेछ । निर्मात्री एकता कपूरले निर्माण गर्ने चलचित्र द डर्टीका लागि विद्यालाई उक्त बोल्ड भूमिकाका लागि अफर गरिएको स्रोतले बताएको छ । दक्षिण भारतीय चलचित्रमा सेक्स बम कहलिएकी सिल्क स्मिथाको जीवनीमा बन्ने उक्त चलचित्रमा विद्या बालनलाई शीर्ष भूमिकाका लागि अफर गरिएको बताइन्छ । रजत अरोराले दुई वर्ष लगाएर तयार पारेको यो चलचित्रको स्क्रिप्टलाई निर्देशक मिलन लुथरियाले पर्दामा उतार्नेछन् ।

# नयाँ अवतारमा अनुष्का



चलचित्र 'रब ने बना दी जोडी' मा अनुष्कालाई पन्जाबी युवतीको भूमिकामा देखिएको थियो । उनको उक्त चलचित्रमा सलवार कमिज ड्रेसकोड थियो । शालीन रूपको यो छविबाट उनी एकाएक बोल्ड, ग्ल्यामरस तथा सेक्सी लुकमा देखिएकी छिन्, आफ्नो नयाँ चलचित्र 'बदमास कम्पनी' मा । पर्दामा अभिनेता शाहिद कपुरसित रोमान्स गरेको देखिने उक्त चलचित्रमा अनुष्काको सुन्दरता मिनीस्कर्ट, बिकिनी टप तथा हट प्यान्टबाट झल्किएको छ । सेक्सी मेकओभरसँगै उक्त चलचित्रमा अनुष्कालाई शाहिदसितको चुम्बन दृश्यमा पनि देख्न पाइन्छ ।

# आत्मकथा लेख्दैछिन् डेमी



हलिउडकी कामुक नायिका डेमी मूर आफ्नो जीवन-संघर्षमा आधारित आत्मकथा लेख्दैछिन् । मुरले आफ्नो अटोबायोग्राफीमा आफ्नो जीवन तथा करियरको रहस्यका बारेमा लेख्ने निर्णय गरेकी छिन् । ४७ वर्षीया यी नायिकाका एजेन्ट जेकर्लाका अनुसार मूरले आफ्नो आत्मकथा प्रकाशन गर्न न्युयोर्कका केही प्रकाशकसँग नियमित भेटघाट गरिरहेकी छिन् । अभिनेता एस्टन कुचरसँग वैवाहिक जीवन प्रारम्भ गरेकी मूर हालै मात्र महिलाहरूको प्रेम-निवेदनमा आधारित पुस्तक 'द्याट्स हवाट सी सेड : वुमन रिविल हवाट म्यान रियल्लि निड टु नो' का कारण चर्चामा आएकी थिइन् ।


FREE SEMINAR

British Gurkha Army, Singapore Police Force तथा French Legion Army मा भर्ना हुन चाहनेहरुका लागि परिवर्तित नियमहरुको विषयमा जानकारी दिने उद्देश्यले **Free Seminar** तथा **Pre Selection** संचालन हुन गइरहेको हुँदा इच्छुक युवा तथा अभिभावकहरुलाई निम्न स्थान र समयमा उपस्थितिको लागि अनुरोध गरिन्छ ।

मिति : २०६७ जेठ १५ गते शनिबार (May 29, 2010, Saturday)
समय : १२:१५ बजे
स्थान : Ex-British Army Multipurpose Sports Hall, Tokha Road, Phone : 4352274

नोट : कृपया तोकिएको समयमा नै उपस्थित भईदिनुहोला ।

**CRITERIA FOR ATTENDANCE AT BRITISH GURKHAS AND GCSPF RECRUIT SELECTION IN 2011**

**EDUCATON QUALIFICATIONS:**
SLC 3rd Div or its equivalent overseas qualification. Compartmental pass will be accepted.
N Level will not be accepted as it is not equivalent to SLC in Nepal.

**PHYSICAL:**
Age: Minimum 17 ½ and maximum 21 years of age as at 01 Jan 2011.
Born between AD 01/01/1990-01/07/1993 (BS 17/09/2046-17/03/2050).
Chest: 79 cm (31") with minimum 5 cm (2") expansion. Teeth: Not more than four faults (fillings, gaps or false teeth).
Height: 160cm (5'3"). Weight: 50 kg (110 lbs). Glasses/Contact Lenses: Not accepted. **Swimming:** 2 Lengths, Breast Stroke

Congratulations

TO OUR SUCCESSFUL CANDIDATES

for British Gurkha Army / Singapore Police Force / French Legion Army



Jeevan K. Thapa (British Gurkha Army)
Tshering D. Sherpa (British Gurkha Army)
Saugat Rai (British Gurkha Army)
Bimal Rai (British Gurkha Army)
Bikram Malla (British Gurkha Army)
Jivan P. Sharma (British Gurkha Army)
Amit Rai (British Gurkha Army)
Action Rai (British Gurkha Army)
Dil Thebe (Singapore Police Force)
Sanjeev Rai (Singapore Police Force)
Prakash Ale (Singapore Police Force)
Sundar Pun (Singapore Police Force)
Dipendra Bhujel (Singapore Police Force)
Prakash Thapa (French Legion Army)
Bijay Gurung (French Legion Army)
Jivan Gurung (French Legion Army)
Lakesh Gurung (French Legion Army)
Dipesh Rai (French Legion Army)
Nisan Thapa (French Legion Army)
Ram Limbu (French Legion Army)

नोट : शनिबार पनि अफिस खुल्ला रहनेछ ।

Join
British Gurkha Army
Singapore Police Force
French Legion Army

Why Gorkha AXN ? Why No. 1?



Thank you Gorkha Axn Pvt. Ltd. for creating opportunity for us from every sector and also guiding us for every step , I am very much thankful to them , I found them very systematic and nice environment to learn and the support from them is great. They support me when I was unselected from British Gurkha Army.
**- Lakesh Gurung(France Foreign Legion)**
**Son of Mr. Dal Bahadur Gurung, Ex-Singapore police 4837**



Thanks for making me gate way for this opportunity , and guiding me to the success for what I am today, thanks for teaching me to believe on myself and my qualities. I believe they can make you skill for each and every step of your life.
**- Dipesh Rai(France Foreign Legion)**
**Son of Mr. Nanda Prasad Rai, Employee of British camp**



I became unsucess from British Gurkha Army, but Gorkha Axn Pvt. Ltd. give me opportunity for French foreign legion . I would like to thanks to them for believing me and guiding me in to French foreign Army. I am personal very much grateful to them.
**- Bijaya Gurung (France Foreign Legion)**
**Son of Mr. Bhakta Bahadur Gurung, Ex-Singapore Police**

Nepal's No.1 School of Pre-Gurkha Army
GORKHA AXN Pvt. Ltd.
www.gorkhaaxn.com ...Since 2003

Member of GURKHA BUSINESS ASSOCIATION

Head Office : Manbhawan, Jawalakhel, GPO Box 8975, EPC 1872, Kathmandu, Nepal
Phone : 01-5532330 Fax : 01-5536506, Email : gurkhagroup@mail.com.np, URL : www.gorkhaaxn.com
**UK** : 119 Wren Way, Farnborough, Hampshire GU14 8TA, Phone : 07786106652 **Samakhushi** : Ex-British Army Multipurpose Sports Hall, Tokha Road, Phone : 4352274
**Dharan** : Gautam Path, Dharan-9, Phone : 025-521753 **Pokhara** : Ex-Singapore Police Pension Association Office Bldg., Amarsingh Chowk, Phone : 061-690323

## जेठ १४ गते

**निशा अधिकारी**
(नायिका)



### ● मेरो अनुभव ●

के भन्नु र यसका बारेमा ? नेपाली जनतालाई निराश बनाएको दिन भन्नु उपयुक्त होला । म राजनीतिबाट टाढा रहेर कलाकारका रूपमा नाम कमाउन अग्रसर नेपाली नागरिक हुँ । नागरिकको कर्तव्य निर्वाह गर्ने क्रममा लोकतन्त्रपछिको आमनिर्वाचनमा देशका लागि सुहाउँदो संविधान निर्माण होस् भन्ने हेतुले मैले पनि सभासदको छनोट गर्न मत खसालेकी थिएँ ।

मैले जस्तै सम्पूर्ण नेपालीले रोजेर पठाएका ६ सय १ सभासदले जनताको भावनासँग खेलबाड गरे । उनीहरूलाई दिइएको दुई वर्षको समय पर्याप्त थियो– नयाँ संविधान जारी गर्न । विशेष गरी यो दुई वर्ष सत्तासंघर्षमै केन्द्रित भयो । 'मेरो गोरुको बाह्रै टक्का' भन्ने उक्ति सुनेकी थिएँ । तीन दलका शीर्ष नेताले त्यही उखानलाई सार्थक तुल्याइरहे अनि 'आफ्नो आङको भैंसी नदेख्ने, अर्काको आङका जुम्रा' भन्ने उखानलाई पनि सार्थक पारे । एक-अर्कामा आक्षेप, भनाभन र कहिल्यै नटुंगिने झगडा गर्न हामीले उनीहरूलाई चुनेका थिएनौं ।

मेरो अनुभवमा 'जेठ-१४' एउटा यस्तो चलचित्र हो, जसको घोषणा भयो, निर्माणका लागि कलाकार र प्रविधिक पनि छनोट भए, तर ती कलाकार र प्राविधिक अरू चलचित्रमा व्यस्त भए । यता 'जेठ-१४' निर्माण गर्ने बजेट पनि उनीहरूले खर्चिए, तर चलचित्र बनाएनन् । अनि यो चलचित्र निर्माणअगावै फ्लप भयो ।

मलाई त यस्तो लाग्न थालेको छ कि नेपाली राजनीतिमा नयाँ प्रणाली जोस र जाँगरका साथ लागू गरिन्छ, तर त्यसलाई सञ्चालन गर्ने सञ्चालकले लापरवाही गर्छन् । गणतन्त्रमा सबै राजा भएका छन् । कसैलाई कसैको मतलब छैन । राष्ट्रलाई उन्नतितर्फ लाने भनेर लागेका नेताहरूले नै सही नेतृत्वभन्दा भाषणबाजीलाई महत्त्व दिए र देश अवनतितर्फ लाग्दैछ । बेलैमा उहाँहरूमा चेत आएन भने यस्ता जेठ १४ बारम्बार आउँछ र जान्छ । अन्त्यमा हाम्रो अवस्था सोमालियाका जनताको जस्तो हुन के बेर ?

तस्बिर : मेरोसिनेमा डटकम

## आज जेठ १४ गते संविधान घोषणा नहुनमा तपाईं कसलाई दोषी देख्नुहुन्छ ?

### केवल एक प्रश्न



मचाहिँ मुख्य दोषी पूर्वराजा ज्ञानेन्द्रलाई देख्छु । पूर्वराजा बाहिरबाट हेर्दा चुप लागेर बसेजस्ता देखिन्छन्, तर उनले भित्रभित्रै संविधान बन्न नदिन ठूलो षड्यन्त्र गरेको हुनुपर्छ । राजाले विभिन्न मठमन्दिर धाउँदै भगवानसँग पनि जेठ १४ मा संविधान घोषणा नहोस् भनेर मागेको हुनुपर्छ । हाम्रा नेताहरूले त असाध्यै राम्रो काम गर्नुभएको छ, उहाँहरूलाई के दोष दिनु ?

**दीपकराज गिरी (हास्यकलाकार)**

म संविधानसभामा प्रतिनिधित्व गर्ने २५ वटै दललाई दोषी देख्छु । यसबाहेक सत्ता सञ्चालन गरेर बसेका दल मुख्य दोषी छन् । संविधान निर्माण गर्नुपर्ने समयमा सत्ता समीकरणमै समय फालेकाले यो परिस्थिति सिर्जना भएको हो । प्रतिपक्षीसँग सहकार्य नगर्ने अहिलेको सरकार र सरकारलाई दबाब दिन नसक्ने राजनैतिक दल पनि उत्तिकै दोषी छन् ।

**केपी पाठक (निर्देशक)**

आजको दिन संविधान घोषणा गरेर घरघरमा दीपावली मनाउनुपर्नेमा निराश बन्नुपर्ने स्थिति सिर्जना गर्नुमा राजनैतिक दलका नेता, ६ सय १ जना सभासद, देश बनाउँछु भनेर सत्तामा आसीन व्यक्तिहरू नै दोषी छन् । नेताहरूको गैरजिम्मेवार व्यवहारकै कारण समयमा संविधान घोषणा हुन नसकेको हो जस्तो लाग्छ ।

**मदन गोपाल (गायक)**

समयमा संविधान नबन्नुमा म दुई पक्षको दोष देखिरहेकी छु । पहिलो दोषी त्यो हो जसले जम्मा दुई वर्षको समयसीमा तोक्यो । दुई वर्षमा संविधान नबन्ने भएपछि यति कम समय किन तोक्नु ? दोस्रो दोषीचाहिं त्यो हो जसले तोकिएको समयमा संविधान तयार पार्न सकेनन् । यसमा सत्तारूढ दलदेखि प्रतिपक्षका नेताहरू पनि पर्छन् ।

**अरुणिमा लम्साल (नायिका)**

आमसर्वसाधारणझैं मैले पनि समयमा संविधान घोषणा हुन नसक्नुको कारण बुझ्न सकेको छैन । त्यसैले संविधान बनेन भनेर औंला उठाउन गाह्रो छ । मचाहिं सत्तापक्ष तथा विपक्षीको आपसी सहमतिको अभावकै मुख्य दोष देख्छु । सबै दल एउटा बिन्दुमा पुगेर मिलेका भए आज हाम्रो देशले नयाँ संविधान पाउने थियो, तर विडम्बना त्यसो हुन सकेन ।

**विशाल विष्ट (नायक)**




## ● तीन प्रश्न ●



'म अझै कलाकार भैसकेको छैन', सानो पर्दामा 'गैंडा' को उपनामले परिचित निर्मल शर्मा लामो समयदेखि हास्यकलाकारका रूपमा सक्रिय छन्। ख्यालख्यालैमा उनको यो उपनामको न्वारान हास्यश्रृंखला 'तीतो सत्य' का निर्देशक दीपकराज गिरीले गरेपछि उनी लोकप्रिय भए। सुरुमा विज्ञापनमा अभिनय गरेका निर्मलले त्यसपछि मात्र टेलिश्रृंखलामा अभिनय गर्न थालेका हुन्। विगत तीन वर्षदेखि लाजिम्पाटमा एउटा रेस्टुराँसमेत सञ्चालन गरिरहेका निर्मल आफ्ना सहकर्मी कलाकारमाझ पनि उत्तिकै प्रिय छन्। चलचित्रसम्बन्धी अधिकांश औपचारिक/अनौपचारिक कार्यक्रम उनकै रेस्टुराँमा आयोजित भैरहेका छन्। रेस्टुराँमै भेटिएका निर्मलसँग *साप्ताहिक*को तीन प्रश्न :

**हास्यकलाकार भएर पनि तपाई त गम्भीर देखिनुहुन्छ नि ?**

हो, मेरो अनुहारमा त्यस्तो भाव देखिँदैन। दुखमा होस् वा सुखमा, मेरो अनुहारको भाव फेरिँदैन। त्यसैले पनि म आफूलाई कलाकार मान्दिनँ। मजस्तो भावविहीन व्यक्तिलाई दीपकजीले कलाकार बनाउनुभएको छ। एउटा सफल निर्देशकको हातमा सामान्य मानिस पनि कलाकार बन्न सक्छ भन्ने उदाहरण पनि हो यो। दीपकजी मात्र होइन, दिनेश डिसीमा पनि एउटा सफल निर्देशकको खुबी छ।

**किन हास्य विधा नै रोज्नुभएको ?**

खासमा म तीतो सत्य टेलिश्रृंखलाबाट कालाकारका रूपमा चिनिएको हुँ। यद्यपि त्यसअघि पनि मैले विज्ञापन र चलचित्रमा अभिनय गरिसकेको थिएँ तर दर्शकले चिनिसकेका थिएनन्। तीतो सत्यमा विभिन्न चरित्र निर्वाह गर्ने क्रममै म हास्यकलाकारका रूपमा स्थापित भएको हुँ।

**गैडा भनेर बोलाउँदा कस्तो लाग्छ ?**

सुरुमा त निकै अप्ठ्यारो लाग्थ्यो तर पछि रमाइलो लाग्न थाल्यो। सार्वजनिक स्थानमा कतै हिँडिरहेका बेला गैंडा भनेर बोलाउदा खुसी लाग्छ, यसबाट पनि म जनमानसमा चिनिएको छु भन्ने लाग्छ।

## ● सानो पर्दा ●

### दोस्रो चरण सम्पन्न

नेपाल टेलिभिजनबाट हरेक मंगलबार राति ९:३० बजे प्रसारण हुने रियालिटी शो 'खोजी प्रतिभाको' को दोस्रो चरण सम्पन्न भएको छ। गत मंगलबार प्रसारित श्रृंखलापछि दोस्रो चरण पूरा भएको कार्यक्रमका निर्देशक तथा उद्घोषक दिनेश डिसीले बताएका छन्। दोस्रो चरणको प्रतिस्पर्धामा नेपालभरिबाट छानिएका ६ सय ६६ जना प्रतिभा सहभागी भए। दोस्रो चरणमा सहभागी प्रतिभामध्येबाट गायनमा ४०, नृत्यमा ३० तथा अभिनयमा २० जना प्रतिभा तेस्रो चरणमा प्रवेश गर्न सफल भएका छन्। आगामी मंगलबारदेखिको कार्यक्रममा दोस्रो चरणको नतिजा तथा छनोट चरणका रोचक प्रसंगहरू प्रसारण गरिनेछ।




अवधारणा, निर्देशन तथा निर्माणमा तयार पारिएको यो कार्यक्रमको सञ्चालन भिजे महिमा भट्टराईले गर्दैछिन्। देशव्यापी अडिसनबाट ३५ जना प्रतिभा अघिल्लो चरणमा प्रवेश गरिसकेका छन्। इमान शाह, राजु गुरुङ तथा बैजु राई निर्णायक रहेको यो प्रतिस्पर्धाको निर्णायक चरणमा विजयी हुने गिटार मास्ट्रोलाई गिटार, नगद एक लाख तथा एउटा गीतिसंग्रहको निर्माण गर्ने अवसर प्रदान गरिनेछ।

### आजदेखि गिटार माष्ट्रो

गिटारवादनका प्रतिभा छनोट गर्ने उद्देश्यले इमेज च्यानलमा 'गिटार मास्ट्रो' शीर्षकको नयाँ रियालिटी शोको प्रसारण प्रारम्भ हुँदैछ। आजदेखि यो कार्यक्रम प्रत्येक शुक्रबार तथा शनिबार राति ६ बजेदेखि ७ बजेसम्म प्रसारण हुनेछ। २६ भाग लामो यो कार्यक्रममा प्रारम्भिक श्रृंखलामा धरान, बिर्तामोड, विराटनगर, हेटौंडा, चितवन, पोखरा, काठमाडौं, भक्तपुर, ललितपुर तथा बनेपामा सम्पन्न अडिसन राउन्डका गतिविधिहरू प्रसारण गरिनेछ। विनोद शर्माको

## ● विदेशबाट ●



### जिटिभीमा केशव पण्डित

वेदप्रकाश शर्माको चर्चित उपन्यास 'कानुनका पण्डित' मा आधारित भएर निर्माण गरिएको धारावाहिक 'केशव पण्डित' दर्शकमाझ लोकप्रिय हुँदैछ। जिटिभीबाट प्रसारण भैरहेको यो शृंखलाको निर्माण बालाजी टेलिफिल्म्सकी एकता कपूरले गरेकी हुन्। यो शृंखला प्रत्येक शनिबार राति ८:४५ बजेदेखि प्रसारण हुन्छ। शृंखलामा सरवर आहुजाले केशव पण्डितको भूमिका निर्वाह गरेका छन्। न्यायका लागि लडिरहेका केशव पण्डितको संघर्षको कथा चित्रण गरिएको यो शृंखलाले भारतीय धारावाहिकमा हावी भएको सासू-बुहारीको कथावस्तुको ट्रेन्डलाई नै परिवर्तन गर्ने अनुमान गरिएको छ। जेठ १ गतेदेखि प्रसारण प्रारम्भ भएको यो शृंखलामा भाया रोय चौधरी (आर्या), जुविन दत्त (मंगल) आदि कलाकारले पनि मुख्य भूमिका निर्वाह गरेका छन्।



## दिलीप रायमाझीसँग जम्का भेट

**तपाईंले आफूलाई समयअनुरूप ढाल्न सक्नुभएन, हैन ?**

हो, विगतमा केही कुरामा मबाट केही त्रुटि भए होलान्। यद्यपि ती जानाजान भएका होइनन्। अनायसै पाएको सफलतापछि त्यसलाई सम्हाल्न सकिनँ होला अथवा १० वर्षअघिसम्म म दिमागले भन्दा मनले बढी सोच्थेँ कि ? त्यसैले अभिनयको प्रस्ताव गर्ने सबैको मन राख्न भकाभक चलचित्र साइन गरेँ। त्यसमा केही राम्रा चलचित्र भए भने केही नराम्रा। मैले अब चाहिँ आफूलाई सम्हालिसकेको छु।

**अब ढिलो भएन र ?**

छैन, कसरी भयो र ढिलो ?

**तपाईंको मार्केट खस्किएको कुरा गरिन्छ नि ?**

मार्केट खस्किएको भए मलाई एक दिन बिराएर एउटा नयाँ चलचित्रको अफर आउँदैनथ्यो होला। मैले विगतमा जस्तो थोकको भाउमा चलचित्र साइन गरेको छैन। अहिले म भूमिका सुनेर बुझेर मात्र चलचित्रमा देखा पर्दैछु।

**यहाँ पैसाका लागि जस्तोसुकै भूमिकामा पनि देखिन तयार हुने कलाकार पनि त छन् नि ?**

अरूका बारेमा म केही जान्दिनँ। म भने आफूलाई सुहाउने भूमिकाका लागि मात्र तयार हुन्छु।

**त्यस्तो भूमिका पाउनुभएको छ त ?**

छ नि, 'पलपलमा' रिलिज हुँदैछ। हास्यप्रधान 'नमस्ते'को सुटिङ भर्खरै सकियो। अब केही समयमा 'मेरो जीवनसाथी'को छायांकन सुरु हुन्छ। अनि अरू पनि चलचित्रको कुरा भैरहेको छ। ढुक्क हुनुहोस्, अब दिलिप रायमाझीको पुनर्जन्म हुँदैछ।

**यही जन्ममा पुनर्जन्म ?**

हो, यही जन्ममा। शारीरिक अभ्यासका लागि रेगुलर क्लब धाइरहेको छु। ड्रेस अप र हेयर स्टाइलमा ध्यान दिएको छु। काम नपरी राति धेरै बेर बाहिर बस्दिनँ। खानपिनमा सजक भएको त धेरै भयो। त्यसैले दिलीप रायमाझी फेरि नयाँ रूपमा आउँदैछ।

ज्योतिष परामर्श केन्द्र
पं मानवेन्द्र शर्मा
अर्न्तराष्ट्रिय ख्यातिप्राप्त व्यक्तित्व एवं विभिन्न संघसंस्थाबाट सम्मानित गुरुज्यूबाट आफ्ना विभिन्न समस्याको ज्योतिषीय पद्धतिबाट समाधान गर्नुहोस्।
Appointment को लागि पं. मानवेन्द्र शर्मा
घर नं. ६४९/१५, जर्मन एम्बेसीको अपोजिट ज्ञानेश्वर, काठमाडौं
फो: ४४४५२८४, मो.: ९८५१०३६२१७

होटल तथा कुकिङ्ग तालिम
प्रत्येक महिनाको पहिलो र तेस्रो हप्तामा नयाँ तालिम शुरु

| | |
|---|---|
| बेकरी | बिहान ९:०० बजे |
| इण्डियन कुकिङ्ग | बिहान १०:०० बजे |
| चाइनिज कुकिङ्ग | दिउँसो ११:०० बजे |
| कन्टिनेन्टल कुकिङ्ग | दिउँसो १२:०० बजे |
| इटालियन कुकिङ्ग | दिउँसो १:०० बजे |
| बेकरी | दिउँसो २:०० बजे |
| स्वादिष्ट अचारहरु | साँझ ३:०० बजे |

कुक, वेटर, हाउसकिपिङ्ग, बारम्यान, बेलब्वाई (स्पेशल कोर्ष सहित)
कुपण्डोल, बस स्टप हनुमानस्थान र कानदेवस्थानको बिचमा
५५३६०५७, ५५२३०८२ ९८४१२०८७४९

100% Guarantee
यौन: यौन समस्या, यौनाङ्ग विकास, गुप्त रोगको समस्या
अनुहार: कालोपोतो, चाँया, डण्डीफोर हटाउन
चाहेजति शारिरिक तौल घटाउन वढाउन
जाँड-रक्सीको कुलत छुटाउन
Breast घटाउन वढाउन टाइट गर्न, मधुमेह, ग्याष्ट्रिक, दम वाथ एलर्जी
सम्पर्क: महारुद्र आयुर्वेद
With Home Delivery
2291316, 9851115833
9849117597, 9751011098

"विगत वर्षहरुको गहिरो अनुभव र हाम्रो सफलता"
प्राइभेट TEST/SLC–067
कक्षा–१०मा भर्ना खुल्यो !
कक्षा ८ पास, भर्खरै 9/Test फेल भएका तथा SLC फेल भएर निराश भई बसेका तथा अवसर खोजी गर्दै अध्ययन निरन्तर गर्न चाहनेहरूका लागि सूवर्ण अवसर ... !
भर्खरै SLC दिएर बसेका विद्यार्थीहरूलाई English Language र Computer Training मा विशेष छुट, सिट सिमित छ।
हाम्रा विशेषताहरू:
- अनुभवि तथा दक्ष शिक्षक–शिक्षिका
- नि:शुल्क शैक्षिक सामग्री
- उचित शैक्षिक परामर्श तथा प्रोत्साहन
- कमजोर विद्यार्थीहरूको लागि नि:शुल्क छुट्टै कक्षाको व्यवस्था
- Weekly, Monthly र Terminal परीक्षा तथा पृष्ठपोषण
- उत्पीडित वर्ग, गरिब तथा जेहेन्दार विद्यार्थीहरूको लागि विशेष छात्रवृत्ति प्याकेज,
- विगत वर्षहरूमा १००% विद्यार्थीहरू पास गराउन सफल।
कक्षा समय: बिहानी / दिवा
जि.शि.का. तथा EIA नेपालद्वारा मान्यता प्राप्त
विस्तृत जानकारीका लागि :
नवबुद्ध OPEN SCHOOL
चाबहिल ४४७५३००/०१६२१२३५७ (चावहिल चोकदेखि गणेशथान जाने बाटो)
शोभाभगवती, ढल्कुचोक ४२५०५३३, ९८४९१६९०६७ (इन्द्रेणी मन्दिरको अगाडि)

Nepal's No.1 Leading & Pioneering Pre-Gurkha Army Training Center
SALUTE GORKH Training Center Pvt. Ltd.
के तपाई पनि ब्रिटिश आर्मी तथा सिंगापुर पुलिसमा भर्ती हुन चाहनुहुन्छ ?

Rahul Pandey Chairperson 9846219177 9841876269
Bibek Thapa Managing Director 9846262455 9847061236
Admission Open for Intake 2010/11


Contact Address
Head office : Amarsingh Chowk, Pokhara, Phone : 061-524851
Branches :
UK : 39 Ceres Road, Plumstead, London, SE 18 1HR, Mo: 00447792586113
Kathmandu : Balaju Chakrapath, Ph: 01-4385975
Dang : Ghorahi, Ph : 9847831552, 082-563278
Dharan : Acharya Line, Ph : 025-696513, 9804007669
Info Centers:
Baglung, Ph : 068-522413, 522017, Mo. : 9847620398 | Nepalgunj, Ph : 081-560249, Mo : 9848029953 | Butwal, Mo. : 9804409768 | Myagdi, Mo. : 9847703205, 9847627817



# पटाचारा

आज शुक्रबार ललितपुरको गुण सिनेमा भवनबाट सार्वजनिक हुन लागेको नेवारी भाषाको यो चलचित्रको शीर्ष भूमिकामा नायिका मेलिना मानन्धर तथा उनको जोडीमा चलचित्र 'सानो संसार'बाट उदाएका नायक महेश शाक्य छन्। रामकृष्ण खड्गीको लेखन तथा निर्देशनमा दिजेन्द्र शाक्यले निर्माण गरेको चलचित्र 'पटाचार' लोकप्रिय बौद्ध कथामा आधारित छ। एउटा किसान परिवारकी रूपवती छोरीको एक जना सुन्दर युवकसाग प्रेम हुन्छ। परिवारका सदस्यले विवाह गर्ने अनुमति नदिएपछि उनी प्रेमीसाग भाग्छिन् र एउटा सन्तानकी आमा बन्छिन्, तर समय उनको विरुद्धमा बग्छ। श्रीमान् र बच्चासागको उनको सुखमय दाम्पत्यमा तुषारापात हुन्छ। अनायासै परेको पीडाले उनी विक्षिप्त हुन्छिन्। चेतना हराएपछि नांगिएर हिंड्छिन्। समाजले उनलाई बौलाही भनेर छिःछिः र दुरदुर गर्छन्। उनी अझ विक्षिप्त हुँदै जान्छिन्। अन्त्यमा उनको भेट भगवान् गौतम बुद्धसाग हुन्छ। बुद्धको उपदेश सुनेपछि उनले जीवन दर्शन बुझ्छिन् र भगवान्की अनुयायी भएर उनको शरणमा पर्छिन्। रवि सायमीको छायांकन, रामकृष्ण खड्गी, रामकृष्ण दुवाल तथा नगेन्द्र राजोपाध्यायको संगीतमा निर्माण भएको यो चलचित्रमा मेलिना र महेशका अतिरिक्त मदनदास श्रेष्ठ, लक्ष्मी गिरी, अन्नपूर्णेश्वरी श्रेष्ठ आदि कलाकारले पनि अभिनय गरेका छन्। केही समयपछि यो चलचित्रको नेपाली संस्करण पनि सार्वजनिक हुने कुरा निर्देशक खड्गीले बताएका छन्।

● चलचित्र ●

# सपनाको नौलो संसार

'सपनाको नौलो संसार' को प्रदर्शन काठमाडौंबाहिरबाट प्रारम्भ भएको छ। यो चलचित्रमा पूरा नभएका सपना लिएर नौलो संसारमा प्रवेश गर्नेहरूको कथा समेटिएको छ। नृत्य निर्देशक राजु शाहले निर्देशन गरेको यो चलचित्रमा राजेश हमाल, दिलीप रायमाझी, तृप्ति नाडकर, ऋचा घिमिरे, जितु नेपाल आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।

जुहार पाण्डे, दिनेशकुमार लामा तथा सुधाश्री मल्लको संयुक्त लगानीमा निर्माण भएको यो चलिचत्रको छायांकन नेपालका अतिरिक्त युरोपका केही देशमा गरिएको छ। चलचित्रमा अधुरा सपना लिएर उज्यालो खोज्नेहरूको कथा एकातिर छ भने सपना पूरा गर्न विभिन्न किसिमका संघर्ष गर्नेहरूको कथा अर्कातिर छ। दिलीप र ऋचाले पूरा नभएका सपना लिएर नौलो संसारमा प्रवेश गर्नेहरूको प्रतिनिधित्व गरेका छन्। राजेश हमाल तथा नृप्तिले भने सपना पूरा गर्न संघर्ष गरेका छन्। चलचित्रमा नायिका घिमिरेको आइटम नृत्य दर्शनीय छ। प्रेमकथासमेत समेटिएको यो चलचित्रका केही गीत यूरोपमा छायांकन गरिएका हुन्। जसमा नायिका घिमिरे विदेशी नृत्यांगनाहरूसँग नाचेकी छिन्।



# सेक्स एन्ड द सिटी-२



दुई वर्षअघि प्रदर्शन भएको हलिउडको सफल चलचित्र 'सेक्स एन्ड द सिटी' को दोस्रो भाग 'सेक्स एन्ड सिटी-२' को सार्वजनिक प्रदर्शन हिजो बिहीबार प्रारम्भ भएको हो। सारा जेसिका पार्कर, क्रिस्टिन डेविस, सिन्थिया निक्सन, किम क्याट्रल, क्रिस नोथ, डेविड इगेनबर्ग, इभान हेन्डलर आदि कलाकारले चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका छन्। पहिलो भागको निर्देशन गरेका माइकल प्याट्रिक किङले नै यो चलचित्रको निर्देशन गरेका छन्। यो चलचित्रको पहिलो भागमा पनि यिनै कलाकारले अभिनय गरेका थिए। चलचित्रमा अभिनय गर्ने पात्रको नाम पनि दोहोऱ्याइएको छ। निर्देशक किङका अतिरिक्त क्यान्डेस बुसनेल तथा डरेन स्टारले चलचित्रको पटकथा-संवाद लेखेका हुन्। चलचित्रलाई कमेडी, ड्रामा, रोमान्स तथा सिक्वेलको श्रेणीमा राखिएको छ। दुई घण्टा लामो यो चलचित्रको वितरण वार्नर ब्रोज पिक्चर्स डिस्टिब्युसनले गरेको छ। चलचित्रको छायांकन अमेरिकाको न्यूयोर्कका अतिरिक्त मोरक्कोमा समेत गरिएको छ। चलचित्रमा तीनवटा 'एफ' लाई समेटिएको छ। फन, फेसन तथा फ्रेन्डसिप चलचित्रको मुख्य विषय हो।





तस्बिर : साइबरसंसार डटकम/मो. शाहनबाज





# रिया श्रेष्ठ

**'नाच्न भनेपछि म पछि पर्दिनथेँ । अहिले मेरो पेसा यही भयो,'**- पहिलो पटक भेट्दा नै रियाले आफ्नो परिचय त्यसरी दिइन् । चलचित्र, म्युजिक भिडियो तथा रंगमञ्चमा मात्र होइन, रियाले दुबईलगायत खाडी मुलुकमा पनि आफ्नो नृत्यकला प्रस्तुत गरेर प्रशंसा बटुलिसकेकी छिन् । 'मेरा बारेमा लेख्दा मोडल भनेर नलेख्नुहोला, किनभने म मोडल मात्र होइन,'- उनले आफ्नो परिचयमा 'नवनायिका' थपिदिन आग्रह गर्दै भनिन् । निकट भविष्यमा उनी सोभित बस्नेत आदि निर्देशकका चलचित्रमा नायिकाको भूमिका निर्वाह गर्दैछिन् । अभिनय र नृत्यलाई उनी आफ्नो 'प्यासन' बताउँछिन् ।

काठमाडौं, कोटेश्वर निवासी रियाले व्यक्तिगत जीवनका पानाहरू पनि पल्टाइन् र भनिन्- 'मैले जीवनमा साँचो माया गर्दा धोका पाएँ । त्यही माया र विश्वासका कारण मैले जीवनको केही वर्ष ऊप्रति समर्पित गर्दै करियरमा अघि बढ्ने ढोका बन्द गरेँ । अहिले पनि ढिलो भैसकेको छैन । अब म बनावटी मायामा विश्वास गर्दिनँ ।' उनको अनुभवमा प्रेममा यौनको भूमिका क्षणिक हुन्छ । विपरीत लिंगीप्रतिको आकर्षणले प्रेम पलाए पनि त्यसको मूल जरो यौनसँग सम्बन्धित हुने रियाको धारणा छ । यद्यपि मनैदेखि गरिने प्रेम अचेल निकै कम हुने उनको बुझाइ छ । अभिनेत्री भएपछि शरीर प्रदर्शन गर्नु सामान्य मान्छिन् उनी । 'भूमिकाअनुसार आफ्नो सुन्दरताको प्रदर्शन त्यतिसम्म गर्नुपर्छ, जहाँबाट त्यो भल्गर नदेखियोस् ।'

-सुव्रत

● पहिरन : क्याक्टस्, तुलाधर कम्प्लेक्स्, न्यूरोड ● ट्याटु आर्ट : महेश प्रजापति, ट्याटु हाउस, कुमारीपाटी ● श्रृंगार : अमृत मरहठ्ठा ● हेयर स्टाइल : विपिन

## ● साताको स्वर ●



## नवीन राई

**'हिउँदमा घाम प्यारो' कस्तो शैलीको गीत हो ?**

आधुनिक शैलीमा आधारित गीत हो, जसमा भानुभक्त ढकालको संगीत तथा त्रिविक्रम पाण्डेको शब्द छ ।

**गीतमा कस्ता भावना समेटिएका छन् ?**

माया र प्रेमलाई प्रकृतिसँग तुलना गरिएको छ । प्रकृतिजस्तै माया र प्रेम पनि परिवर्तनशील हुन्छ भन्ने सन्देश दिन खोजिएको छ ।

**कस्ता श्रोताले यो गीत रुचाएका छन् ?**

हरेक उमेरका श्रोताका लागि यो गीत तयार पारिएको हो, तर टिनएजर श्रोताले बढी रुचाएका छन् ।

**गीतको कुन पक्ष राम्रो छ ?**

गायनमा सक्दो मेहनत गरेको छु । मेलोडी पनि राम्रो छ ।

**म्युजिक भिडियो कस्तो छ ?**

अहिलेका लोकप्रिय मोडलहरूले अभिनय गरेकाले भिडियो पनि आकर्षक बनेको छ । अर्जुन अधिकारीले गीतको भावनाअनुरूप नै भिडियो बनाएका छन् ।

### अनुभूतिको विमोचन

भाइब्स क्रिएसनले आफ्नो पहिलो वार्षिकोत्सव नयाँ गीतिसंग्रह 'अनुभूति' विमोचन गरी मनाएको छ । गत शुक्रबार राजधानीमा आयोजित समारोहमा संगीतकार राजु सिंह तथा गीतकार डा. कृष्णहरि बरालले संयुक्त रूपमा उक्त संग्रह विमोचन गरेका हुन् । गीतकार शम्भु राई 'पृथक' ले रचना गरेका आधुनिक गीतहरूको उक्त संग्रहमा राजेशपायल राई, स्वरूपराज आचार्य, आभा मुकारुङ, भीषण मुकारुङ, जगदीश समाल तथा दीपक लिम्बुले गाएका गीतहरू छन् ।

### शान्ति गीतको भिडियो

गत शनिबार राजधानीमा शान्ति गीतको म्युजिक भिडियो प्रिमियर गरियो । पर्यटन बोर्डमा आयोजित कार्यक्रममा राष्ट्रकवि माधवप्रसाद घिमिरेले म्युजिक भिडियो सार्वजनिक भएको घोषणा गरेका थिए । कार्यक्रममा मह जोडी पनि उपस्थित थिए । जगदीश समालसहित विभिन्न गायकले उक्त गीतमा स्वर दिएका छन् ।

संगीतिक क्षेत्रको वर्तमान अवस्थाका बारेमा जानकारी गराएका थिए ।

### प्रज्ञाभवनमा कन्सर्ट

रेस्टुरेन्ट प्रोफेसनल एसोसिएसनको सातौं वार्षिकोत्सवको अवसर पारेर गत शुक्रबार प्रज्ञाभवनमा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा धीरज राई, यम बराल, अञ्जु पन्त, रिमा गुरुङ आदि गायक-गायिकाले गीत-संगीत प्रस्तुत गरेका थिए । कार्यक्रममा नृत्य तथा हास्य व्यंग्यात्मक प्रस्तुति पनि समावेश गरिएको थियो ।

### क्या दामी...को विमोचन

गायक शिव परियार आफ्नो गीतिसंग्रह 'क्या दामी...' मार्फत पुनः श्रोतामाझ आएका छन् । गत साता राजधानीमा आयोजित एउटा सांगीतिक समारोहमा 'क्या दामी...' विमोचन गरिएको थियो । विमोचन समारोहमा गायक परियारले संग्रहका केही गीत गाएका थिए भने संग्रहको शीर्षक गीतको म्युजिक भिडियोको प्रिमियरसमेत गरियो । प्रसन्न पौडेलद्वारा निर्देशित उक्त भिडियोमा दुई दर्जन मोडलले एकसाथ अभिनय गरेका छन् ।

विश्वका कुनै पनि स्थानबाट डाउनलोड गर्न सकिने भएको छ । डिजिटेन्मेन्ट प्रालिले नेपस्टारसँग मिलेर अनलाइनमार्फत नेपाली गीत-संगीतलाई विश्वभरि फैलाउन लागेको हो । यो सेवाबाट नेपाली संगीतकर्मी तथा संगीत कम्पनीले सीआरबीटी सेवाको तुलनामा २० प्रतिशत बढी आम्दानी गर्नेछन् । नेपालका अधिकांश संगीत कम्पनीबाट यो सेवा उपलब्ध गराउन स्वीकृति लिइसकिएको डिजिटेन्मेन्टले जनाएको छ ।

### स्टार सुधमुर साँझ

काभ्रे जिल्लाको नालामा आयोजित स्टार साँझ कार्यक्रममा विभिन्न कलाकारले गीत-संगीत तथा नृत्य प्रदर्शन गरे । स्थानीय महालक्ष्मीस्थानमा आयोजित उक्त कार्यक्रममा अधिकांश नयाँ गायक-गायिका सहभागी थिए । स्टार नेपाली युवा क्लब, नालाले महालक्ष्मी जात्राको अवसर पारेर सांस्कृतिक कार्यक्रम आयोजित गरेको हो । कार्यक्रममा हाचापुङका कलाकार लोकनाथ ढकाल तथा सुन्दरी मिश्रको नृत्यले दर्शकको मन जितेको थियो ।

## ● म्युजिक अपडेट ●

### मुगाको आगमन

गायिका मुगा श्रेष्ठको पहिलो गीतिसंग्रह 'मुगा' को विमोचन कान्तिपुर टेलिभिजनको सांगीतिक कार्यक्रम कल कान्तिपुरबाट भएको छ । गायिका श्रेष्ठ तथा राहुल प्रधानद्वारा संगीतबद्ध यो संग्रहमा पप तथा आधुनिक शैलीका गीत समावेश छन् । विमोचनका क्रममा संग्रहको उड्यो मेरो मन...को म्युजिक भिडियोको प्रिमियरसमेत गरियो । उक्त भिडियोका निर्देशक सुरजसिंह ठकुरी हुन् ।

### प्रधानमन्त्रीसँग संगीतकर्मी

नेपाली संगीतकर्मीहरूको एक समूहले गत साता प्रधानमन्त्री माधवकुमार नेपाललाई भेटेर आफ्ना समस्या अवगत गराएका छन् । बद्री पंगेनी, निशा सुनार आदि संगीतकर्मीको एक समूहले गत आइतबार प्रधानमन्त्रीलाई भेटेर

### गोरखा पल्टनको विमोचन

तेस्रो इन्डियन आइडल प्रशान्त तामाङले पहिलो पटक नायकको भूमिका निर्वाह गरेको नेपाली चलचित्र 'गोरखा पल्टन' को गीतिसंग्रह श्रोतामाझ आएको छ । गत साता हास्यकलाकारद्वय मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यले उक्त संग्रह विमोचन गरे । चलचित्रका केही गीतमा तामाङको पार्श्व गायन छ । गोरखा पल्टनका गीत अञ्जु पन्त, देवी घर्तीमगर, शर्मिला गुरुङ तथा नारायण रायमाझीको स्वरमा तयार भएका छन् । गोर्खापल्टनमा बीबी अनुरागी, श्रीधापा, कल्याण शेरचन तथा नारायण रायमाझीले संगीत दिएका छन् ।

### अनलाइनमा नेपाली संगीत

अब नेपाली गीतसंगीत

### निर्माता बने संगीतकार

चलचित्र निर्माता चिरञ्जीवी बस्नेत संगीतकार बनेका छन् । आफैंले निर्माण गरेको २८ औं चलचित्र 'भागी-भागी नजाऊ' का संगीतकार चिरञ्जीवी नै हुन् । चलचित्रका लागि उनले चारवटा गीत तयार पारेका छन् । संगीतमा प्रमाणपत्र तहसम्म अध्ययन गरेका चिरञ्जीवीले यो चलचित्रका लागि नृत्यपरक गीत तयार पारेका छन् ।

### मनाङमा आनी छोइङ

गायिका आनी छोइङ डोल्माले पहिलो पटक मनाङ पुगेर गीत सुनाएकी छिन् । गन्तव्य मनाङ २०१० को अवसर पारेर आयोजित सांगीतिक कार्यक्रममा आनीले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेर स्थानिय दर्शकको मन जितेकी थिइन् ।

## ● अफ द बिट ●



गायिका र नायिका : लामो समयदेखि अमेरिकामा बसोबास गर्दै आईरहेका गायिका सरिष्मा अमात्य तथा नायिका पूजा चन्दको फेसबुकमा भेटिएको एउटा तस्बिर ।

### भैरवीको विमोचन

सांगीतिक कार्यक्रममा व्यस्त भैरहेका संगीतकार अनिल शाही लामो समयपछि गीति संग्रहमार्फत श्रोतामाझ आएका छन् । उनले संगीतबद्ध गरेका नयाँ फ्युजन धुनको संग्रह 'भैरवी' को गत सोमबार राजधानीमा आयोजित एक समारोहमा विमोचन सम्पन्न भयो । विमोचन समारोहमा संगीतकार शाहीले गिटारवादन पनि प्रस्तुत गरेका थिए ।

### रत्नशमसेर सम्मानित

गीतकार रत्नशमशेर थापा सम्मानित भएका छन् । 'हे कान्छा ठट्टैमा यो बैंस जान लाग्यो...' लगायत दर्जनौं लोकप्रिय गीतका यी स्रष्टालाई गत शनिबार राजधानीमा निर्झर दिलचेत वाङ्मय प्रतिष्ठानले 'काव्य सम्मान' बाट सम्मानित गरेको हो ।

### हेमन्तको नयाँ शैली

हेमन्त शर्मा आधुनिक गायनमा स्थापित नाम हुन् । आफ्ना म्युजिक भिडियोमा आफैं मोडलिङ गर्न थालेका शर्माले सांगीतिक कार्यक्रमको आफ्नो प्रस्तुतिलाई आकर्षक बनाउन थालेका छन् । आधुनिक गीत गाउने गायक सांगीतिक कार्यक्रममा प्रायः स्थिर देखिन्छन् । हेमन्त भने यसमा पृथक् देखिएका छन् । पछिल्ला सांगीतिक कार्यक्रममा उनी आफ्ना लोकप्रिय गीत गाउनुका साथै आकर्षक नृत्यसमेत गर्न थालेका छन् । भर्खरै सम्पन्न टेलिएवार्ड वितरण समारोहमा हेमन्तको प्रस्तुति चर्चाको विषय बनेको थियो ।

## ● विदेशबाट ●

# तीस मिनेटको पाँच लाख

कान्सको एउटा लक्जरी होटलमा तीस मिनेटको एउटा शोका लागि बेलायती पप स्टार चेरिल कोलले पाँच लाख डलर पारिश्रमिक पाउने पक्का भएको छ । हालै मात्र फुटबलर श्रीमान् एश्ले कोलसँग सम्बन्ध-विच्छेद गरेकी चेरिलको सांगीतिक करियर अहिले उचाइमा छ । लक्जरी ज्वेलरी कम्पनि ग्रिसोगोनोद्वारा कान्समा आयोजित पार्टी तथा डिनरमा २६ वर्षीया चेरिल सहभागि हुनेछिन् । होटल डु क्याम्पमा आयोजना हुने उक्त समारोहमा चेरिललाई महँगा गहना उपहार प्रदान गरिनेछ । उक्त कार्यक्रममा नाओमी क्याम्पबेल तथा माग्रेरिटा मिसोनीजस्ता मोडल पनि सहभागि हुँदैछन् । यसअघि चेरिलले टेलिभिजन ट्यालेन्ट शो एक्स फ्याक्टरको अन्तिम श्रृंखलामा दुई मिलियन अमेरिकी डलर आम्दानी गरेकी थिइन् । वर्ष २०१० को अन्त्य सम्ममा उनको आम्दानी अझ बढ्ने अनुमान गरिएको छ । प्रशस्त आम्दानीका कारण उनी ३० वर्षभन्दा कम उमेरका धनाढ्य संगीतकर्मीको श्रेणीमा पर्न सफल भएकी छिन् ।



## ● ब्याण्ड ●

# फ्रेन्ड्स



सांगीतिक क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाइसकेका चार जना संगीतकर्मी मिलेर स्थापना गरेको समूहको नाम हो, 'फ्रेन्ड्स' । समूहमा दुई पुरुष तथा महिला संगीतकर्मी सक्रिय छन् । मोहित मुनाल, सुजन केसी तथा श्वेता केसी मिलेर यो समूह तयार भएको हो । २०६२ सालमै स्थापना भएको यो समूह यतिबेला भने सक्रिय रूपमा संगीतकर्ममा लागिपरेको छ । ठ्याक्कै पाँच वर्षअघि नेपाली सांगीतिक क्षेत्रमा केही नयाँ कार्य गर्ने उद्देश्यले स्थापना भएको यो समूहको नामकरण पनि रमाइलो छ । एउटै क्षेत्रमा आबद्ध साथीहरू मिलेर समूह निर्माण गर्ने भएकाले उनीहरूको समूहको नाम नै 'फ्रेन्ड्स' अर्थात् साथीहरू राखेका हुन् । 'श्रोतालाई केही नयाँ कुरा दिनुपर्छ भन्ने हाम्रो मुख्य उद्देश्य हो, गायक तथा संगीतकार मुनाल भन्छन्– 'आफ्नो उद्देश्यमा हामी सफल पनि भैरहेका छौं ।'

स्थापना भएको केही समयपछि नै समूहले पहिलो गीत रेकर्डिङ गऱ्यो, 'चम्किरहेका यी सपनाहरू...' । पहिलो गीतश्रोताले मन पराएपछि समूहका चारै जना सदस्य उत्साहित भए । यो गीत सुन्न स्टुडियो धाउनेहरू प्रशस्त भए । 'समूहको पहिलो प्रस्तुति श्रोताले मन पराएपछि हामी थप गीत तयार पार्न उत्साहित भयौं,' संगीतकर्मी सुजन केसी भन्छन्– 'हामीले गीतको संगीत पक्ष तथा शब्दमा बढी मेहनत गरेका छौं ।' एक-दुई गर्दै उनीहरूले नौवटा गीत रेकर्ड गरे । गीतिसंग्रहको शीर्षक पनि 'फ्रेन्ड्स' नै राखे । 'गीतिसंग्रह सार्वजनिक गर्ने सही समय पर्खंदा-पर्खंदै बल्ल हाम्रो संग्रह सार्वजनिक भएको छ, मोहितका अनुसार गीति संग्रह सार्वजनिक भएपछि उनीहरू सामुहिक रूपमा कन्सर्टमा व्यस्त हुने क्रम पनि बढेको छ । समूहले तयार पारेका दुई म्युजिक भिडियो पनि दर्शकले मन पराइरहेको समूहका संगीतकर्मीहरू बताउँछन् ।

## ● पहिलो विश्व ●





**आमाको मोह :** सन् १९९१ मा डेमी मुरले आफू सात महिनाकी गर्भवती हुँदा भोग म्यागजिनका लागि निर्वस्त्र फोटोसेसन गरेर सनसनी मच्चाएकी थिइन्, त्यसरी नै अहिले सुपर मोडल क्लाउडिया सिफरले जून महिनामा प्रकाशित हुने भोग म्यागजिनका लागि त्यस्तै शैलीमा फोटोसेसन गराएकी छिन् । तीन सन्तानकी आमा सिफरले सात महिनाको गर्भावस्थामा फोटो सुट गराएकी हुन् ।

# राष्ट्रपति व्यस्त भए



फ्रान्सकी प्रथम महिला क्लारा ब्रुनीले आफ्ना श्रीमान् निकोलस सार्कोजीबाट सोचेअनुसार यौनआनन्द नपाएको कुरा बताएकी छिन् । न्यूजविकका सम्पादक जोनाथन अल्टरले प्रकाशित गर्न लागेको पुस्तकलाई आफ्नो अनुभव बताउने क्रममा ब्रुनीले विवाहपछि राष्ट्रपति देशका विभिन्न काममा व्यस्त भएका कारण आफूले पर्याप्त यौनआनन्द लिन नपाएको बताएकी हुन् ।

सार्कोजी र ब्रुनी २००८ मा बेलायतको राजनैतिक भ्रमणमा रहँदा उनीहरू नवविवाहित दम्पतीजस्तै चुम्बन गरिरहेका देखिन्थे । त्यो बेला ब्रुनीले प्रेमी सार्कोजीलाई 'हट बुनी' को उपनामसमेत दिएकी थिइन् । उनीहरूको हाउभाउ देखेर युरोपेली क्षेत्रका सञ्चारमाध्यमहरूले ब्रुनीलाई सार्कोजीले सन्तुष्ट बनाउन सक्छन् भनेका थिए । अहिले विवाह-बन्धनमा बाँधिएपछि ब्रुनी र सार्कोजीको जोडीले प्रेमी-प्रेमिका हुँदाको जस्तो व्यवहार देखाउन नसकेको बताइन्छ ।



# यौनका चोटहरू

यौन आनन्दको माध्यम भए पनि यसले त्यस्तो आनन्द लिनेहरूलाई चोट पनि पुऱ्याइरहेको हुन्छ । हालै बेलायतमा गरिएको सर्वेक्षणमा यौन आनन्द लिने उमेर पुगेका प्रत्येक ३ जना वयस्कमध्ये एक जना यौन आनन्द लिने क्रममा चोटग्रस्त भैरहेको तथ्य फेला परेको छ । यो तथ्यांकअनुसार अहिले बेलायतमा १ करोडभन्दा बढी वयस्क यौनका कारणले चोटग्रस्त अवस्थामा छन् । यसरी चोटग्रस्त हुने वयस्कहरूमा मांसपेशी बटारिने, त्यसपछि मेरुदण्ड दुख्ने, घुँडाको छालामा घाउ हुनेजस्ता समस्या बढी छन् । यसबाहेक वयस्कहरूमा गर्धन सड्किने, कुइना र घुँडामा चोट लाग्ने, कुमको चोट, कुर्कुच्चा दोब्रिने र नाडी सड्किनेजस्ता समस्या पनि देखा पर्ने गरेका छन् ।

सर्वेक्षणले आवेशमा आउँदा वयस्क जोडीहरूले घरका सामग्रीहरूसमेत नष्ट गरेको बताए । यसरी क्षति पुग्ने सामग्रीमा कुर्सी, किचेन टेबल तथा ट्वाइलेटका सामग्री बढी छन् ।

## अन्त्यमा...



इन्टरनेट इन्साइक्लोपेडियाका रूपमा स्थापित विकिपिडियाले आफ्नो साइटका अश्लील दृश्यहरू हटाउन थालेको छ । फक्स न्यूज डटकम साइटले जानकारीका नाममा विकिपिडियाले अश्लील सामग्रीहरू समावेश गरेको समाचार निरन्तर रूपमा प्रकाशित गर्न थालेपछि विकिमेडिया फाउन्डेसनले यो सफाइ अभियान चलाएको हो ।

बालबालिकाहरूलाई स्कुलले गराउने प्रोजेक्ट वर्कका अधिकांश सामग्रीको स्रोतसमेत विकिपिडिया हुने र त्यसमा रहेका अश्लील सामग्रीहरूले उनीहरूको मनोविज्ञानमा असर गरिरहेको समाचार प्रकाशित भएपछि उक्त कार्य प्रारम्भ गरिएको हो । विकिपिडियाले यौनजन्य सामग्रीहरूलाई अलग्गै राखेर यौन गतिविधि शीर्षकमा प्रस्तुत गर्ने जनाएको छ ।




# नेपालमै बाइक रेस



पृष्ठ १ बाट जारी

यामाहा राइडटेकमा पनि नेपाली बाइक राइडरले पिचमै मोटरबाइक हुइँक्याए । मुलुककै पहिलो मोटरबाइक रेस भएकाले पनि घरेलु राइडरको जोस हेर्नलायक थियो ।

सिंहरदरबारनजिक पुलनिर टायरको बाउन्ड्री बनाएर चार सय मिटरको दूरीमा बाइक रेस गराइएको थियो । विकसित देशमा हुने मोटरबाइक रेस 'मोटाजीपी' टेलिभिजनमा हेर्ने बानी परेका नेपाली राइडरका लागि घरेलु प्रतिस्पर्धाले नयाँ अनुभव दिएको छ । उनीहरूलाई उत्साह प्रदान गर्न तीन हजारभन्दा बढी दर्शक, विशेषगरी युवाहरू टन्टलापुर घाममा पुलमाथि र मुनि उपस्थित थिए ।

कृत्रिम ट्र्याक मेहनतसाथ सफा गरिएको भएपनि नेपाली राइडरहरू पूर्ण सुरक्षित स्थितिमा भने थिएनन् । उनीहरूसँग आधुनिक सेफ्टी ड्रेस-सेट पनि थिएन । यामाहाको सामान्य रेस ज्याकेट, नी गार्ड तथा एल्बो गार्डकै भरमा नेपाली राइडरले बाइकको स्पिड र स्किल प्रस्तुत गरेका थिए । प्रतियोगीहरू यामाहाद्वारा उत्पादित आर वान फाइभ तथा एफजेड स्पर्धामा सहभागी थिए भने मोटरबाइक रेस 'टिम नेमेसिस' ले आयोजना गरेको थियो ।

आर वान फाइभमा १७ वर्षीय आशुतोष पाण्डेले सफलता चुमे । नियमित बाइक चलाउन थालेको आठ महिना मात्र भएको बताउने बसुन्धरा धापासीका पाण्डेले आठ ल्याप्सको फाइनल चरण ३ मिनेट ९ दशमलव ४८ सेकेन्डमा पूरा गरेका थिए । रेस जित्न उनलाई खासै गाह्रो भएन । प्रत्येक चरणमा सुरुमै अग्रता लिएपछि पछाडि फर्कनु नपरेको स्थिति उनले फाइनलमा पनि दोऱ्याए । फस्ट ल्यापमा लिएको अग्रता अन्तिमसम्म जोगाउने क्रममा उनले दोस्रो भएका सन्दर्भ थापाभन्दा १ दशमलव ५३ सेकेन्ड अघि रेस पूरा गरेका थिए । उक्त स्पर्धामा समर मानन्धरले तेस्रो स्थान हासिल गरे ।

एफजेड स्पर्धामा भने अनुभवी सुजित ताम्राकारले बाजी मारे । काठमाडौं, बुद्धनगरका ३० वर्षीय ताम्राकारले प्रत्येक चरणमा प्रतिद्वन्द्वीको कडा चुनौती समाना गर्नुपरेको थियो । फस्ट ल्यापमा पछि परेका ताम्राकारले फाइनलमा सेकेन्ड ल्याप्सबाट लिएको अग्रतालाई अन्तिमसम्म निरन्तरता दिएका थिए । आठ ल्याप्सको रेस उनले ३ मिनेट ४८ दशमलव ६१ सेकेन्डमा पार गरे । उनीसँग शून्य दशमलव २३ सेकेन्ड पछि परेपछि आयुष गुरुङ उपविजेतामै रोकिए । उक्त स्पर्धामा निहाल जोशीले तेस्रो स्थान हात पारे ।

दुवै उपविजेताले २०-२० हजार रुपैयाँ नगद पुरस्कार हात पारे । तेस्रो भएका निहाल र समरको पोल्टामा १०-१० हजार पऱ्यो । विजेताका लागि नगद पुरस्कार थिएन । यद्यपि त्योभन्दा ठूलो उनीहरूका लागि चेन्नाई रेसिङ च्याम्पियनसिपमा सहभागी हुने अवसर थियो । चेन्नाई ट्र्याक दक्षिण एसियाकै एकमात्र मोटरबाइक रेस कोर्स हो ।

विभिन्न क्षेत्रबाट छनोट भएका बाइक राइडरसँग आशुतोष र सुजितले चेन्नाईमा प्रतिस्पर्धा गर्नुपर्नेछ । एक महिनापछि हुने उक्त रेसका सम्बन्धमा उनीहरू निक्कै उत्साहित पनि छन् । रेस कोर्सको अनुभव नभएपनि राम्रो नतिजा निकाल्ने प्रयासमा कुनै कसर बाँकी नराख्ने आशुतोष तथा सुजितले बताए । उनीहरूको चेन्नाई यात्राको व्यवस्थापन यामाहाले गर्नेछ ।

आर वान फाइभमा २६ र एफजेडमा ४८ गरी कुल ७४ बाइक राइडरले प्रतिस्पर्धा गरेका थिए । प्रतियोगीहरूलाई नौ समूहमा बाँडेर प्रतिस्पर्धा गराइएको थियो । प्रत्येक समूहमा शीर्ष तीनमा रहने राइडर अघिल्लो चरणमा प्रवेश गरेका थिए । तीन चरण पार गरेका ६-६ जना बाइक राइडरले दुई स्पर्धाका फाइनल चरणमा अवसर पाएका थिए ।

ट्र्याकमा स्पिडभन्दा स्किललाई बढी जोड दिइएको थियो । 'जोस्सिएर बाइक हाँक्ने हुँदा दुर्घटना



हुनसक्ने डर लागेको थियो', टिम नेमेसिसका म्यानेजर डुम्छा राईले भने, 'त्यो टऱ्यो । अपेक्षाभन्दा धेरै दर्शक उपस्थित भए । त्यसैले ऐतिहासिक बाइक रेस पूर्ण सफल रह्यो ।'

डिजेको म्युजिक मिक्सिङ, बी-बोइङमा टिन एजर्सको कला तथा चेयर लिडरको सेक्सी डान्सले पनि यामाहा राइडटेक च्यालेञ्जको रौनक थपेको थियो । ट्र्याकमा टिम नेमेसिसका आधा दर्जन सदस्यसँगै व्यावसायिक भारतीय मोटरबाइक राइडर फवद खानको स्टन्ट कलाले पनि धेरैलाई लोभ्याएको थियो । यामाहा राइडटेक च्यालेञ्जलाई अब निरन्तरता दिइने प्रायोजक मोरङ अटो वर्क्सले जनाएको छ ।

# खाओवादीहरूले मात्र मलाई माओवादी भन्छन्

पृष्ठ ५ बाट जारी

किनभने म मार्क्सवादी दर्शनबाट प्रभावित छु । समाजमा वर्ग छन् । यी वर्गमध्ये यो संसारमा जति राम्रा कुरा सिर्जना भए, ती सबै श्रम गर्नेहरूले बनाएका हुन् । यद्यपि उनीहरूको सम्मान भएन । म त्यो वर्गको पक्षमा छु । केही दलहरू तिनै विचारको प्रतिनिधित्व गर्छन्, त्यसैले म कम्युनिस्टजस्तो देखिन्छु तर पनि म कम्युनिस्ट होइन, मार्क्सवादी चाहिँ हुँ ।

**त्यसो भए तपाईं कति प्रतिशत मार्क्सवादी ?**

यदि घरभित्रको समानताको कुरा गर्नुहुन्छ भने छोरा-छोरीका लागि वीर्य दानदेखि साधारण काम सघाउनेसम्मको हिसाब गर्दा म ५ प्रतिशत मार्क्सवादी हुँ । यदि मेरो पेसा, मेरो चिन्तन र मेरो व्यवहारको कुरा गर्नुहुन्छ भने म १५ प्रतिशतसम्म मार्क्सवादी हुँ । यद्यपि म घरभित्र पनि सबैजसो काम गर्ने मानिस हुँ ।

**तपाईंका कुराले कम्युनिस्ट पार्टीका नेताहरू मार्क्सवादी हुन सकिरहेका छैनन् भन्ने देखियो, किनभने उनीहरूको शैली पनि तपाईंभन्दा भिन्न त छैन नि ?**

छैन, अरू कम्युनिस्ट पार्टीको त के कुरा गर्नु, स्वयं क्रान्तिकारी परिवर्तनबाट आएको कम्युनिस्ट पार्टीभित्र पनि चरित्रमा ठूला-ठूला प्रश्न उठेका छन् । केही समयअघि माओवादीले नेतृत्ववर्ग बढी सुविधाभोगी भयो भनेर केही निर्णय गऱ्यो । तीमध्ये पहिलो निर्णय थियो– 'महिनाको एक दिन घरबाहिर श्रम गर्ने । यो बिल्कुलै गलत निर्णय थियो । मैले प्रचण्डलाई व्यक्तिगत रूपमै भेटेर त्यसको विरोध गरें । यो त ठूला-ठूला सिद्धान्त बनाउने, बाहिरी रूपमा हामीले यसो गऱ्यौं भनेर देखाउने, अरूलाई धारे हात लगाउने तर आफू परिवर्तन नहुने शैलीकै कुरा भयो । त्यसको साटो एक दिन घरमा लुगा धुने खाना बनाउने कुरा राख्नुपर्थ्यो । भन्नुको अर्थ सतप्रतिशत मार्क्सवादी हुन धेरै गाह्रो छ ।

**तपाईं एउटा बौद्धिक व्यक्ति भएर पनि एउटा दलमा सीमित हुनुभयो ?**

मकहाँ माओवादीमा सीमित भएको छु र ? जतिखेर ४८ जना सभासद मनोनयनको चरण थियो, त्यसबेला प्रचण्ड र डा. भट्टराई माओवादीका तर्फबाट सभासद् बनिदिनुपऱ्यो भन्दै मेरो घरमा आउनुभयो । मैले आफ्नो स्वतन्त्र व्यक्तित्व एवं छविकै कारण त्यसलाई स्वीकार गरिनँ । फेरि म त माओवादीको गलत कुराको पनि विरोध गर्ने मानिस परें । सभासद् भएपछि त्यो अधिकार हरण हुनसक्छ भन्ने मलाई लाग्यो । फेरि म माओवादीबाहेक नरहरि आचार्यको चुनावी सभामा भाषण गर्न जाने, सुप्रभा दिदीलाई भोट दिने मानिस पनि हुँ । खाओवादीहरूले मात्र मलाई माओवादी देख्छन् । मलाई एउटा अमुक दलमा सीमित हुनुभयो भन्न मिल्दैन । सत्य के हो भने यो देशमा माओवादीले जुन परिवर्तनको कुरा गरेको छ, त्यो जायज छ । उसले यसैका लागि १० वर्ष युद्ध लडेको छ । यसैका कारण १५ हजार मानिसको ज्यान गएको छ । त्यसैले आफूले उठाएका कुरा गर्न ऊ बाध्य छ ।

**कतिपय नेताहरू अहिले पनि सत्ता कब्जाको कुरा गर्छन्, त्यो हुन्छ ?**

त्यो त वीरबलको खिचडी पाक्छ भनेजस्तै हो । अहिलेको माओवादी १२ बुँदे समझदारी गर्नुअघिको माओवादी होइन । यो संविधानसभाको निर्वाचन लडेको, सबैभन्दा ठूलो दल भैसकेको, नौ महिनासम्म संसदीय पद्धतिद्वारा सरकार चलाएको पार्टी हो । हिजो डाँडा-पाखाको माओवादी होइन । त्यसैले सत्ताकब्जाको कुरा हिजोको धङधडी मात्र हो । माओवादीका लागि सिंहदरबार र बालुवाटार कब्जा गर्नु ठूलो कुरा होइन, यो २४ घण्टाभित्र सम्भव छ । किनभने ऊसँग फोर्स छ । उसले नजिकैको ब्यारेक पनि कब्जा गर्न सक्छ, तर त्यो कति दिन टिक्छ ? माओवादी लोकतान्त्रिक तवरले नै अघि बढ्नुपर्छ । यसको विकल्प छैन । जसले जे भने पनि माओवादी त्यही कुरा स्वीकार गरेर सिंहदरबार छिरेको हो ।

**त्यसो भए सेना समायोजनको कुरामा माओवादी किन अन्कनाइरहेको छ ?**

माओवादीका कति सेना समायोजन हुने भन्ने प्रश्न महत्त्वपूर्ण होइन । त्यो त दुई हजारमा पनि कुरा मिल्न सक्छ । चुरो कुरा माओवादीका जर्नेलहरूको नेपाली सेनामा कस्तो हैसियत हुने भन्ने हो । यो कुरा अहिले निस्किएकै छैन । दक्षिणपन्थीहरूले राजाको लिटो खाएका सेनालाई लोकतान्त्रीकरण गर्न छाडेर उनीहरूलाई अत्याचार गर्न छुट दिएपछि माओवादी पनि आफ्नो सेनामाथि निर्भर हुन बाध्य भएको हो । नेपाली सेनालाई लोकतान्त्रीकरण गर्ने आँट देखाउनेबित्तिकै माओवादीले पनि सेना समायोजनमा कुरा अड्काउँछ भन्ने लाग्दैन ।

**तपाईं नागरिक समाजमा पनि हुनुहुन्थ्यो, त्यो नागरिक समाज किन छिन्न-भिन्न भयो ?**

किनभने हिजो सबैको स्वार्थ राजा फाल्नु मात्र थियो । जब लोकतन्त्र बहाली भयो, एनजीओको खेती गर्नेहरू एनजीओतिर फर्किए । सत्ताका छेउछाउ पर्नेहरू त्यतैतिर गए, अर्थात् सबैको स्वार्थ बाझियो । अनि गल्ती गर्दै नगर्ने राष्ट्रपतिले कटुवाललाई काँध थापे, हामी केही त्यसो गर्नु हुन्न भन्ने भयौं, कोही कटुवाल नहुँदा त ब्रह्माण्डै खस्छ भन्न थाले । त्यसपछि यो पहिलेको अवस्थामा रहेन ।

**अश्विनी कोइराला**

# निशानामा उद्योगी-व्यवसायी

पृष्ठ ३ बाट जारी

प्रहरी प्रशासन भने यस्ता समूहलाई निस्तेज पार्न असफल हुँदै आएको छ ।

केही आक्रमणका घटनामा विभिन्न भूमिगत संगठनले जिम्मेवारी दाबी गर्छन् भने केहीको जिम्मेवारी लिने कोही हुँदैनन् । आक्रमणको सिलसिला नरोकिएपछि कतिपय उद्योगी-व्यवसायीले वीरगन्ज बाहिर बसेर वीरगन्जको कारोबार हेर्ने, कतिपयले प्रहरीलाई सुरक्षा गार्ड राखेर कारोबार गर्ने, कतिपयले कारोबार नै बेचबिखन गरेर वीरगन्ज मात्र नभई मुलुकनै छोड्नेसम्मको कदम उठाइसकेका छन् । यहाँका उद्योगी-व्यवसायीहरू अपरिचित नम्बरबाट आएको फोन रिसिव गर्दैनन् । केही महिना प्रयोग गरेको मोबाइलको सिम परिवर्तन गर्छन् । आफू बसेको स्थानका सम्बन्धमा खुलेर बोल्न चाहँदैनन् । सञ्चारकर्मीसँग पनि आफ्नो पीडा खुलेर बताउन सक्दैनन् ।

वीरगन्जमा भारतीय अपराधीहरूको चलखेल बढ्नुको कारण भारतीय मोबाइलहरूको यहाँसम्म सहज पहुँच हुनु पनि प्रमुख कारण रहेको उद्योगी-व्यवसायीहरूको गुनासो रहिआएको छ । भारतमै बसेर नेपालमा हुकुम चलाउन सफल अपराधीले आफूहरूलाई धम्की मात्र दिन होइन, भौतिक कारबाहीसम्म पनि गर्न सक्छौं भनी बेला-बेलामा वीरगन्जका उद्योगी-व्यवसायीउपर गोली प्रहारका घटना घटाउने गरेका छन् ।

छिमेकी भारतको बिहार राज्यमा लालु यादवको शासन समाप्त भै नितिश कुमारको सरकार आएदेखि उताका अपराधी तथा आपराधिक गिरोहउपर कस्सिएको सिकंजाका कारण नेपाल अपराधीका लागि सुरक्षित भूमि हुँदै आएको गुनासो यहाँका उद्योगी व्यवसायीहरूको छ । भारतीय अपराधीहरू वीरगन्जकै विभिन्न स्थानमा डेरा लिई बसेर भारतीय मोबाइलबाटै फोन गरी आतंक मच्चाउने काम गरिरहेको गुनासोसमेत उद्योगी-व्यवसायीहरूको छ ।

गत बुधबार राति गोलीको सिकार भएका वीरगन्ज उद्योग वाणिज्य संघका महासचिव गोपाल केडियालाई गोली प्रहार गर्ने व्यक्तिको पहिचान वा पक्राउ गर्नेसम्मको काममा पर्सा प्रहरी सफल हुन सकेको छैन । प्रहरी निरीक्षक विष्णुप्रसाद सोती पर्सा प्रहरी केडियाउपर गोली प्रहार गर्नेको खोजीमा लागि परेको दाबी गर्छन् । प्रहरीले आफ्नो सूत्र परिचालन गरेकाले अपराधी उम्कन नसक्ने दाबी प्रहरीको छ ।

**–शंकर आचार्य**

# वसन्त ऋतुसँगै — खुल्छ फेसनको रंग —

● **रोजिन शाक्य**

वसन्त ऋतुको आगमनसँगै प्राकृतिक सुन्दरतामा थप निखार आउँछ । चारैतिर हरियाली छाउँछ, सुन्दर फूलहरू फुल्न थाल्छन्, प्रकृति बेहुलीझैं सिँगारिन्छ र चारैतिरको वातावरण मनोरम देखिन्छ । प्राकृतिक सुन्दरताको यो अनुपम वातावरणबाट फेसन पनि प्रभावित नभई रहन सक्दैन । फेसनको दुनियाँमा रंगहरूको सुन्दर संयोजनलाई वसन्त ऋतुले अझ प्रेरित गरेको हुन्छ र यसैबाट प्रादुर्भाव हुन्छ फेसनका नयाँ-नयाँ कलर कम्बिनेसनहरू । वसन्त ऋतुमा के कस्ता रंग सुहाउँदा हुन्छन् र प्रयोगमा आउँछन् भन्ने जिज्ञासामा फेसन प्यालेसका डिजाइनर रूपक जोशी भन्छन्- 'वसन्तु ऋतुमा पर्पल, ब्लु, लेमन, एलो जस्ता रंगहरूको बाहुल्यता रहनेछ ।' बटम वेयरमा भने ह्वाइट, क्रिम र खादीको प्रयोग हुने रूपकले बताए ।

आइएनआईएफडीका डिजाइनर कोअर्डिनेटर एवं फेसन डिजाइनर सैकत दत्तका अनुसार पुरुष फेसनतर्फ स्प्रिङ कलर सेडमा लाइट पिन्क, नेचुरल ग्रिन र लाइट पर्पलको बाहुल्यता रहनेछ । दत्तका अनुसार डार्क पिन्क, टरक्वाइज र रेड सेड्स महिला फेसनमा बढी प्रयोग हुनेछ । अर्का डिजाइनर योगन्द्रमेहर बज्राचार्य भने पिंक, ग्रिन र ओरेन्ज रंगका हल्का सेड्सहरू महिला फेसनमा रहने बताउँछन् । पुरुष स्टाइलमा भने ग्रिनलाइट र लाइन येलोलाई बढी रुचाइने मेहरको कथन छ ।

उल्लेखित प्रसंग भए हाम्रा फेसन डिजाइनरहरूको तर विश्व परिप्रेक्ष्यमा भने प्यान्टोनलाई सबैभन्दा भरपर्दो र विश्वसनीय कलर स्ट्यान्डर्ड मानिन्छ । प्यान्टोनले हरेक वर्ष न्यूयोर्क फेसन डिजाइरहरूबीच सर्वेक्षण गर्छ र उनीहरूको राय तथा प्रतिक्रियाका आधारमा प्रोमिनेन्ट कलर कलेक्सनको रिपोर्ट प्रस्तुत गर्छ ।

प्यान्टोन रिपोर्टलाई अधिकांश फेसन डिजाइनर, पत्रकार एवं फेसनविज्ञहरूले रिफरेन्सको आधार मानेको पाइन्छ । यसपटक न्यूयोर्क, लण्डन, मिलान फेसन सप्ताहमा लेसमन र साइट्रस लाइम, पपाया र म्यांगोजस्ता फ्रुटी रंगले प्राथिमकता पाए । नीलो रंगको प्रभावमा रोज डस्ट तथा स्लेट ग्रेको सोफिस्टिकेटेड सेड्सको बाहुल्यता रह्यो । कोबाल्ट ब्लुभन्दा कम गाढा र स्काई ब्लुभन्दा गाढा सेड्स जस्तै- लेभेन्डर, भाइब्रेन्ट प्यालेस ब्लुको चमक उत्तिकै देखियो । फुसियादेखि रोजसम्मका



> प्राकृतिक सुन्दरताको यो अनुपम वातावरणबाट फेसन पनि प्रभावित नभई रहन सक्दैन । फेसनको दुनियाँमा रंगहरूको सुन्दर संयोजनलाई वसन्त ऋतुले अझ प्रेरित गरेको हुन्छ र यसैबाट प्रादुर्भाव हुन्छ फेसनका नयाँ-नयाँ कलर कम्बिनेसनहरू । वसन्त ऋतुमा के कस्ता रंग सुहाउँदा हुन्छन् र प्रयोगमा आउँछन् भन्ने जिज्ञासामा फेसन प्यालेसका डिजाइनर रूपक जोशी भन्छन्- "वसन्तु ऋतुमा पर्पल, ब्लु, लेमन, एलो जस्ता रंगहरूको बाहुल्यता रहनेछ ।" बटम वेयरमा भने ह्वाइट, क्रिम र खादीको प्रयोग हुने

गुलाफी रंगका सबै सेड्सको प्रभाव पनि उत्तिकै रह्यो । ग्रिन सेड्सतर्फ भने साइट्रस लाइम, लुसाइट र भाइब्रेन्ट ग्रिनको आकर्षण पाइयो । प्यान्टोनको टपटेन स्पिङ कलर सेड्सले पनि उल्लेखित रंगलाई पछ्याएको पाइन्छ । जसअनुसार यसपटकको वसन्त ऋतुमा ब्लू, रेड, ग्रिन र एलो रंगको प्रभाव देख्न पाइने अनुमान गर्न सकिन्छ ।

**ब्लु सेड्स (प्यालेस ब्लु) :** यो रंग स्काई ब्लु र स्ट्रङ नेभी ब्लुबीचको संयोजनबाट प्राप्त हुन्छ । मूलतः यो रंगको कम्बिनेसन पिंक, एलो, लेभेन्डर, ग्रिनजस्ता रंगसित सुहाउँदो हुन्छ ।

**लेभेन्डर :** ब्लु कलरको यो सेड्सले भने सफ्ट, फेमिनेन, रोमान्टिक र रोमाञ्चक अनुभूति प्रदान गर्छ । मूलतः टपका लागि यो रंग बढी सुहाउँछ ।

**रोज डस्ट :** फिक्का पिंकी ब्लु सेड्सका रूपमा परिचित यो रंगलाई सबैभन्दा कुल कलरका रूपमा अंगालिन्छ ।

**स्लेट ग्रे :** प्यान्टोन कलर लिस्टमा रहेका अन्य नौवटा सेड्सले भन्दा यसले कुल लुक दिनुका साथै न्युट्रल अनुभूति दिन्छ । ट्राउजर एवं स्कर्टमा यो रंग बढी सुहाउँछ ।

**रेड सेड्स (फुसिया रेड) :** सिडक्टिभ, पावरफुल र भायब्रेन्ट शब्दहरूले यो कलर सेडको परिचय दिन्छ । आकर्षक एवं मनमोहक यो सेड नेल पोलिस र लिपिस्टिकमा पनि उत्तिकै प्रचलनमा छ ।

**सालमोन रोज :** सबैखाले कम्प्लेक्सनका लागि सुहाउँदो यो सेड मूलतः ओरेन्ज कलरको फिक्का सेड तथा बेबी पिंकको कम्बिनेसनबाट प्राप्त हुन्छ र यसलाई सबैले रुचाएको पाइन्छ ।

**ग्रिन सेड्स :** भाइब्रेन्ट ग्रिन ब्राइट भए पनि यसलाई सोबर मानिन्छ । प्रकृतिसित ब्लेन्ड गरेर पहिरन लगाउन रुचाउनेहरूमा यसप्रतिको आकर्षण बढी हुन्छ ।

**डार्क साइट्रस :** ओलिभ कलरजस्तो देखिने यो सेड सबैखाले लेमन टोनसित उत्तिकै सुहाउँछ ।

**लुसाइट ग्रीन :** यो सेड खासगरी सफ्ट कलर मन पराउनेहरूबीच लोकप्रिय छ । सफ्ट एवं लाइट सेडको यो रंगले कुल र सिमर लुक प्रदान गर्छ ।


**एलो सेड्स (सुपर लेसमन) :** एलो सेड्सअन्तर्गत यो सबैभन्दा राम्रो, सुन्दर एवं आकर्षक उपलब्धि हो । प्यान्टोनका अनुसार यो रंग रोमाञ्चक एवं सकारात्मकताको संवाहक हो ।



सचित्र









# माग्नेबुढा र धुर्मुसको संविधान शोक

साप्ताहिक समाचार

मेरी बास्सैका हास्य कलाकारद्वय केदार घिमिरे (माग्नेबुढा) र सीताराम कट्टेल (धुर्मुस) ले तोकिएको मितिमा संविधान नबन्ने निश्चित भएपछि कपाल दाह्री खौरी संविधानको शोक मनाएका छन् ।

जेठ १४ भित्र संविधान बनाउन दबाब दिने उद्देश्यले एक वर्षअघि माग्ने बुढाले संविधान नबनेसम्म दाह्री-कपाल नकाट्ने प्रतिबद्धता गरेका थिए, तर सांस्कृतिक कार्यक्रमको सिलसिलामा इजरायल जाँदा दिल्ली अध्यागमनले आतंकवादीको आशंकामा उनलाई रोकेपछि बाध्य भएर दाह्री काटे पनि त्यसपछि कपाललाई भनें निरन्तरता दिएका थिए । एक वर्षदेखिको कपाल र ६ महिनादेखिको दाह्रीका कारण उनी पछिल्लो समयमा जोगीजस्तै देखिन्थे ।

इजरायलबाट फर्किएपछि उनलाई उनका जोडी धुर्मुसले पनि माग्नेबुढाको अभियानमा ऐक्यबद्धता जनाएका थिए । यो जोडीका अतिरिक्त बान्द्रे (सुरज चापागाईं) र सुन्तली (कुन्जना घिमिरे) ले मंगलबार धुर्मुस निवास खुमलटारमा कपाल मुन्डन गरी टाउकामा सेतो टालो बाँधेर शोक मनाए । शोकको क्रममा उनीहरूले एक छाक खाना छोडेका थिए । बान्द्रेले धुर्मुस र माग्नेबुढाले केस खौरन्जेल एउटा खुट्टा उचालेर जनआन्दोलनका घाइतेहरूको पीडाबोध गरेका थिए । 'संविधान बनाउन पठाएका ६ सय १ सभासद्ले जनताको पसिनाले तिरेको अरबौं करबाट तलबभत्ता, सेवा सुविधा लिनेभन्दा अरू केही सोचेनन्' माग्ने बुढाले आक्रोशित भावमा भने, 'संविधान बनाउनेभन्दा पनि कुर्सीको लागि लुछाचुडीमै लागेकाले हामीले संविधान बनाउन दबाब दिन यस्तो प्रतिबद्धता जनाएका थियौं तर राजनीती कुर्सीकै वरिपरि घुमिरह्यो ।'

माग्नेबूढाका अनुसार यो ६ सय १ सभासद्को किरिया हो । यसअघि पशुपतिमा गएर ६ सय १ सभासदलाई कुशको पुतला बनाएर दाहसंस्कार गर्ने भनिए पनि परिवर्तित अवस्थालाई विचार गरी त्यसो नगरिएको उनले बताए । जनताले नयाँ संविधान बनाएर देशलाई शान्ति र विकासको बाटोमा डोऱ्याउन जनादेश दिए पनि सत्ताकै खेलमा नेताहरू केन्द्रित रहेकाले जिम्मेवारी बोध गराउन कपाल मुन्डन गरेर शोक मनाउनु परेको धुर्मुसले बताए । यता श्रीमान्कै अगाडि सेतो बस्त्र लगाएकी कुन्जनाले भनिन्- 'मेरा लागि मेरो श्रीमान्भन्दा देश ठूलो हो नि, यस्तै बाँदरे प्रवृत्तिका कारण भोलि मातृभूमि नै नहरे पतिको के काम ?' कलाकारहरूले मनोरन्जनमात्र दिने नभएर राष्ट्र, समाज र जनताप्रति पनि उनीहरूको उत्तिकै उत्तरदायित्व हुने भएकाले यसप्रति आवाज बुलन्द पार्न यसो गरिएको उनीहरूको भनाइ छ ।

# कलिउड, शोभित र रेजिना

नेपाली चलचित्रलाई बलिउडको ठिमाहा सन्तानका रूपमा चित्रण गरिनु नौलो कुरा होइन । भारतीय प्रभाव मात्र भए त केही थिएन हुबहु हिन्दी चलचित्रको 'कपी-पेस्ट' गरिन थालिएको छ, नेपाली चलचित्रमा । यति हुँदाहुँदै पनि यहाँका सिनेकर्मी सोझै भारतीय गन्ध आउने आफ्नो चलचित्रलाई 'मौलिक कथानक' भन्न कुनै संकोच मान्दैनन् । तर, शोभित बस्नेतचाहिँ अपवाद हुन्, जो हाकाहाकी यो तथ्यलाई स्वीकार गर्छन् ।

एक दशक अघिको 'राजकुमार' बाट निर्माणाधीन चलचित्र 'राज' सम्म आइपुग्दा २५ वटा चलचित्र निर्देशन गर्न भ्याइसकेका शोभित कलिउडका व्यस्त निर्देशक हुन् । सबैभन्दा बढी चलचित्र निर्देशन गरेर आफूलाई अग्रपंक्तिमा उभ्याएका छन् शोभितले । यी अर्धवैशे डाइरेक्टर हिन्दी फिल्मको नक्कलसम्बन्धी दलिल पेस गर्न पनि पोख्तछन् । मानौं, कथा चोरेर चलचित्र बनाउनु कुनै बहसको विषय होइन । शोभित भन्छन्, 'विश्वमा चलचित्र बन्न थालेको सय वर्षभन्दा बढी भयो । अहिलेसम्म ५ लाखभन्दा बढी चलचित्र बनिसके होलान् । जति चलचित्र बने पनि ५ वटा कथाकै वरिपरि सबै चलचित्र केन्द्रित हुनेगरेका छन् ।' उनले थपे, जस्तो द्वन्द्वात्मक, हास्यकथा, ऐतिहासिक, पारिवारिक र धार्मिक पक्षमा मात्र चलचित्रहरू बन्ने गरेकाले कथा साभार हुँदैमा केही फरक पर्दैन, मात्र दर्शकलाई नयाँ टेस्ट दिन सक्नुपर्छ ।

निश्चय नै दर्शकलाई नयाँ स्वाद दिनुपर्छ तर नेपाली चलचित्रमा नेपालीपन र संस्कृति किन नझल्काउने ? भन्ने प्रश्नमा शोभित भन्छन्, 'म भानुभक्त वा श्रीस्वास्थानी बनाएर डुब्न चाहन्न ।' चलचित्रमा ५० लाख खर्चिएर थप ५० लाख कमाउने हो । दुर्गा, कर्णवीर र चोरसिपाही बनाउने हो, दाल भात र डुकुको जोहो गर्ने हो ।' यही रोडम्यापमा कलिउड लाग्ने हो भने नेपाली चलचित्रको स्तर कहाँ पुग्ला भन्ने प्रश्नमा शोभित भन्छन्– प्रश्न चल्ने चलचित्र कि चलाइने चलचित्र बनाउने भन्ने हो । यसको उदाहरण उनैले दिए, 'चर्चित कृतिमा बसाइँ र मुनामदन जस्ता चलचित्र बने, तर ती चलचित्र कसले हेरे थाहा छैन तर मलाई थाहा छ म तिमी बिना मरिहाल्छु धेरैले हेरे ।'



धमाधम चलचित्र हलहरू बन्द हुँदैछन् । अहिले घर-घरमै सिडी प्लेयरमा चलचित्र हेरिन्छ । यद्यपि शोभित नेपाली चलचित्रको बजार खस्किएको कुरा मान्न तयार छैनन् । 'मार्केट कहाँ खस्किएको छ ? दशवटा स्टेसनमा हिन्दी चलचित्र चल्दा १ सय ठाउँमा त नेपाली चलचित्र नै चलिरहेको हुन्छ ।' उनले दृष्टान्त तेर्स्याए, 'दमकमै हेर्नुस्, बिर्तामोड र पथरीमा हेर्नुस् कहिले चलेको छ हिन्दी चलचित्र हलमा ?' भाषा नेपाली भएको 'हिन्दी चलचित्र' चलेकाले हो कि भन्ने व्यङ्ग्यात्मक प्रश्नमा चाहिँ शोभित मुस्कुराए मात्र । हिट र फ्लप चलचित्रको मापन व्यावसायिक आधारमा गरिनुपर्ने बस्नेतको राय छ । कोठामा बसेर यो सुपरहिट, त्यो फ्लप भनेर चलचित्रको समीक्षा गर्ने अधिकार कसैलाई नभएको बताउने शोभित जुन चलचित्रले व्यावसायिक सफलता हात पार्छ त्यसैलाई सुपरहिट भन्नुपर्ने तर्क गर्छन् ।

छोटो समयमै धेरै चर्चा बटुलेका निर्देशक बस्नेतका चलचित्रहरू मूलतः औसत कोटीका मानिन्छन् । आफ्नो कुनै पनि चलचित्रलाई सुपरहिट नमानिए पनि उनलाई कुनै गुनासो छैन । 'वश ! जनताले मन पराए पुग्यो, मेरा सिर्जनालाई सुपरहिटको पगरी गुथाउनु छैन ।' उनी अलि उत्तेजित भए । यसबीच प्रसङ मोडियो । धेरै निर्देशक र नायिकाबीच इलुइलु चल्ने गरेको चर्चामा आइरहन्छ । कलिउडमा रसिक निर्देशकको उपमा पाएका शोभितसँग उनको अन्तरङ सम्बन्धका बारेमा नसोध्ने कुरै भएन । नायिका रेजिना उप्रेती र शोभितबीचको सम्बन्धका बारेमा प्रसंग उप्काउँदा शोभितले भने, 'हो, रेजिनालाई प्रमोट गर्न मेरै भूमिका छ । रेजिना मात्र किन, आफ्नै ब्यानरमा सीमित रेखा थापालाई चलचित्र दुर्गामा सशक्त रोल दिएर मैले नै स्थापित गरें ।' शोभित भन्दै गए, 'झरना थापालाई कसले यहाँसम्म ल्यायो ? यहाँ धेरै कलाकार छन् जसलाई शोभित बस्नेतले स्थापित गरेको छ, तर अरूसँग होइन, खाली रेजिनासँग मात्र मेरो नाम किन जोडिन्छ ? मैले बुझ्न सकेको छैन ।' तपाईंका चलचित्रमा रेजिना दोहोरिरहनुले पनि शंका उत्पन्न भएको हो कि ? शोभित फेरि तातिए- 'मेरा ९ वटा चलचित्रमा रेजिनाले अभिनय गरेकीछिन् । कतिपयमा उनको सानोतिनो भूमिका पनि छ । जब कि झरना थापालाई मुख्य नायिका बनाएर ११ वटा चलचित्रमा काम गराएको छु ।'

रेजिना र झरनालाई आफ्नो चलचित्रमा स्थान दिए पनि शोभितलाई मनपर्ने नायिका चाहिँ करिश्मा मानन्धर हुन् । बस्नेत भन्छन्, 'करिश्माको दाँजोमा अरू नायिका आउँदैनन् ।' हिरो चाहिँ को राम्रो नि ? दुई सुपरस्टारको व्याख्या गर्दै शोभितले भने- भुवन केसी । जसलाई अभिनय र पर्सनालिटीको हिसावमा कसैले भेटाउँदैन अनि, राजेश हमाल । राजेश नेपाली चलचित्र उद्योगका इज्जत हुन् । रमाइलो त के छ भने दुई ध्रुवमा रहेका सुपरस्टारद्वय भुवन केसी र राजेश हमाललाई एउटै चलचित्रमा सँगै खेलाएर शोभितले नै 'आइसब्रेक' गराएका थिए । राजुराजाराम र चोरसिपाही भुवन र राजेशले सँगै अभिनय गरेको शोभितका चलचित्र हुन् ।

–मिलन के राउत

# कलाकारहरू हिंसा अन्त्य अभियानमा




**शिव शर्मा**

पोखरा- कलाकारहरूलाई देशको चिन्ता उत्तिकै छ। त्यही भएर त गएको साता हिंसा अन्त्य अभियानमा संलग्न कलाकारहरू पोखरा आए। उनीहरूका साथमा लेखक तथा नागरिक समाजका अगुवाहरू पनि थिए। सँगै नेताहरूलाई शान्ति र संविधानप्रति खबरदारी गर्न नागरिक समाज, कलाकार तथा आमपोखरेलीहरू सडकमा निस्किए।

'अब हिंसा अन्त्य गरौं, समझदारी र सहिष्णुताको वातावरण सिर्जना गरौं' भन्ने उद्घोषका साथ बालक, युवा, वृद्धवृद्धा हातमा प्लेकार्ड लिएर निस्किएका थिए। विन्ध्यवासिनीबाट प्रारम्भ भएको र्‍याली सहरका विभिन्न भागको परिक्रमा गरी चिप्लेढुङ्गास्थित मानव-अधिकारचोक पुगेर शान्तिसभामा परिणत भएको थियो।

'शान्ति र संविधान हिंसा अन्त्य अभियान' नामक उक्त कार्यक्रममा संयुक्त राष्ट्रसंघीय पूर्वसहायक महासचिव कुलचन्द्र गौतम, राजनैतिक विश्लेषक सिके लाल, चर्चित हास्यकलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य, नायक राजेश हमाल तथा गायक अमृत गुरुङसहित आमपोखरेली सहभागी थिए।

'बारम्बार सुटिङका क्रममा पोखरा आगमन हुन्थ्यो,' नायक हमालले भने, 'तर यसपटक शान्ति र संविधान हिंसा अन्त्य अभियानको सचेतना सन्देश प्रवाह गर्न आएको हुँ।' हिंसा जरैबाट उखेली संविधान निर्माण गरेर शान्ति स्थापनामा सबै नेपाली एक हुनुपर्नेमा उनले जोड दिए।

उता मदनकृष्ण र हरिवंशले जेठ १४ गते संविधान नबन्ने निश्चितप्रायः भएकाले दलहरूलाई म्याद थपेर पनि संविधान लेख्न खबरदारी गरे। 'नेताहरू गल्ती गर्छन् तर माफी माग्दैनन्,' मदनकृष्ण र हरिवंशले भने- 'यही संस्कारले मुलुक अस्तव्यस्त भै हिंसातर्फ उन्मुख भएको हो।'

गायक अमृत गुरुङले पनि मुलुकलाई विखण्डन हुनबाट बचाउन नेताहरूलाई खबरदारी गरे। लोकगायिका हरिदेवी कोइरालाले हिंसा अन्त्यको आह्वान गर्दै कविता सुनाइन्। उक्त कार्यक्रममा हड्ताल चक्काजाम, जुलुसजस्ता कार्यक्रमले हिंसालाई बढावा दिने भएकाले त्यसको अन्त्य हुनुपर्ने नागरिक समाजका अगुवाहरूले जोड दिए।

'हतियार प्रदर्शन बन्द-हड्तालले कहिल्यै हिंसा अन्त्य हुँदैन,' संयुक्त राष्ट्रसंघका पूर्व सहायक महासचिव कुलचन्द्र गौतमले भने- 'सबै खाले हिंसाको अन्त्यका लागि अब जनता जाग्ने बेला आएको छ।'

# संगीतमय बन्यो भोजपुर



भोजपुर– राजधानीबाट गएका आधा दर्जन लोकप्रिय गायक-गायिकाले भोजपुरवासीलाई गीत-संगीत सुनाएर मनोरञ्जन प्रदान गरेका छन्। सोल्टी युनाइटेड भोजपुरले स्थानीय टुँडिखेलमा आयोजना गरेको सांगीतिक कार्यक्रममा आधुनिक शैलीका गीत गाउने गायक-गायिकाको संख्या बढी थियो। रेडियो कान्तिपुरका कार्यक्रम सञ्चालक हेम सुवेदीले उद्घोषण गरेको सांगीतिक कार्यक्रमको प्रारम्भ भोजपुरमै जन्मिएका गायक भीषण मुकारुङले गरेका थिए। उनले आधा दर्जन गीत गाएर दर्शकहरूको मन जिते।

गायिका रिजा उप्रेतीले आफ्ना फास्टबिटका गीत गाएर युवा दर्शकलाई नचाइन्। सत्यराज आचार्य तथा स्वरूपराज आचार्यले भावुक शैलीका गीत गाएर सांगीतिक वातावरणलाई स्तब्ध बनाए। शान्त देखिएका दर्शकलाई गायिका अञ्जु पन्तले पुनः नचाइन्। अञ्जुले आधा दर्जनभन्दा बढी गीत गाउने क्रममा दर्शकहरू चुप लागेर बस्न पाएनन्। कार्यक्रममा स्थानीय कलाकार ऋषि नेपालले हास्य नृत्यमार्फत दर्शकलाई हँसाए। आयोजक संस्थाले आगामी पुस २१ गते भोजपुरको टुँडिखेलमा भोजपुर आइडल गर्ने उद्घोष गरेपछि सांगीतिक कार्यक्रम टुंगिएको थियो।

उपरोक्त कार्यक्रममा वरिष्ठ गायक तथा संगीतकार दीप श्रेष्ठलाई सोल्टी युनाइटेड भोजपुरले सम्मानित गरेको छ। झन्डै पाँच दशक गायन क्षेत्रमा आफ्नो जीवन समर्पण गरेका श्रेष्ठलाई सोल्टी युनाइटेड भोजपुरले सम्मान गरेको हो।

**– ध्रुव सुवेदी**

## याङ्जाकोट महोत्सव

पोखरा- २५ सय ५४ औं बुद्धजयन्तीका अवसरमा कास्कीको पर्यटकीय गाउँ थुमकोडाँडा गाविसमा याङ्जाकोट महोत्सव सम्पन्न भएको छ। ग्रामीण पर्यटन प्रवर्द्धनका लागि संस्कृति संरक्षण भन्ने नाराका साथ स्थानीय मिलन युवा क्लबको आयोजनामा सम्पन्न महोत्सव चार दिन चलेको थियो। महोत्सवमा गुरुङ संस्कृतिमा प्रचलित घाँटु, सोरठी, कृष्णचरित्रलगायत लोपोन्मुख नृत्य प्रस्तुत गरिएको थियो। यसैगरी खुल्ला पुरुष तथा महिला भलिबल, बास्केटबल, छेलो, रस्साकसी, घैंटो फुटाउने, महिला कुर्ची खेल तथा खुला सांस्कृतिक नृत्य प्रतियोगिता पनि सम्पन्न भए। महोत्सवको अवलोकन आन्तरिक तथा बाह्य पर्यटकहरूले गरेका थिए।

भाषा, धर्म एवं संस्कृति जातीय अस्तित्वको चिनारी भएकाले महोत्सवमा परम्परागत संस्कृतिमा जोड दिइएको मिलन युवा क्लबका अध्यक्ष नारायण गुरुङले बताए। स्थानीय देवीजंग गुरुङले अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङ आदि हिमाल नजिकै देखिने गाउँमा महोत्सवसँगै पर्यटक भित्र्याउने चाँजो मिलाउन थालिएको बताए। यसका लागि होम-स्टेको अवधारणा अघि सारिएको छ।

**–लालप्रसाद शर्मा**

# चितवनमा सानो परी सानो बाबु

**साप्ताहिक समाचार**

चितवन– ४० जना बालबालिकाको सहभागिता चितवनमा 'सानो परी सानो बाबु चितवन-२०१०' आयोजना हुँदैछ। २३ जना बालक तथा १७ जना बालिका सहभागी हुने यो प्रतिस्पर्धा जेठ २२ गते शनिबार हुनेछ। अन्तिम प्रतिस्पर्धाका लागि छनोट भएका बालबालिकाहरू विगत एक महिनादेखि प्रशिक्षणमा व्यस्त छन्। उनीहरूलाई कोरियोग्राफर मनोज तामाङले क्याटवाक, व्यक्तित्व विकासजस्ता विविध विधामा प्रशिक्षण दिइरहेका छन्। सुशील दाहाल तथा सहदेव दाहालको संयोजनमा आयोजना हुन लागेको यो प्रतियोगिताका प्रतिस्पर्धीहरू यसै साता ट्यालेन्ट शोमा सहभागी हुँदैछन्।

# सन्तुको मेकअप



**साप्ताहिक समाचार**

काठमाडौं- शनिबार चलचित्रका मेकअप आर्टिस्ट सन्तु तामाङले आफ्नोको दुई दशकको क्यारियरमा पहिलो पटक नौलो कार्यको शुभारम्भ गरे। नेपाली चलचित्रलाई काँधमा बोकेका चार पुस्ताका नायिकालाई अतिथि बनाएर त्रिपुरेश्वरको युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको हलमा उनले आफ्नो शृंगारकला प्रस्तुत गरे। पहिलो नेपाली रंगीन चलचित्र 'कुमारी' की नायिका चैत्यदेवीलाई उनले शृंगारसमेत गरे भने तृप्ति नाडकर, करिश्मा मानन्धर तथा निरुता सिंहको प्राकृतिक सौन्दर्यको प्रशंसा पनि गरे। पुतली सडकस्थित सेयर मार्केटस्मा आफ्नी बहिनी संगीता लामासँग मिलेर मेकअप आर्टिस्ट उत्पादन गर्ने संस्था 'इन्स्टिच्युट अफ मेकअप स्टुडियो' सञ्चालन गरेको उपलक्ष्यमा सन्तुले सयौं सौन्दर्यकर्मीको उपस्थितमा उक्त दिन एकदिने कार्यशालाको आयोजना गरेका थिए। बिहानदेखि साँझसम्म सञ्चालित कार्यशालामा सहभागीहरूलाई विभिन्न प्रकारका श्रृंगारको आधारभूत ज्ञान प्रदान गरिएको थियो। कार्यक्रमलाई गायिका नलिना चित्रकारको गायनले संगीतमय बनाएको थियो। मेकअप आर्टिस्ट तामाङ चलचित्र प्राविधिक संघका अध्यक्ष पनि हुन्।

# नृत्यले तान्यो दर्शक



मोरङ– गीत-संगीत र नृत्यले मानिसलाई आकर्षित गर्छ नै। त्यो पनि वर्षमा एक-दुई पटक मात्र हुने मनोरञ्जनात्मक कार्यक्रमले दर्शकहरूबीच ठूलो महत्त्व पाउँछन्। मोरङको शनिश्चरेमा गएको शुक्रबार भएको इलाका स्तरीय नृत्य प्रतियोगितामा उपस्थित दर्शकको भीडले त्यही कुरा पुष्टि गर्‍यो। मोरङ शनिश्चरे-६ मा स्थापित 'हाम्रो युवा समाज' ले इलाका स्तरीय नृत्य प्रतियोगिताको आयोजना गरी स्थानीय बासिन्दाहरूका लागि मनोरञ्जनको यो अवसर जुटाएको थियो।

प्रतियोगिताले मनोरञ्जन मात्र दिएन। त्यस क्षेत्रको सरकारी तथा निजी विद्यालयमा अध्ययनरत विद्यार्थी (कलाकार) का साथै स्थानीय कलाकारहरूलाई प्रतिभा प्रदर्शन गर्ने अवसर पनि प्रदान गर्‍यो। प्रतियोगितामा सामूहिक नृत्यतर्फ सिंहबाहिनी उमावि, शनिश्चरे प्रथम, चाइल्ड प्रीति बोर्डिङ स्कुल दोस्रो तथा प्याराडाइज बोर्डिङ स्कुल अमरदहका विद्यार्थीले तेस्रो स्थान जित्न सफल भएका छन्। एकलतर्फको प्रतियोगितामा लक्ष्मी राई, मनिता सुब्बा एवं भावना धिमाल क्रमशः प्रथम, दोस्रो र तेस्रो भए।

सुनसरी-इटहरीको युनाइटेड-१३ का कलाकारले अप्रतियोगी सामूहिक तथा एकल नृत्य प्रस्तुत गरी कार्यक्रममा आकर्षण थपेका थिए। कार्यक्रममा गायक देव गुरुङ, रोशमन राई आदिले गीत सुनाएका थिए भने किराँत राई विद्यार्थीहरूले साकेला नाच प्रस्तुत गर्नुका साथै धिमाल र थारुहरूको सांस्कृति झाँकी पनि प्रदर्शन गरिएको थियो।

**–अर्जुन जम्नेली राई**

# लिटिल प्रिन्स एन्ड प्रिन्सेस

बिर्तामोड- बालबालिकाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यही असार २ गते झापाको बिर्तामोडमा लिटिल प्रिन्स एन्ड प्रिन्सेस हुने भएको छ। ग्लामरस नेपाल डटकमको आयोजनामा जिल्लाका ४० जना बालबालिका एकसाथ र्‍यापमा उत्रनेछन्। डटकमका प्रबन्ध निर्देशक आसीम जोयल श्रेष्ठका अनुसार ६ देखि १५ वर्ष उमेरका बालबालिकाबीचको यो प्रतिस्पर्धाका विजेताले नगद, ट्रफी एवं प्रमाणपत्र पाउनेछन्। प्रतिस्पर्धालाई ट्यालेन्ट, फोटोजेनिक, चर्मिङ, स्किन, प्रस्तुति, फ्रेन्डसिप, अनुशासन, क्याटवक, आत्मविश्वास, सुन्दरता, व्यक्तित्व, केश आदि विधामा पुरस्कृत गरिने श्रेष्ठले बताए। मेची अञ्चलमै पहिलो पटक हुन लागेको बालबालिका केन्द्रित कार्यक्रमले बालबालिकालाई किताबी ज्ञान मात्र नभै फेसन, मोडलिङ, कोरियोग्राफी तथा सौन्दर्यसम्बन्धी जानकारी प्रदान गर्ने दाबी आयोजकहरूको छ।

**–हिमाल खरेल**

# पार्लर उद्घाटनमा सभासद



पोखरा- पार्लर उद्घाटन गर्ने शैली पृथक् हुन थालेको छ। सेलिब्रेटीलाई लिएर पार्लर उद्घाटन गर्ने चलन त व्यापक रूपमा चलेको छ, तर गएको साता पोखराको व्यस्त चोक महेन्द्रपुलमा स्थापित डाइनामिक ब्युटी सेलुन एन्ड इन्सिच्युटको उद्घाटन गर्न सेलिब्रेटी नभै सभासद देखा परिन्। काठमाडौंबाट नै पार्लर उद्घाटनका लागि उनी पोखरा आएकी हुन्।

उनी थिइन् सभासद विन्दा पाण्डे। पहिलो पटक पार्लर उद्घाटनमा सभासद देख्दा सबै दंग परे। रिबन काटेर पार्लर उदघाटन गरेकी सभासद पाण्डेले पछिल्लो क्रममा खोलिएका पार्लरले धेरैलाई रोजगारी दिन सफल भएको बताइन्। महिला तथा पुरुष दुवैलाई सेवा दिने उद्देश्यले खोलिएको पार्लरमा अत्याधुनिक शैलीका हेयर स्टाइलहरूको सुविधा प्रदान गरिने सञ्चालिका पम्फा पहारीले बताइन्। पहारीले १२ लाख लगानी गरेर पार्लर स्थापना गरेकी हुन्।

# वनस्पति विविधताको रमाइलो प्रदर्शनी


जैविक विविधता दिवसका अवसरमा जेठ ८ र ९ गते त्रिभुवन विश्वविद्यालयमा वनस्पति विविधता प्रदर्शन भएको छ। नेपालमा रहेका वनस्पतिका विशेषता नागरिकहरूलाई जानकारी गराउन एवं यसको व्यावसायिक महत्त्वका बारेमा प्रचार गर्न प्रदर्शनी आयोजना गरिएको थियो।

प्रदर्शनीमा चाँदनी श्रेष्ठ नेपालमा पाइने १५ थरीका च्याउका बारेमा जानकारी गराउन व्यस्त थिइन्। अन्य वनस्पतिभन्दा धेरै स्थानमा च्याउ उम्रिने भएकाले नेपालीमा च्याउसरि उम्रने भन्ने तुक्का प्रचलनमा रहेको चाँदनीको कथन छ। प्रदर्शनीमा खान हुने, खान नहुने तथा विषालु च्याउका बारेमा जानकारी गराइएको थियो।

नेपालमा पाइने वनस्पतिहरूको नक्सा जीआईएसमा हेर्न पाइन्थ्यो। प्याथोलोजीको स्टलबाट गाजर, बन्दा, फर्सीमा लाग्ने रोगहरूका बारेमा जानकारी पाउँदा कीर्तिपुरका किसान हर्षमान महर्जनले खुसी प्रकट गरे।

प्लस टु दिएर बसेकी जुनू शिल्पकार सयौं वनस्पति एउटै स्थानमा हेर्न पाउँदा रमाइरहेकी थिइन्। ती वनस्पति काटेर कागजमा टाँसिएका थिए। नेपालका कुनाकाप्चामा पाइने वनस्पतिहरू प्रदर्शनीमा राखिएका थिए। एउटै छतमुनि थरी-थरीका वनस्पति हेर्न पाएकी जुनुले नेपाल साँच्चिकै वनस्पतिको विविधताले सम्पन्न भएको बताइन्।


## बाटो पत्ता लगाउनुहोस्



## प्रचलित मान्यताको खण्डन

अहिलेसम्म विश्वास गरेभन्दा, धेरै मान्छेमा नियान्डरथल वंशका वंशाणु पाइएका छन्। यसअघि मानिस नियान्डरथल वंशका नभै होमोसेपियन वंशको भन्ने वैज्ञानिक धारणा थियो। दुई लाख वर्षअघि अफ्रिकामा रहेको होमोसेपियनका सन्तान विश्वभरि फैलिएका र नियान्डरथल आधुनिक मनुष्यभन्दा एकदमै भिन्न प्रजापति भएको वैज्ञानिक मान्यता थियो, तर लन्डनस्थित नेचुरल हिस्ट्री म्युजियमका वैज्ञानिकहरूले अफ्रिकाबाहेक युरोप, एसियालगायतका स्थानमा भएका मानिसमा नियान्डरथलको वंशाणु पाइएको प्रमाणित गरेका छन्। यसले 'आउट अफ अफ्रिकाका भन्ने सिद्धान्तको खण्डन गर्छ। यो सिद्धान्तले मनुष्यको उत्पत्ति अफ्रिकामा भएको भन्ने मान्यता राख्छ।

## साप्ताहिक कोठेपद



**दायाँ**

१. अष्टबुद्धमध्ये एक (४)
२. नीति शतकका रचयिता (४)
३. हल्का पानी पर्नु (४)
५. उपद्रो बठ्याइँ (३)
८. कवितामा लेखिएको कथा (४)
९. संसद्, कानुन बनाउने ठाउ (५)
१०. ऐन-नियमहरूको स्रोत (३)
१२. दसैंको प्रसाद (३)
१४. सम्झौता (३)
१५. योग्य (३)
१६. सुन (३)
१७. काठमाडौंको एक ठाउ (६)
२०. बानी, व्यसन (२)
२२. लागूपदार्थको नशा (२)
२३. माछा खाने चरा (३)
२५. घोडा बाँध्ने ठाउ (३)
२६. एक हिमश्रृंखला (४)
२७. छोराको नाति (३)

**तल**

१. मध्यवर्ती समयको, कामचलाउ (४)
२. अचानक घट्ने घटना (४)
३. अश्वारोही सेना (३)
४. बौद्ध धर्मको एक शाखा (४)
६. माछा-मासु नखाने एक वर्ग (४)
७. भीमद्वारा मारिएको राक्षस (४)
८. मदिरा पाउने ठाउ (४)
९. बाधा-अवरोध (४)
११. द्रव्य शाहका दाजु (४)
१२. सीताका पिता (३)
१३. नेपालको ठूलो ताल (२)
१४. थोरै, धेरैको उल्टो (२)
१५ लाभ प्राप्त गर्ने व्यक्ति (४)
१६. मसिन, यन्त्र (२)
१८. नेपालको एक जिल्ला (४)
१९. चलिआएको एक प्रथा (४)
२१. एक प्रकारको बाजा (३)
२४. हात र शरीर जोडिएको ठाउ (२)

## पत्याउनु हुन्छ ?



जापानको कम्पनीले निर्माण गरेको आई फेरी नामक रोबोटले हालै एक जापानी दम्पतीको विवाहमा साक्षीको भूमिका निर्वाह गऱ्यो। श्रव्यका आधारमा सञ्चालन हुने उक्त रोबोट मानिससँग घुलमिल हुने किसिमले निर्माण गरिएको छ।



स्वीडेनको समुद्री तटमा ओरा जातको माछा फेला परेको छ। १ सय ३० वर्षअघि समुद्री छालमा परेर किनारमा आए पनि स्वीडिसहरूले उक्त माछा देखेका थिएनन्। उक्त माछा ११ फिट लामो छ।

आबुधाबीको इमिरेट्स प्यालेस होटलस्थित एटीएम आकारको मेसिनबाट १० ग्रामको सुनको बिस्कुट किन्न मिल्छ। उक्त मेसिनमा प्रत्येक १० सेकेन्डमा अन्तराष्ट्रिय बजार मूल्यअनुसार सुनको मूल्य घटबड हुन्छ।



चीनका वैज्ञानिकहरूले ठुटो चुरोटमा पानी मिसाएर निकालिने रसायनबाट माछा मार्न र समुन्द्रमुनि रहेको तेलको पाइप लाइन सफा गर्न सकिने प्रविधिको विकास गरेका छन्।



## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



## • तालुमा आलु •



प्रकाश ओझा

एउटा जँड्याहा होटलमा गयो र सोध्यो- 'माछा छ ?'

'ए भाइ, यो शाकाहारी होटल हो। यो यहाँ माछामासु पाईंदैन, जाऊ।'

जँड्याहा गयो... आधा घण्टापछि फर्केर आयो र भन्यो– 'माछा छ ?' अब होटलवाला रिसायो- 'तँलाई मैले अघि भनेको छैन, यो शाकाहारी होटल हो...'

होटलवालाले उसलाई ठेलेर निकाल्यो, जँड्याहा गयो।

आधा घन्टापछि फेरि जँड्याहा आयो र भन्यो- माछा छ ?'

'अबचाहिँ तँ गधा फेरि माछा छ भन्दै यहा आइस् भने तँलाई डोरीले बाँधेर पंखामा झुन्डयाइदिन्छु बुझिस्, भाग्।' होटलवाला साह्रै रिसायो। जँड्याहालाई घोक्राएर निकाल्यो, जँड्याहा गयो...

...आधा घन्टापछि फेरि जँड्याहा होटलमा आयो र भन्यो- 'डोरी छ ?'

'छैन।' होटलवालाले भन्यो।

'पंखा छ ?' जँड्याहाले फेरि सोध्यो

'छैन।'

'माछा छ ?'

०००

'आज म अफिस आउँदा बाटोमा अचम्मको कुरा भयो,' एक व्यक्ति साथीसँग भन्दैथ्यो।

'एउटा भिखारी म भए ठाउा आएर खानका लागि १० रुपैयाँ दिनुहोस् भन्यो।'

'त्यो कुन ठूलो कुरा हो र ? सबै भिखारीले यस्तै भन्छन्...अनि तैंले उसलाई १० रुपैयाँ दिइस् त ?

'दिएँ... उसले १० को नोट खायो।

०००

एउटा व्यक्ति आफ्नो मोटरसाइकल बेच्न चाहन्थ्यो, तर स्पिडोमिटरमा ७० हजार किलोमिटर चलिसकेको देखिएकाले कसैले भनेजति दाम हालिरहेका थिएनन्।

'हेर, मैले एउटा मान्छे चिनेको छु,' साथीले उसलाई सल्लाह दियो, 'जसले तेरो स्पिडोमिटरमा भएको ७० हजार किलोमिटरलाई घटाएर १० हजार किलोमिटर बनाइदिन्छ।'

उक्त व्यक्तिले साथीको सल्लाह मान्यो र स्पिडोमिटरमा ७० हजारलाई घटाएर १० हजार किलोमिटर बनायो।

तीन दिनपछि सल्लाह दिने व्यक्तिले त्यही बाइक कुदाइरहेको मान्छे भेटियो र सोध्यो- 'किन मैले भनेको ठाउँमा गएनौ ?'

'गए पनि स्पिडोमिटरमा किलोमिटर घटाएर १० हजार पनि बनाएँ।'

'अनि बाइक किन नबेचेको त ?'

'ल छक्क पर्नु छ, भरखर १० हजार किलोमिटर कुदेको बाइक पनि कसैले बेच्छ ?

## • कविता •

### माया गर्ने नाममा



न रुनलाई आँसु छाड्यौ न हाँस्नलाई हाँसो
माया गर्ने नाममा किन लायौ यस्तो पासो
भेलबाढीले छोडिएको उजाड उजाड बगर भएँ
आफ्नै जीवन भार लाग्ने पीडैपीडाको कहर भएँ
रित्तिएका मुटु मात्र छोड्यौ मलाई नासो
माया गर्ने नाउँमा किन लायौ यस्तो पासो
जता टेक्यो उतै पहिरो मेरो मात्र जिन्दगीमा
भए जति खुसी पनि पऱ्यो बन्धकीमा
आफूलाई पर्दा कहाँ राख्छन् अरूले चासो
माया गर्ने नाउँमा किन लायौ यस्तो पासो।

**सन्त थलङ**

### पाइला चालिसकेँ

तिमीलाई सम्झिने सबै कुरा अब
मैले बिर्सन थालिसकेँ
तिमीले दिएका चोटहरूमा अब
मैले मल्हम हालिसकेँ
तिमी र म सँगै हुँदा साटेका ती चुम्बनहरू
दिनहरू बित्दै जाँदा मैले पखालेर फालिसकेँ
तिमीसँग साटेका ती उपहारका पोकाहरू
मनमै फाट्न लागेपछि भेला पारि बालिसकेँ
तिमी हिँड्ने बाटो पनि नहिँडेको धेरै भयो
तिमी अब जता जाऊ मैले अन्तै
पाइला चालिसकेँ।

**प्रकाश खतिवडा**

### को छ हजुर ?

भगवान्को प्यारो भए छेक्ने को छ हजुर
भाग्यले साथ नदिए कम लेख्ने को छ हजुर
मायाप्रीति सबैको छ, सबैको छ मनहरू
मायाप्रीति नभई फेरि फेरि धर्ती टेक्ने को छ हजुर
उजाड बनाई बस्तीहरू गयौ तिमी स्वर्गतिर
आउँछ याद आँसु झर्छ माया सेक्ने को छ हजुर
जसको निम्ति बाँचेको थेँ उही आज छैन साथमा
विशालको माया यो संसारमा देख्ने को छ हजुर ?

**विशाल चाम्लिङ**

### कर्तव्य

आफ्ना लागि त सबै बाँच्छन्
तर अरूको लागि बाँच्नु हो राम्रो
अरूको लागि केही गर्न सके नै
सार्थक हुन्छ जीवन हाम्रो
देशले मलाई के दियो भन्ने होइन
मैले देशलाई के दिन सके भन्ने सोच
हत्या-हिंसा र आतंकको बाटो होइन
शान्ति सद्भाव र सेवाको बाटो रोज
यो देश रहे नै हामी रहन्छौ
हामीले केही गर्न सके नै यो देश राम्रो
यो देशलाई अरू कोही आएर बनाउँदैन
यो देश बनाउने कर्तव्य हो हाम्रो।

**रेश्मा रम्तेल**

### जोसँग पनि हिँडेकी

मसक्क मस्की लसक्क लस्की
बङ्ग्याई जीउ ढलक्क ढल्की
हिँडेर हेर बैंसालु कान्छी
टलक्क टल्की, झलक्क झल्की
भनेथें बिर्सूं सम्झना बढ्छ
आगोको मुस्लो यो दिलमा सल्की
देखेथें सानी निन्याउरी नि
हँसी बढेकी हलक्क हल्की
मसँग मात्र बोल्नु नि उनले
जोसँग पनि हिँडेकी सल्की।

**इन्द्रकुमार श्रेष्ठ**

## • लघुकथा •

### तमसुक

हरिबहादुरले 'क' सम्म पढेको छैन। गाउँमा हरिशचन्द्र भन्ने जमिन्दारको माटो कमाएर जीवन गुजारा गर्ने हरिबहादुर एउटा गरिब परिश्रमी कमैया हो। सानो-तिनो खेतीपाती गरेर घर-व्यवहार चलाउने उसको घरमा दुई-चारवटा वस्तुभाउ पनि छन्। पुर्ख्यौली सम्पत्तिको नाममा उसका बाबुले छोडेर गएको सानो खेत मात्रै छ। यसपालि परेको असिना, पानीले हरिबहादुरको अन्नबाली सबै सखाप पारिदियो। थन्क्याउने बेलाको बाली असिनाले नाश गर्दा हरिबहादुरलाई दसैंमा मरेजत्तिकै भयो। घरभित्र एक गेडो पनि अन्न राख्न नपाएको हरिबहादुरलाई घर-व्यवहार धान्न गाह्रो भएपछि गाउँको काजीसँग बाबुले मर्ने बेलामा छोडेर गएको माटोको धनीपुर्जा बन्धकी राखेर एक वर्षभित्रमा सयकडा ३ का दरले साँवा-ब्याज तिर्ने सर्तनामा गरी १० हजार ऋण लियो।

समय बित्दै गयो। वर्ष दिनसम्म हरिबहादुरले जसोतसो घर-व्यवहार चलायो। काजीको ऋण तिर्ने भाका पनि दिनदिनै नजिक-नजिक आइरहेको थियो तर ऊसँग काजीको ऋण तिर्ने कुनै बाटो थिएन। ऊसँग आफ्नो भन्नु दुई-चारवटा वस्तुभाउ र बाबुले छाडेर गएको थोरै माटो छ। त्यो पनि काजीसँग बन्धकी। दिन बित्दै जाँदा काजीले उसको ऋण तिर्न धेरै पटक घरमा आएर भनिसकेको छ। कसरी तिर्ने ? हरिबहादुरलाई भोक, प्यास लाग्न छोडेको छ। एक दिन काजी समाजका भद्र-भलाद्मीहरू लिएर उसको घरमा आयो। हरिबहादुरले खाएको ऋणको भाका सकिएको भन्दै काजीले २ लाख ४० हजारको तमसुक पछाऱ्यो। हरिबहादुर छाँगाबाट खसेजस्तै भयो। ऋण त खाएकै हो तर यति धेरै होइन। सोझो हरिबहादुरले बल्ल थाहा पायो– काजीले १० हजारको तमसुकमा अर्को एउटा शून्ना (०) थपेर एक लाखको कीर्ते तमसुक बनाएछ।

**स्व.प्रवीण बानियाँ**

# महिलाको रोजगारीले पालिन्छ परिवार

दोलखा– जिल्लाको उत्तरी दुर्गम सिमीगाउँका घरहरूमा यतिबेला बूढाबूढी र केटाकेटी मात्र छन्। तीमध्ये धेरैजसो घर कुर्ने पुरुष छन्। कतिपय त घर नै बन्द छन्। द्वन्द्व वा कुनै विपत्तिले गाउँ छाड्नेहरूको सङ्ख्या धेरै भएर गाउँ सुनसान भएको होइन। यी गाउँका महिलाको रोजगारीको मौसम हो यो।

हिमाली क्षेत्र भएकाले जमिनमा उब्जाउ ज्यादै थोरै हुन्छ। खेतीको कमाइले मुस्किलले तीन महिना पनि खान पुग्दैन। यहाँका बासिन्दा बाहिरबाट कमाएर गुजारा गर्छन्। त्यसमा पनि कमाउनेमा पुरुषको तुलनामा महिला अगाडि छन्। महिला रोजगारी नै यहाँका परिवार गुजाराको मुख्य माध्यम हो। उमेर नढल्किएका महिला काममा गएपछि बूढाबूढी र पुरुष घर कुरेर बसेका हुन्।

सदरमुकाम चरिकोटबाट २२ कोस टाढाको सिमीगाउँका महिलाको रोजगारीको माध्यम हो– 'ट्रेकिङ'। अहिले पर्यटकीय मौसम भएकाले ट्रेकिङ नजाने घर फेला पार्न मुस्किल हुन्छ। त्यसमा पनि पुरुष मात्र होइन, महिला पनि ट्रेकिङ गएका छन्। खेतमा धान नफले पनि कमाइका दृष्टिले मङ्सिरको चटारो नै छ उनीहरूलाई।

उनीहरू विदेशी पदयात्रीको समूहमा भारी बोक्ने, पथप्रदर्शक,



भान्से, स्पेयर काम गर्छन्। 'यहाँका मानिसको मुख्य पेसा नै ट्रेकिङ हो, यतिबेला ट्रेकिङ गएको कमाइले अर्को मौसम नआउन्जेल घरखर्च चलिहाल्छ,' छिरिङ्दीकी शेर्पा भन्छिन्– 'पुरुषले मात्र काम गर्ने, महिलाले घर हेर्ने अन्यत्रजस्तो छैन यहाँ। महिलाहरू ट्रेकिङ गएपछि पुरुषले खेतीपाती, वस्तुभाउ सम्हालेर बसेका छन्।' त्यसरी ट्रेकिङ गएका महिलाले पनि पुरुषले गर्ने सबै काम गर्छन्। 'अलि पढेकाले गाइडको काम गर्छन्। नपढेकाहरू भारी बोक्छन्,' उनले भनिन्। यहाँका बासिन्दाको पुर्ख्यौली पेसा नै हो– ट्रेकिङ। सगरमाथाको खुम्बु र अन्नपूर्ण दुवै क्षेत्रमा ट्रेकिङ गैसकेकी छिरिङले भनिन्– 'सानैदेखि ट्रेकिङमा नै अभ्यस्त भएकाले यहाँका महिलालाई पदयात्रामा सहयोगी हुँदा गाऱ्हो लाग्दैन।'

नेपालको समय प्रामाणिक केन्द्रबिन्दु गौरीशङ्कर हिमालको तलपट्टि छ सिमीगाउँ। गौरीशङ्कर क्षेत्रको पदमार्ग मात्र नभएर सगरमाथा क्षेत्रको पदयात्रीले समेत हिँड्ने नाका हो सिमीगाउँ। यस वर्ष पर्यटकको आगमन बढ्न थालेपछि यसअघि काम पाइएन भन्नेहरू पनि काममा गएको बताउँछिन् स्थानीय युवती छोकी शेर्पा। शेर्पाका अनुसार यो गाउँबाट मात्र ७० जनाभन्दा बढी महिला यतिबेला ट्रेकिङमा छन्।

सिमीगाउँकी माइली तामाङले गएको वर्ष ट्रेकिङबाट ६० हजार रुपैयाँ कमाएकी थिइन्। उनी यस वर्ष अझ धेरै कमाउने सुरमा छिन्। 'पर्यटक बढेका छन्, अहिले त काम पनि दाम पनि बढी भैहाल्छ,' तामाङ भन्छिन्। उनी अहिले पनि जर्मन पर्यटकको समूहमा भारी बोक्दै छिन्।

तामाङ भन्छिन्– 'झोला, पाल, खानेकुरा आदिको ५० देखि ६० किलोको सामान बोकेर दिनमा चारदेखि सात घन्टा विदेशीहरूसँग हिँडिन्छ।' उनीसँगै उनका श्रीमान् पनि त्यसैगरी हिँड्छन्।

यसै वर्ष समावेशी हिमाल आरोहणमा सगरमाथाको चुचुरोमा पुग्नेमध्ये तीन जना सिमीगाउँकै थिए। पुजन आचार्य, नीमडोमा शेर्पा र पेम्बादीकी शेर्पाको घर नजिक-नजिकै छ। 'ट्रेकिङका बारेमा घर, गाउँ सबैतिर सानैदेखि कुरा सुनेर नै उनीहरूको रुचि बढेको थियो। ट्रेकिङ व्यवसाय राम्रोसँग बुझेको परिवार र समाज भएकाले नै उनीहरूले यो सफलता पाएका हुन्,' छोकीले सुनाइन्।

गौरीशङ्कर पदमार्गमा पहिलेभन्दा केही पूर्वाधार निर्माण भएको छ। पूर्वाधारहरू बनेको पछिल्लो अवस्थाले यो क्षेत्रमा पर्यटक बढेका छन्। अन्नपूर्ण, खुम्बु, लाङटाङतर्फ पर्यटक बढी जाने भएकाले उतै जानुपर्ने बाध्यता पनि बिस्तारै कम हुँदैछ। गौरीशङ्कर पदमार्ग क्षेत्रमा विगत १० वर्षदेखि काम गर्दै आएको रोल्वालिङ पर्यावरणीय पर्यटक विकास परियोजना, इको हिमालले पूर्वाधारहरू निर्माण गरिदिएको छ। यहाँ सुविधाजनक आवासका लागि सामुदायिक लज बनाएको छ। इको हिमालले बाटोघाटोको मर्मतसुधार, पुलपुलेसा निर्माण, ट्रेकिङ रुट आसपासका गाउँमा शौचालय र पिउने पानीसमेत उपलब्ध गराइदिएपछि पर्यटकलाई धेरै सुविधा भएको छ। 'पदमार्गमा सुविधा भएपछि पर्यटक बढ्नेछन् भने त्यसको फाइदा स्थानीय बासिन्दाहरूले पाउने नै भए,' छोकी भन्छिन्।

गौरीशङ्कर-रोल्वालिङ पदमार्ग आसपासका ३ हजार परिवारले ट्रेकिङबाट वार्षिक सरदर ४० देखि ६० लाख रुपैयाँ आम्दानी गर्ने गरेका छन्। आगामी दुई वर्षमा पदमार्ग आसपासका ५ हजार परिवारले वार्षिक आम्दानी ७० लाखदेखि १ करोड पुऱ्याउने आर्थिक तथ्याङ्क परियोजनाले प्रक्षेपण गरेको छ। परियोजनाले दोलखाका विगु, चिलङ्खा, लादुक, ओराङ, लामाबगर, गौरीशङ्कर आदि १० वटा र सिन्धुपाल्चोकको कर्थली, घोर्थलीमा सामुदायिक लज बनाएर समुदायलाई हस्तान्तरण पनि गरिसकेको छ।

पदमार्ग केही सहज भए पनि सरकारी उपेक्षाका कारण गौरीशङ्कर क्षेत्र ओझेलमै छ। सरकारले पूर्वाधार बनेको पदमार्गलाई प्राथमिकता दिएर पर्यटन प्रवर्द्धन गरे सिमीगाउँ आदि हिमाली क्षेत्रका बासिन्दाको जीवनस्तर सुधार हुने देखिन्छ।

***सञ्चारिका फिचर सेवा***

## सन्देश

कल्पना, तिमी पनि मलाई त्यति नै माया गर्छौ, जति म तिमीलाई माया गर्छु भन्थ्यौ, तर नाटक साबित भयो। यतिका महिना भयो न त फोन नै गर्छौ न त भेट्न आउँछौ, कि नम्बर बिर्सियौ ?

**अरविन**

कुमार, जीवन, सुदर्शन, छिमा, निर्मला, इन्दिरा, सुनिता, पुष्पा, बन्दना तथा गंगामा हार्दिक शुभकामना एवं सम्झना।

**विमल**

देशमा शान्ति, सुरक्षाको कामना गर्दै सबैको उत्तरोत्तर प्रगतिको कामना।

tamandas_g@yahoo.com

सम्झना, तिमी साँचिकै स्वार्थी रहिछ्यौ, होइन मन थिएन भने, झुटो कसम किन खायौ ? आखिर धन नै ठूलो रहेछ। मेरो जीवनमा तिमीले हाँसो होइन आँसु दियौ, खुसी होइन पीडा दियौ। के यही हो तिम्रो माया ?

**सानु**

सुरेश गुरु, लक्ष्मण गुरु तथा साथीहरूलाई सम्झना एवं मंगलमय शुभकामना।

**नारायण**

वर्षा, मैले यति लामो समयपछि आफूलाई माया गर्ने मायालु पाएँ। सायद ईश्वरले हामीलाई यसैका लागि सृष्टि गरेका हुन्।

**दिवाकर**

डल्ली, जीवनमा कहिल्यै निको नहुने चोट दिएर गयौ, सधैं खुसी साथ बस्नु, म वर्षौंसम्म पनि तिमी आउने बाटो कुरी बस्नेछु।

marshy

मञ्जु, तिमी पनि मलाई माया गर्छ्यौ। जीवनको अन्तिम घडीसम्म म पर्खिरहन्छु। तिमी आफ्नो लक्ष्य पूरा गरेर मेरो सपना साकार पार्न आऊ। म तिम्रो प्रतीक्षामा आफ्नो संसार सजाउँदैछु।

**किरण**

तिमीलाई मैले पहिलो नजरमै मन पराए तर तिमी टाढा हुँदै गयौ। ठीकै छ, माया असफल भए पनि तिमीलाई पश्चाताप भने कदापि नहोस्।

**पी.जे.टी.**

सीमाजी, जन्मदिनमा आउन नपाए पनि लाखौंलाख शुभकामना। तपाईंको जीवन फलोस् फुलोस्, खुसीले भरियोस्। तपाईंका हरेक पाइलाले प्रगतिको शिखर चुम्न सकून्, शुभकामना।

**समीर**

जीवन, तिमीलाई धेरै-धेरै सम्झना अनि नयाँ जीवनको शुभकामना पनि। तिम्रो सोचाइ क्षणिक र अर्थहीन हैन अर्थपूर्ण छ, तर तिमी आफ्नो कुलत त्याग, अब धेरै नसोच, फर्क कुलतबाट।

**एस. गुरुङ**

दाजु कुमार गजराजीको यही आउदो जेठ १९ गते विवाह बन्धनमा बाँधिन् भएकोमा हार्दिक मंगलमय शुभकाना।

**रञ्जित/रमेश**



## जीवनको गोरेटोमा

# मेरो एसएलसी परीक्षा



एसएलसी परीक्षा नजिकिँदै थियो। त्यो समयमा मलाई घरपरिवारले दिने माया, प्रेरणा र प्रोत्साहन तथा पढ्न दिने समय कति र कस्तो थियो त्यो मलाई थाहा छ। दुई दिनपछि मेरो एसएलसी परीक्षा सुरु हुनेवाला थियो। त्यसबीच घरमा मलाई पढ्न दिने वातावरण तथा पारिवारिक अवस्था र मैले पढ्ने समय माग्दा घरपरिवारबाट कस्ता जवाफका पुरस्कार पाउँथें त्यो मलाई थाहा छ।

विद्यार्थी, शिक्षक तथा अभिभावक भनेका ओदानका तीन खुट्टा मान्थें म। कुनै एउटा खुट्टा बिग्रँदा ओदानको सन्तुलन बिग्रिएजस्तै दुई खुट्टे ओदान भएको थियो मेरो जीवन पनि। २०६६ सालको वसन्त ऋतुको आगमनसँगै मेरो एसएलसी परीक्षा सुरु भयो। विगतका केही वर्षदेखि मेरो घरपरिवारले मेरो पढाइलाई महत्त्व दिन छाडिसकेको र पढ्ने वातावरण सिर्जना नगरिदिएकाले एसएलसीको पहिलो दिनको टीका लगाइदिने कार्यलाई कुनै महान् काम मानिनँ मैले। मन आसुको दहमा पौडिए पनि अनुहारमा देखावटी हासो लिएर बिहान छ बजे नै नेपालटारतर्फ लागें जहाँ मेरो एसएलसी सेन्टर परेको थियो। मेरा स्वभावगत विशेषता तथा बोल्ने शैली र रूप हेर्दा पास डिभिजन र सेकेन्ड डिभिजन कसैले पनि पत्याउने थिएन। त्यसैले मैले फर्स्ट डिभिजनको निकै ठूलो आशा गरेको थिएँ। सोच र कल्पना गरेजस्तो कहा हुँदो रहेछ र ? त्यसमाथि मेरो पारिवारिक अवस्था विशेष थियो। पहिलो दिन अङ्ग्रेजीको परीक्षा फर्स्ट डिभिजनको आशलाग्दो भएन तर पनि फर्स्ट डिभिजन ल्याउने जुन मेरो लक्ष्य थियो त्यो कत्ति पनि तल झरेको थिएन। विभिन्न परीक्षा दिँदै म विज्ञानको परीक्षा दिएर घर फर्कंदै थिएँ। घरमा विभिन्न असन्तुलनले गर्दा भोलिको विषय पढ्ने मुडमा थिइनँ। भोलिपल्ट खाना नखाई म परीक्षा दिन जादै थिएँ। कसैले मलाई परीक्षा राम्रोसँग दिनु है भन्यो, म केही नबोली आफ्नो बाटो लागें। त्यो दिनको परीक्षा ठीकै भयो। बिहान केही खाना नखाएकाले शरीर निकै कमजोर र शिथिल थियो। घर फर्कंदा पारिवारिक असन्तुलनले सामान्य रूप लिएको पाइनँ। भोलिपल्ट अतिरिक्त गणितको परीक्षा थियो। खाना खाएको थिइनँ।

परीक्षा सुरु हुनुभन्दा केही दिनअघि मैले एक जना दाइलाई भेटेको थिएँ। उहाँले मलाई विज्ञान, गणित, अङ्ग्रेजीलगायत विभिन्न विषयका प्रश्न सोधी सामान्य परीक्षा लिनुभएको थियो। अनि भन्नुभएको थियो- भाइ, तेरो पढाइ राम्रो रहेछ, सायद तेरो पारिवारिक ब्याकग्राउन्ड राम्रो भएको भए तैंले मभन्दा पनि राम्रो नम्बर ल्याउने थिइस्। उहाँको एसएलसीमा ६२ प्रतिशत आएको रहेछ। आउने एसएलसीको नतिजामा मलाई चिन्ने सबैले हेर्छन् मेरो नतिजा पनि तर त्यहा कसैले नसोचेको नतिजा प्रकाशित हुनेछ। मलाई अयोग्य विद्यार्थी बनाइनेछ तर मलाई के लाग्छ भने शिक्षा अरूलाई देखाउने प्रमाणपत्र भए पनि आफ्ना लागि पूरा अनुभव हो किनभने यदि मैले डिस्टिङसन ल्याएँ भने पनि चोरेर ल्याएँ कि पढेर ल्याएँ त्यो कसैले हेर्दैनन् र बुझ्दैनन्। भाइबहिनीहरू बोर्डिङ स्कुलमा पढ्छन्- म सरकारी स्कुलमा। तैपनि म आफ्नो परिवारसँग केवल पढ्ने समय मात्र माग्थें। त्यसबखत मैले पढ्ने समय बेलुका ९ बजेदेखि बिहान ५ बजेसम्म मात्र पाउँथें र लाग्थ्यो स्कुल पढ्न पाउनु नै जीवनको सबैभन्दा ठूलो भाग्य रहेछ।

**– गणेश**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ........................................

उमेर : .......................... उचाइ : ..........................

पेसा : .......................... शिक्षा : ..........................

स्वभाव : .......................... वैवाहिक स्थिति : ..........................

अभिरुचि : .......................... वर्ण : ..........................

इमेल : ........................................

ठेगाना : ........................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

........................................

........................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## साथी



क्षितिज पराजुली हाल बीएड दोस्रो वर्षमा अध्ययनरत छन्। प्रहरीसेवमा कार्यरत क्षितिजले यही पेसामार्फत राष्ट्रसेवा गरिरहेका छन्। ५ फिट ५ इन्च अग्ला क्षितिज नृत्यमा रुचि राख्छन्। मिलनसार एवं जिज्ञासु स्वभावका क्षितिज गहुँगोरो वर्णका छन्। २० वर्षीय क्षितिज मित्रतालाई निरन्तरता दिने, सुख-दुःखमा साथ दिने साथीको खोजीमा छन्। क्षितिजलाई साथी बनाउन चाहनेहरूले सशस्त्र प्रहरी बल, मनकामना गण, भानु, तनहुँमा पत्राचार गर्न सक्नुहुन्छ।



गीत-संगीत सुन्न अभिरुचि राख्ने सुशील सत्याल ५ फिट २ इन्च अग्ला छन्। १७ वर्षका सत्याल कक्षा ११ मा अध्ययनरत छन्। निश्चल स्वभावका सत्याल गहुँगोरो वर्णका छन्। सत्याल अविवाहित छन्। फूलबारी, मथुरापाटी-४, काभ्रेपलान्चोकका सत्याल रोमान्टिक, अरूको भावनाको कदर गर्ने, सही गलत छुट्याउन सक्ने युवती साथीको खोजीमा छन्। उनलाई kancho_susil@yahoo.com मा इमेल गर्न सकिन्छ।



युनिक शेरिङ 'क्षितिज' ५ फिट ५ इन्च अग्ला छन्। बाहुनी-९, राधानगर, गौथलीचोक, मोरङका युनिक कक्षा १२ मा अध्ययनरत छन्। २० वर्षीय युनिक भावुक एवं मिलनसार स्वभावका छन्। अविवाहित युनिक सफल व्यक्तिको परिचयमा बाँच्न चाहन्छन्। गहुँगोरो वर्णका युनिक रगतको नाताभन्दा भावनात्मक नातालाई महत्व दिने, जीवनको अन्त्यसम्म पनि नबिर्सने, निःस्वार्थी, सहयोगी तथा मेहनती साथीको खोजीमा छन्। युनिकलाई sering_spyk@yahoo.com इमेल गर्न सकिन्छ।



सुखदुःखमा साथ दिने मित्रको खोजीमा रहेका साजन घर्तीमगर कक्षा ११ मा अध्ययनरत छन्। १७ वर्षका साजनलाई सबैले मिलनसार स्वभावको मान्छन्। अविवाहित साजन ५ फिट ३ इन्च अग्ला छन्। पत्रमित्रतामा अभिरुचि राख्ने साजन गहुँगोरो वर्णका छन्। उनलाई साथी बनाउन चाहनेहरूले सिसाखानी-३, बाग्लुङमा पत्राचार गर्न सक्नुहुन्छ।



एमबीएस अध्ययनरत सुन्दर घिमिरे मायालु स्वभावका छन्। २० वर्षीय घिमिरे ५ फिट ६ इन्च अग्ला छन्। अध्ययनमा व्यस्त घिमिरे अविवाहित हुन्। गहुगोरो वर्णका घिमिरे पत्रमित्रतामा अभिरुचि राख्छन्। अरूको मनको कुरा बुझ्ने विशेष गरी युवती साथीको खोजीमा रहेका सुन्दर आफ्नो साथीको मन सफा र निश्चल हुनुपर्ने धारणा राख्छन्। उनलाई साथी बनाउन चाहनेहरूले घारीबथान-१, कालिन्जोर, सर्लाहीमा पत्राचार गर्न सक्नुहुन्छ।

# मुहार फेर्दै प्रेमको प्रतीक रानीमहल

माधव अर्याल

१ सय १४ वर्षअघि रानी तेजकुमारीको सम्झनामा तत्कालीन जनरल खड्गशमशेरले भव्य महल बनाए। रानीको नाम तेजकुमारी र भव्य महल अनि यसको नाम जुर्‍यो तेजमहल, पछि मानिसहरूले यसलाई रानीमहल भन्न थाले। ऐतिहासिक, पुरातात्त्विक एवं पर्यटकीय स्थल रानीमहलको रंगरोगन र मुख्य भागको मर्मत भएको छ। सरकारले सन् २०११ लाई पर्यटन वर्षको घोषणा गरेलगत्तै स्थानीयवासी पर्यटकीय स्थल एवं प्रेमको प्रतीक रानीमहलको संरक्षणमा जुटेका छन्। पाल्पाको बौघागुम्हा गाविसमा पर्ने रानीमहल संरक्षण गर्न स्याङ्जाको आलमदेवी गाविस सटुकावासी कस्सिएका हुन्।



बौघागुम्हा र आलमदेवी गाविसका स्थानीय बासिन्दाहरूको संयुक्त पहलमा रानीमहल संरक्षण समिति गठन भएको छ। 'सम्बन्धित निकायले वास्ता गरेनन्, सामान चोरिन थाल्यो', सटुकाका सागरमणि पाण्डे क्षेत्रीले भने, 'हामी आफैंले केही गर्नुपर्छ भन्ने लाग्यो र संरक्षणको प्रयास थालियो।'

रानीमहल मर्मतका लागि पर्यटन बोर्ड भैरहवाले १० लाख रुपैयाँ प्रदान गरेको छ। सोही रकमबाट रानीमहल वरिपरिको सरसफाइ र रंगरोगन गरिने समाजसेवा असल शासन क्लबका अध्यक्ष कृष्ण पाण्डेले बताए।

रानीमहल पाल्पा सदरमुकामबाट ७ किलोमिटर उत्तरमा छ। त्यहाँसम्म मोटरबाटो पुग्न सकेको छैन।

> रानीमहल पाल्पा सदरमुकामबाट ७ किलोमिटर उत्तरमा छ। त्यहाँसम्म मोटरबाटो पुग्न सकेको छैन।
>
> सरकारले सन् २०११ लाई पर्यटन वर्ष घोषणा गरेलगत्तै स्थानीयवासी पर्यटकीय स्थल एवं प्रेमको प्रतीक रानीमहलको संरक्षणमा जुटेका छन्।
>
> स्वर्गवासी रानी तेजकुमारीको स्मृतिमा खड्गशमशेरले निर्माण गरेको यो दरबारको नाम रानीदरबार तथा दरबारक्षेत्रको स्थानको नाम रानीघाट राखियो।

पाल्पातर्फबाट ८ स्थानबाट यहाँ मोटर पुर्‍याउने प्रयास भैरहेको छ। स्याङ्जाबाट रानीमहल जाने बाटो बनिसकेको छ। त्यहाँ दुईतिरबाट मोटरबाटो खन्नेकाम जारी छ।

'सोझो पाल्पातर्फबाट हुन्छ तर, बजेट छैन' तानसेन रानीमहल मोटरबाटो उपभोक्ता समितिका अध्यक्ष पोषकान्त बस्यालले भने, 'सबैले मोटरबाटो खन्ने भन्छन् अनि आफ्नो गाउँ कटेपछि अलपत्र पार्ने गरेका छन्।' '१ सय १४ वर्ष पुरानो रानी महल जीर्ण बन्दै गएपछि असारसम्म देखिने लायकको बनाउने हाम्रो योजना हो,' दीपक पाण्डेले भने। रानीमहलको क्षेत्रमा रहेको मन्दिरको घन्ट चोरियो, तामाको पाता चोरी भएको छ। केही सामानसहित चोर पक्रन सटुकावासी सफल भए। ८ जना चोर र सामान पक्रेर प्रहरीलाई बुझाएको सागरमणि पाण्डेक्षेत्रीले बताए।

खड्गशमशेरले युनानी शैलीमा बेलायती इन्जिनियरको डिजाइनअनुसार यो दरबार बनाएका हुन्। कालीगण्डकी जलविद्युत् आयोजनाले मिर्मिमा पानी नथुन्दै यहाँ विदेशी पर्यटकको ओइरो लाग्थ्यो। स्थानीय बासिन्दा पदम श्रेष्ठका अनुसार पानी थुनिएर नदी सुख्खा भएपछि अनि देशमा द्वन्द्व चर्किएपछि यहाँ पर्यटक आउन छोडेका हुन्। उनले सातामा एक पटक हेलिकोप्टर चाटर्ड गरेर पनि विदेशी पर्यटकहरू त्यहाँ पुग्ने गरेको बताए।

२०४२ सालको हावा-हुरीले महललाई कुरूप बनाएको थियो। २०५४ सालमा लाखौं खर्चेर पुनःनिर्माण गरिए पनि संरक्षण गर्ने कोही नहुँदा महल जीर्ण बन्दै गयो। कालीगण्डकी नदीतटबाटै जग



उठाएर बनाइएकाले यो महल आकर्षक देखिन्छ।

दरबारक्षेत्रभित्र पानीपोखरी, बगैंचा, कलश, आधुनिक स्टाइलको पार्क, फलामका खम्बा, नागनागिनीहरूले शिवलिंगमा जलसर्चन गरिरहेको दृश्य छन्। घोडाबाँध्ने तबेला, सत्तलपाटी र शिवमन्दिर यहाँका थप आकर्षक हुन्।

स्वर्गवासी रानी तेजकुमारीको स्मृतिमा खड्गशमशेरले निर्माण गरेको यो दरबारको नाम रानीदरबार तथा दरबारक्षेत्रको स्थानको नाम रानीघाट राखियो। उक्त स्थान धार्मिक दृष्टिकाले पनि महत्त्वपूर्ण छ। यहाँबाट कालीगण्डकी उत्तरतर्फ बगेको छ। दरबारको मोहडा भने पूर्व-पश्चिम फैलिएको छ। महल बनाइएको स्थानले १ सय १२ फिट भूभाग ओगटेको छ।



## सुस्मिता भइन् ब्युटिसियन सुन्दरी

बुटवल– ३४ जना प्रतिस्पर्धीलाई पछि पार्दै कपिलवस्तु, बोडगाउँकी सुस्मिता केसी भैरहवामा सम्पन्न लुम्बिनी अञ्चलस्तरीय सौन्दर्यकला प्रतियोगितामा उत्कृष्ट घोषित भइन्।

सौन्दर्यकला व्यवसायी संघ, रूपन्देहीले आफ्नो तेस्रो वार्षिकोत्सवका अवसरमा आयोजना गरेको प्रतियोगितामा फस्ट रनरअप बुटवलकी श्वेता राजभण्डारी तथा सेकेन्ड रनर्सअप अनु रोक्का भए। अहिलेको राजनैतिक परिस्थितिमा नेपालमा सबैभन्दा बढी केको आवश्यकता छ भन्ने चलचित्र निर्माता निर्णायक प्रदीप उदयको प्रश्नको जवाफमा दिगो शान्तिको खाँचो उत्तर दिएकी केसी उत्कृष्ट हुँदै पुरस्कृत भएकी हुन्। प्रतियोगितामा बेस्ट आईको उपाधि अनु रोक्का, बेस्ट लिप्सको उपाधि रेश्मा श्रेष्ठले तथा बेस्ट पर्सनालिटीको उपाधि स्वेता राजभण्डारीले हात पारे। प्रतियोगितामा रूपन्देही, पाल्पा, नवलपरासी तथा कपिलवस्तु जिल्लाका ब्युटिसियनहरूको उल्लेख्य सहभागिता थियो। कार्यक्रममा सौन्दर्यकला व्यवसायी संघमा आबद्ध सदस्यहरूले तयार पारेका पहिरनमा मोडलहरू प्रस्तुत भएका थिए। अडिसन राउन्डमा ३४ जनाले प्रतिस्पर्धा गरेको प्रतियोगितामा उत्कृष्ट १० तथा उत्कृष्ट ५ जना हुँदै विजेता-उपविजेता घोषित गरिएको हो।

– टोपराज शर्मा

## फर्पिङमा फुड फेस्टिबल



नेपालको पहिलो जलविद्युत् आयोजना स्थल फर्पिङ पर्यटकीय गन्तव्यमा परिणत भएको छ। जलविद्युत्को सुरुवात भएको अवसर पारेर सो क्षेत्रलाई पर्यटकीय गन्तव्य घोषणा गरिएको छ। आयोजनाबाट विद्युत उत्पादन नहुने भएपछि त्यहाँका सामग्रीहरू संग्रहित गरी संग्रहालयका रूपमा विकास गरिएको छ। यो संग्रहालयको प्रचार गर्ने उद्देश्यले त्यहाँ पर्यटकको चहलपहल बढाउन फुड फेस्टिबेल हुने भएको छ। फेस्टिबलमा विभिन्न परिकारसहित सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिनेछ। जलविद्युत्को पोखरी परिसरमा फेस्टिबल हुन लागेको हो।

फर्पिङको यो नयाँ गन्तव्यलाई चार क्षेत्रमा विभाजन गरिएको छ। पोखरी, जलऊर्जा पार्क, विद्युत् उत्पादन गृह तथा पानी उत्पादन गृह सो क्षेत्रका आर्कषण हुन्। पोखरीमा शान्त ठाउँको खोजीमा रहने युवायुवतीहरू जाने गरेका छन्। जलऊर्जा पार्क निमार्णको क्रममा छ। पानी उत्पादनगृहमा संकलित पानी काठमाडौं उपत्यकामा वितरण गर्ने गरिएको छ। फर्पिङ पुग्न काठमाडौंको रिङरोडको बल्खुबाट १२ किलोमिटर दक्षिणमा रहेको सल्लाघारीमा पुग्नुपर्छ। त्यहाँबाट एक किलोमिटर ठाडो ओरालो झरेपछि पोखरीमा पुगिन्छ। पोखरीको डेढ किलोमिटरमुनि जलविद्युत् उत्पादन गृह छ।

## दीप श्रेष्ठको एकल साँझ

शुक्रबारको दिन भोजपुर सदर मुकामका चोकचोकमा दीप-सोल्टी साँझ लेखिएका ब्यानर जतातत्तै देख्न सकिन्थ्यो। दिउँसोदेखि नै एक हूल एकल साँझको माइकिङ गर्दै हिँडेको भेटिन्थ्यो।




पाँच बज्दा-नबज्दै दर्शकहरू कार्यक्रमस्थलमा आउन थालिसकेका थिए। स्थानीय शिवशक्ति चलचित्र मन्दिरमा साढे सात बजे प्रारम्भ भएको कार्यक्रमका लागि सम्साँझै खाना खाएर सुत्ने स्थानीय बासिन्दा गीत सुन्न खाना खाएर हलतर्फ लागेका थिए। श्रेष्ठले कार्यक्रम अवधिभर २० वटा गीत गाएर दर्शकलाई आफूतर्फ खिचेका थिए।

Develop your Skills
@
Access World
Stress Management
Personality Develoment
Proposal Writing
Online-journalism
News Writing/Editing
Contact @ 4485838
9803757721

SLC 067
को लागि साथै कक्षा ६, ७, ८ र १० मा
भर्ना खुल्यो
कक्षा ४,५,६,७ वा ८ पास गरी स्कुल जान नसकेका, कक्षा ९, Test वा SLC फेल भई स्कुल छाडेका वा स्कुल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहने विद्यार्थीहरुलाई
अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर
- अंग्रेजी र नेपाली दुवै भाषामा पढाईन्छ।
- SLC दिने विद्यार्थीहरुले कक्षा १० को मात्र पाठ्यवस्तु पढे पुग्ने।
- बारम्बार फेल भई निराश भएका र पढाई छाडि बसेकाहरुको लागि विशेष कक्षाको व्यवस्था गरी मनोवैज्ञानिक तरिकाले पढाइने।
- होस्टेल तथा यातायातको समेत व्यवस्था छ।
- कक्षा समयः बिहान र बेलुका।
- नियमित स्कुल आउन नसक्नेहरुको लागि खुला सिकाईको व्यवस्था।
- जुन कक्षामा विद्यार्थी भर्ना हुने हो त्यसभन्दा २ कक्षा तलको कक्षा उत्तीर्ण गरेको प्रमाण पत्र पेश गरे पुग्ने।
Students' Open Learning Academy
द्वारा सञ्चालित तथा जि.शि.का. बाट अनुमति प्राप्त
Students' Coaching & Tutorial Academy
भाटभटेनी चोक (सिजापति शालिक संगै), PHONE: 4415244

ब्युटिसियन तथा ब्युटिसियन बन्न चाहनेहरूका लागि सुवर्ण अवसर
● बेसिक/डिप्लोमा/एड्भान्स ब्युटिसियन कोषहरू। ●इन्टरनेशनल स्टेण्डरको बेसिक/एड्भान्स/मेकअप/स्पेसल/ब्राइडेल मेकअप कोर्षहरू। ●एड्भान्स हेयर कटिङ्ग र हेयर एण्ड स्काल्प ट्रिटमेन्ट कोर्षहरू। ●ब्युटिसियन टिचर्स ट्रेनिङ्ग र सैलुन मेनेजमण्ट कोर्षहरू।●कम्प्लीट एड्भान्स स्कीन ट्रिटमेन्ट साथै भेजपिल, थर्मोहब मास्क, म्यारोप्लस ट्रिटमेन्ट कोर्षहरू। ●पिम्पल, चाँयापोतो, स्कार, गोल्ड, पर्ल, रोज, फ्रुट र एलोभेरा फेसियल कोर्षहरू। ●विदेश जानेहरूका लागि विशेष एक हप्तादेखि ४५ दिनभित्रमै परफेक्ट ब्युटिसियन कोर्ष।
थ्योरी- डी.बी. गुरुङ्ग/प्राक्टिकल : जानकी श्रेष्ठ
Professional Beauty & Cosmetology Academy
Kupondole-1, Lalitpur Ph-01-5555698
NEPALS BEST THEORY & PRACTICAL BEAUTY ACADEMY

तु : आवश्यकता
France बाट नेपालमा विस्तारित The Rising Company लाई कर्मचारी आवश्यकता।
सङ्ख्या - 20 Ladies/Gents
योग्यता - SLC/PCL or Above
तलब - 11,000/-
सम्पर्क 9841881312 9808401672
UP INTERNATIONAL
सानेपा ललितपुर।
स्टार हस्पिटलको ठिक अगाडीको रातो घर

100% पावर
शिघ्र स्खलन रोक्न तथा उत्तेजना बढाउन
स्तन घटाउन बढाउन
साथै टाईट गर्ने
ब्रान्डेड "हर्बल क्रिम"
अनावश्यक मोटोपना घटाई स्लिम बन्ने की ?
* पेट तथा स्तनको सेतो धर्सा हटाउने क्रिम
* कालोपोतो, इन्डीफोर Wrinkles हटाई गोरोबन्न
* हाइट अनुसार मोटोपना बढाई स्वस्थ बन्न
* जाँड-रक्सीको कुलत छुटाई स्वस्थ जीवन दिने
लिङ्गको साइज बढाउने की ?
कलंकी खसीबजार (नर्सरी बगैंचा पछाडी)
9751090597, 9803634896

# फुटबलका विवादास्पद गोल



थिएरी हेनरीको हातेपासमा विलियम गालासले गरेको गोलमा फ्रान्सले दक्षिण अफ्रिकी विश्वकपको टिकट पायो । यो घटना यति धेरै विवादास्पद भयो कि आयरल्यान्डले सुरुमा फ्रान्सलाई अयोग्य ठहर गर्नुपर्ने अवाज उठायो भने पछिल्लो समयमा विश्वकपमा सहभागी टिमसंख्या ३३ पुऱ्याएर भए पनि आफूलाई समाहित गर्नुपर्ने माग राख्यो । आयरल्यान्डको माग असम्भव भएको फिफाले केही समयअघि मात्र ठहर गरिसकेको छ । हेनरी आफैंले भने यो घटनाले आइरिस समर्थकलाई दुःखी तुल्याएको स्वीकार गरिसकेका छन् । यो त भयो छनोट चरणको सर्वाधिक विवादित घटना । विश्वकपका पछिल्ला प्रतियोगिता पनि कम विवादित थिएनन् । १९६६, १९९८ र २००६ यस्तै विवादास्पद घटनाले भरिएका विश्वकप बने ।

कडा ट्याकल, ट्रान्सफरको हल्ला र गोल फुटबलका आकर्षण हुन्, तर फुटबल यति मात्र पक्कै होइन । तनाव विवाद र थ्रिल फुटबलका अन्य पाटा हुन् । विवादास्पद घटनाले फुटबललाई अझ रोचक बनाएको तर्क पनि नगरिएका होइनन् ।

विश्वकप छनोट चरणमै हेनरीले दिएको पास र गालासले लामो दूरीबाट गरेको हेड मात्र हेर्ने हो भने त्यो प्रशंसायोग्य छ, तर आयरल्यान्ड समर्थकलाई यो कदापि मान्य हुनेछैन । उनीहरू फ्रान्सले खेल जितेर नै विश्वकपमा प्रवेश गरेको कुरा स्वीकार गर्न कहिल्यै तयार हुनेछैनन् ।

सन् १९६६ को विश्वकप फाइनलमा इङ्ल्यान्डले जर्मनीलाई ४-१ ले हराउँदा पक्कै पनि जियोफ हर्स्टको ह्याट्रिक महत्त्वपूर्ण थियो । विश्वकपको फाइनलमा ह्याट्रिक गर्ने एक मात्र खेलाडीका रूपमा उनले राखेको कीर्तिमान सायद लामो समयसम्म भंग हुनेछैन, तर उक्त कीर्तिमानले पनि उनलाई सन्तुष्टि दिएन । कारण एउटै थियो, उनले गरेको दोस्रो गोलमा बलले लाइन क्रस गरेको थियो कि थिएन भन्ने विवादअझै कायमै छ । 'यदि गोल पोस्ट नजिक रहेको मेरो साथीले त्यो बललाई छोइदिएको भए मलाई ह्याट्रिक नभए पनि सन्तुष्टि हुने थियो । किनभने म त्यो विवादमा मुछिने थिइनँ ।' हर्स्टले आफ्नो बायोग्राफीमा लेखेका छन् ।

चेल्सीका विरुद्ध लिभरपुलले गरेको एउटा गोल त्यत्ति नै हास्यास्पद तर अचम्मलाग्दो छ । जितका निम्ति खेल्ने होसे माउरिन्होका लागिसमेत त्यो गोल बिर्सनलायक रह्यो । स्टेफन जेरार्डले चिप गरेको बल लिन मिलान बारोस अगाडि बढ्दै थिए । चेल्सीका रक्षकले पनि बललाई छाडेर बारोसलाई मात्र रोक्न खोजे । पछि आश्चर्यजनक रूपमा बलले पोस्टको दिशा लियो । उक्त बल रोक्न विलियम गालास लाइनमा पुगे पनि रेफ्रिले गोलको निर्णय गरिसकेका थिए । चेल्सीका जोन टेरीले च्याम्पियन्स लिगमा गरेको एउटा गोललाई पनि यस्तै विवादास्पद गोलका रूपमा सूचीकृत गरिएको छ ।

यी भए विवादका सानातिना घटना, फुटबलको इतिहासमा सबैभन्दा विवादास्पद व्यक्ति डिएगो म्याराडोनाभन्दा अरू कोही हुन सक्दैनन् । सन् १९८६ को विश्वकप क्वार्टरफाइनलमा म्याराडोनाले गरेको गोललाई धेरैले विश्वकपकै उत्कृष्ट गोल माने पनि उक्त गोललाई धेरै फुटबल पण्डितले फुटबल इतिहासकै कलंकित घटनाका रूपमा चित्रित गरेका छन् ।

● विश्वकप डायरी ●

## ब्ल्याक माम्बाको खतरा



पछिल्ला केही विश्वकप फुटबल प्रतियोगितामा कपको दावा गर्दै आएको इङ्ल्यान्डलाई मैदानमा जति गाह्रो पर्दै आएको छ, त्योभन्दा बढी समस्या मैदानबाहिर पनि हुने गरेको छ । आगामी विश्वकपका लागि इङ्ल्यान्डले आफ्नो टिमलाई रुस्टेनबर्गस्थित बाफोकेन स्पोर्ट्स क्याम्पसमा राख्ने निर्णय गरेको छ । यो क्षेत्रमा अफ्रिकाका विषालु सर्पहरू रहने हुनाले अहिले बेलायती टिमलाई थप चिन्ता परेको छ । उक्त क्षेत्रमा हिंस्रक पाइथन, विष फ्याँक्ने कोब्रा, पुफ एडर तथा ब्ल्याक माम्बा जातका सर्पहरू पाइन्छन् ।

आफ्नो क्याम्प भएको क्षेत्रमा विषालु सर्प अत्यधिक भएको कुरा थाहा पाएपछि बेलायती टिमले चिकित्सकहरूलाई एन्टी भेनमका औषधीसहित साथमा राख्ने भएको छ । यसबाहेक इङ्लिस टिमका खेलाडीहरूलाई साँझ परेपछि खुला स्थानमा जान निषेध गरिएको छ । स्थानीय स्वास्थ्य निर्देशक डा. केबो मोकगेटी भन्छन्- हामीले आपत्कालीन उपचारका लागि चाहिने औषधीहरू पर्याप्त मात्रामा राखेका छौं । कुनै विषालु सर्पसँग हुने आमने-सामनेको अवस्थामा कसरी जोगिने र कुनै साथीलाई सर्पले डसे कसरी उद्धार गर्ने भन्ने विषयमा प्रशिक्षण गराउनेछौं ।

बेलायती टिमको सुरक्षाका लागि उनीहरू बसेको क्याम्पको बाहिरी भागमा तार जाली लगाएर विद्युत् प्रवाह गरिएको छ । यसले केवल पाइथन जातको सर्पलाई मात्र रोक्न सक्छ सानो जातका विषालु सर्पलाई भने रोक्दैन । जीव वैज्ञानिकहरूले दक्षिण अफ्रिकामा पाइने सर्पहरूमध्ये सर्वाधिक विषालु ब्ल्याम माम्बा जातको सर्प भएको बताएका छन् ।

## विश्वकप कसले जित्छ ?

आगामी विश्वकप कसले जित्छ ? अनुमान प्रारम्भ भैसकेको छ । विश्वकप खेल्ने राष्ट्रका समर्थकहरू आफ्नो देशले विश्वकप जित्ने ठोकुवा गरिरहेका छन् भने स्वतन्त्र विश्लेषकहरूले विभिन्न राष्ट्रको नाम लिइरहेका छन् । हालै अन्तर्राष्ट्रिय खेलकुद पत्रकाररूको संस्था इन्टरनेसनल स्पोर्ट्स प्रेस एसोसिएसनका पत्रकारहरूरुले आगामी विश्वकप कसले जित्छ भन्ने विषयमा मतदान गर्दा पाँच पटक विश्वकप जितेको ब्राजिलको नाम शीर्ष स्थानमा आएको छ । २८ दशमलव ३ प्रतिशत पत्रकारले ब्राजिलले जित्ने कुरा बताए भने दोस्रो स्थानमा अर्जेन्टिना रहेको जनाए । सर्वेक्षणमा युरोपका तर्फबाट जित्ने बढी सम्भावना भएको राष्ट्रमा स्पेनको नाम अगाडि आयो भने दोस्रोमा इङ्ल्यान्ड रह्यो । ९७ देशका २ सयभन्दा बढी खेलपत्रकार सहभागी भएको उक्त मतदानमा अर्जेन्टिनाका लियोन मेस्सीले सर्वाधिक गोल गर्ने बताइएको छ ।

### कसले जित्छ विश्वकप ?



यस पटकको विश्वकप पोर्चुगलले जित्छ, किनभने ऊसँग क्रिस्टियानो रोनाल्डोजस्तो स्टार खेलाडी छ ।

**सुमित ढकाल** (१९, **मोडल**), **बत्तीसपुतली, काठमाडौं**



इङ्ल्यान्डको डाई हर्ट फ्यान भएका कारण आगामी विश्वकपमा मेरो फेभरेट टिम पनि यही हो । मलाई यसपटक इङ्ल्यान्डले नै जित्छ जस्तो लाग्छ । डेभिड बेकह्याम घाईते भए पनि वाह्ये रुनीलगायत अरू खेलाडी पनि एक सय एक छन् । आगामि विश्वकप साथीभाइहरूसँग स्पोर्ट्स बारमा बसेर हुटिङ गर्दै हेर्छु ।

**बाबु बोगटी** (**गायक**)



मलाई त विश्वकपको कम्प्लिट टिम जर्मनी नै लाग्छ । यसको खेल्ने स्टाइल प्रतिस्पर्धात्मक भए पनि रोमाञ्चक हुन्छ । जर्मनीको डिफेन्स लाइन र स्ट्राइकिङ पोजिसनले गर्दा यो पूर्ण फुटबल टिम हो । मेरो विचारमा यस पटकको विश्वकप जर्मनीले नै उचाल्छ ।

**योगेन्द्र श्रेष्ठ** (**द्वन्द्व निर्देशक**)



खेलमा कसले जित्छ भन्न सकिँदैन, तर मलाई यसपटक विश्वकपमा नयाँ राष्ट्र विजेताका रूपमा आउछ जस्तो लाग्छ । मेरो फेबरेट टिम अर्जेन्टिना र इङ्ल्यान्ड भए पनि आइभोरिकोस्टलाई बलियो टिमका रूपमा देखेको छु ।

**दीपक विष्ट** (**तेक्वान्दो खेलाडी**)

**यो स्तम्भमा पाठकहरूले पनि आफ्नो राय तस्बिरसहित पठाउन सक्नुहुनेछ ।**

**– सम्पादक**

First time in Nepal, in the history of A Level study
There were just 7 seats from more then 180 Countries and our As Level student 'Kishor Thapa' secured 100% scholarship worth Rs. 60,00,000 & above to study A Level in the Royal Wolverhampton school, UK.
Few Achivers from Orient College
Rozan Neupane USA Full Scholarship & Additional Benefits
Kishor Thapa
Pravin Subedi Lee University, USA Full Scholarship
Shubhanga Gautam Sienahight University USA, Scholarship
Anima Parajuli Nepal Topper 2009
Spot Entrance test is giong on for A Level
Eligibility:- SLC or equivalent or SLC appeared students
Time: 7am - 5pm (Everyday)
ORIENT COLLEGE
A levels, Plus 2, B.A. & B.B.S.
Narayangopal Chowk, Maharajgunj, Kathmandu
4721445, 4720158
Shubha-9751003499
Note: Students from outside Kathmandu Valley can book their entrance date through phone call

Congratulations !
to all our students who have been appointed in different airlines.
Surakshya Rai Agni Air | Rupa Sunwar Air Arabia | Pratibha Yonzon Air Arabia | Sunita Serchan Air Arabia | Shristina Joshi Yeti Airlines
Ambika Pradhan Buddha Air | Shristi Shrestha Air Arabia | Saurav Thapa Air Arabia | Sarswati Gaire Yeti Airlines | Hasina Shrestha Yeti Airlines
Admission Open for
Airhostess Training
www.theflyinginstitute.edu.np
call: 4465653, 9841278689
The Flying Institute Pvt. Ltd
For complete AIRHOSTESS training ....
Arniko Bhawan, Minbhawan, New Baneshwor, Kathmandu

# आगामी विश्वकपमा कसले बढी गोल गर्ला ?




### विश्वकपमा सर्वाधिक गोल गर्ने खेलाडीहरू

| वर्ष | खेलाडी | देश | गोल |
|---|---|---|---|
| १९३० | गुलेर्मो स्टाबेली | अर्जेन्टिना | ८ |
| १९३४ | ओल्डरिच निजेड्ली | चेक | ५ |
| १९३८ | लियोनिडास | ब्राजिल | ७ |
| १९५० | एडिमिर | ब्राजिल | ९ |
| १९५४ | सान्डोर कोक्सिस | हंगेरी | ११ |
| १९५८ | जस्ट फोन्टिन | फ्रान्स | १३ |
| १९६२ | गारिन्चा | ब्राजिल | ४ |
| १९६२ | भाभा | ब्राजिल | ४ |
| १९६२ | लियोनल साँन्चेज | चिली | ४ |
| १९६२ | फ्लोरियन अल्बर्ट | हंगेरी | ४ |
| १९६२ | भ्यालेन्टिन इभानोभ | सोभियत संघ | ४ |
| १९६२ | ड्राजेन जार्कोभिच | युगोस्लाभिया | ४ |
| १९६६ | इसिबियो | पोर्चुगल | ९ |
| १९७० | गर्ड मुलर | जर्मनी | १० |
| १९७४ | गार्जीगोर्ज लाटो | पोल्यान्ड | ७ |
| १९७८ | मारियो केम्पस | अर्जेन्टिना | ६ |
| १९८२ | पाउलो रोस्सी | इटाली | ६ |
| १९८६ | गेरी लिनेकर | इङ्ल्यान्ड | ६ |
| १९९० | साल्भाडोर सिलाची | इटाली | ६ |
| १९९४ | हिस्टो इच्कोभ | बुल्गेरिया | ६ |
| १९९४ | ओलेग सालेन्को | रूस | ६ |
| १९९८ | डेभोर सुकर | क्रोएसिया | ६ |
| २००२ | रोनाल्डो | ब्राजिल | ८ |
| २००६ | मिरोस्लाभ क्लोस | जर्मनी | ५ |








**डेभिड भिल्ला (स्पेन)**

स्पेनले आगामी विश्वकपमा आफ्नो टिमको असली तुरूप फर्नान्डो टोरेसलाई मानेको थियो। उनको खुबीका कारण स्पेनले आफूलाई विश्वकपको विजेता बनाउने आशा नराखे पनि सेमिफाइनलसम्मको यात्रा गर्ने कुरामा भने ऊ विश्वस्त नै थियो। विश्वकप अघि टोरेसको घुँडामा चोट लागेपछि स्पेनको मनोबल केही घटेको छ। उनी आगामी विश्वकप खेल्न सक्ने हुन् कि होइनन्, चिकित्सकहरूसमेत केही भन्न नसक्ने अवस्थामा पुगेपछि अहिले स्पेनले टोरेसको अनुपस्थितिमा डेभिड भिल्ला नै आफ्नो टिमका तर्फबाट गोल्डेन बुटको दाबेदार हुने अनुमान गरेको छ।

स्पेनले सन् २००८ को युरो कप जित्दा भिल्लाले आफ्नो टिमका तर्फबाट ४ गोल गरेका थिए। प्रतियोगितामा टोरेस पनि सामेल भएका कारण भिल्लाको मनोबल बढेको थियो र स्पेनले सफलता हात पारेको थियो। ५ फिट ९ इन्च अग्ला भिल्ला विश्व फुटबलमा नामुद फरवार्डको श्रेणीमा नपरे पनि कम अवसरमा पनि गोल गर्न सक्ने क्षमताका कारण प्रसिद्ध छन्। यदी उनमा गोल्डेन बुट पाउने स्वार्थ बढेन भने स्पेनले विश्वकपमा लामो यात्रा गर्न सक्छ।

**गोन्जालो हिग्विना (अर्जेन्टिना)**

अर्जेन्टिनाका प्रशिक्षक डिएगो म्याराडोनाले हिग्विनालाई आफ्नो टिमको पहिलो पंक्तिमा राख्नेछन्। गत अप्रिलमै म्याराडोनाले हिग्विनालाई उक्त पोजिसनबाट खेलाउने निर्णय गरेका थिए। कुन अग्वुइरा र कार्लोस ताभेजभन्दा अग्रभागमा रहेर स्ट्राइकरको भूमिका निर्वाह गर्ने हिग्विना गोल्डेन बुटको मुख्य दावेदारका रूपमा देखा परेका छन्। यदि उनलाई टिमका दुई विङ्गर जोनास गुटिरेज् र एन्जेल मारिया तथा पछिल्लो भागमा रहने लियोनल मेस्सिले साथ दिए हिग्विना गोल्डेन बुटको दाबेदार हुन सक्छन्। स्पेनको रियल म्याड्रिडवाट खेल्ने २२ वर्षीय हिग्विनाले आफ्नो पछिल्लो सिजनमा मैदानमा उत्रिएको २५ खेलमा २८ गोल गरेका थिए। जर्मनविरुद्ध भएको मैत्रीपूर्ण खेलमा निर्णायक गोल गरेका हिग्विना कुनै पनि अवसरको सदुपयोग गर्न सक्छन्।



**क्रिस्टियानो रोनाल्डो (पोर्चुगल)**

स्पेनका भिल्ला र अर्जेन्टिनाका लियोनल मेस्सिको संयोजनले कुनै पनि टिमलाई बलियो बनाउन सक्छ, तर विजयी नै बनाउन सक्छ भन्ने छैन। टिमले पूर्णता पाउन चाहिने गोल स्कोररका रूपमा रोनाल्डोलाई राखियो भने त्यो टिम सर्वाधिक सशक्त हुनेछ। विश्वकपका महान् खेलाडीहरूका सूचीमा आफूलाई अझै पुऱ्याउन नसकेका रोनाल्डोले यो विश्वकपमा आफूलाई त्यो श्रेणीको खेलाडी हुँ भनेर प्रस्तुत गर्ने प्रयास गर्नेछन्। कठिन मोडबाट विश्वकप फाइनलको यात्रा निश्चित गरेको पोर्चुगलले आफ्नो टिमको मुख्य अस्त्रका रूपमा रोनाल्डोलाई अघि सारेका छन्। स्पेनिस लिगमा रियल म्याड्रिडका तर्फबाट २५ खेल खेल्दा रोनाल्डोले २० गोल गरेर आफू गोलको भोको रहेको देखाएका छन्। आगामी विश्वकपमा पोर्चुगल ब्राजिल, आइभोरीकोस्ट तथा उत्तर कोरियाको समूहमा परेको पोर्चुगललाई अघिल्लो चरणमा प्रवेश गर्न रोनाल्डोको गोलको खाँचो पर्नेछ। टिमले इच्छाअनुसार सफलता पाउने हो भने रोनाल्डो विश्वकपमा सर्वाधिक गोलकर्ताको सूचीमा पर्न सक्छ।

**रोबिन भ्यान पर्सी (नेदरल्यान्ड)**

विश्वकपको गोल्डेन बुट पाउन केही कुरामा तालमेल मिल्नुपर्छ। पहिलो टिमको संरचना राम्रो हुनुपऱ्यो, दोस्रो प्रतिद्वन्द्वीलाई पराजित गर्ने मानसिकता हुनुपऱ्यो। त्यसबाहेक भाग्यले साथ दिनुपऱ्यो अनि टिमका खेलाडीहरू घाइते हुनुभएन। अहिले नेदरल्यान्डको टिमको संरचना सर्वाधिक राम्रो छ। विश्वकपको छनोट चरणका एक कुनै पनि खेलमा पराजित नभएको नेदरल्यान्डले बराबरीको समेत सामना गर्नुपरेन। डेनमार्क, क्यामरुन तथा जापानको समूह 'ई' मा परेको नेदरल्यान्डले प्रारम्भिक चरणमा गोल गर्ने बढी अवसर पाउनेछ। चोटका कारण ५ महिनापछि मैदानमा फर्किएका भ्यानले टिमको कम्बिनेसनमा गोल गर्न सके भने उनी नेदरल्यान्डका तर्फबाट विश्वकपमा सर्वाधिक गोल गर्ने खेलाडी हुन सक्छन्।

**वाहये रुनी (इङ्ल्यान्ड)**

इङ्ल्यान्डले आगामी विश्वकप जित्ने दाबी विश्वकप छनोट भएदेखि नै गर्न थालेको हो। यदि इङ्ल्यान्डले जित्यो भने ४४ वर्षपछि विश्वकप उसको पोल्टामा पर्नेछ। डेभिड बेकह्याम घाइते भएपछि इङ्ल्यान्डको ध्यान अहिले रुनीतर्फ आकृष्ट भएको छ र उनलाई नै इङ्ल्यान्डको सफलताको मुख्य तुरूप बनाइएको छ। रुनीको अहिलेको अवस्था र टिमलाई हेर्दा उनले दोस्रो चरणमै पछिल्लो विश्वकपको सर्वाधिक गोलको संख्या पार लगाउने देखिन्छ। अमेरिका, स्लोभानिया र अल्जेरियाको समूहमा रहेको इङ्ल्यान्डका तर्फबाट रुनी एक्लैले ३ देखि ४ गोल गर्न सक्छन्। दोस्रो चरणमा इङ्ल्यान्डको प्रतिस्पर्धा सर्बिया वा अस्ट्रेलियासँग हुनेछ। उक्त खेलमा रुनीले केही गोल गरे उनी गोल्डेन बुटको हकदार हुनेछन्।


Global education for global citizens

ADMISSIONS OPEN

Eligibility:- SLC appeared students can apply

A Levels

University of Cambridge International Examinations

Exceptionally successful students


Manjari Rani Regmi
Fatima Jinnah Medical College, Pakistan
MBBS (Full Scholarships)


Anoj Shahi
Top in the World, 2008


Darshan Pradhan
Unitec College
New Zealand
BE- Civel (Scholarships)


Agnesh Pant
Saimaa University, Finland
BE-Mechanical
(Full Scholarships)


Rama Pun
Stanford University
USA
(Full Scholarships)


Kushma Pyakurel
Lee University, USA
Pre Medical
(Full Scholarships)

Shubha-9751003499

King's College
(A Levels, BBA, MBA)

Old Baneshwor, Pipalbot, Kathmandu
Tel:– 01-4471162
info@kingscollege.edu.np



RJ VJ MC

उद्घोषण तालिम

पुर्णरुपले practical र स्टुडियो केन्द्रित रेडियो, टेलिभिजन, प्राविधिक तथा पत्रकारिता तालिम

SLC Special Discount

रेडियो कर्मीदारा संचालित उद्घोषण तालिम केन्द्र

ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा

मृदुला खनाल, मनाल शिशिर, रबि थापा
सन्तोष खनाल, केशवजङ्ग पाण्डे, नबिन लुँइटेल
हिरामणि तिमल्सिना, मधु नेपाल, R.D. श्रृंखला

रु.१०००/ छुट

BIKALPA THE OPTION

फोन: ०१-२२९०१६८, ०१-४२४१७०९

बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्को दाहिनेपट्टि)

विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

# सर्वाधिक कमाउने फुटबलर




हाल अमेरिकामा प्रोफेसनल फुटबल खेलिरहेका डेभिड बेकह्याम विश्व फुटबलमा सुपरस्टार नै मानिन्छन्। यद्यपि उनले आफ्नो नामअनुसार पाउने पारिश्रमिक भने औसत प्रोफेसनल खेलाडीको जस्तै छ। बेकह्यामले प्रोफेसनल फुटबलबाट वार्षिक ६५ लाख डलर आम्दानी गर्छन्। आम्दानीका आधारमा बेकह्याम सर्वाधिक आम्दानी गर्ने फुटबलरको सूचीमा २० औं स्थानभन्दा तल छन्, जसले गर्दा उनको नाम सर्वाधिक आम्दानी गर्ने खेलाडीहरूको सूचीमा ५० औं स्थानभित्र मात्र छ।

अहिले दुई किसिमका फुटबलमा बढी पारिश्रमिक छ। अमेरिकामा लोकप्रिय अमेरिकन फुटबल र अन्य क्षेत्रमा खेलिने फुटबल। तुलना गरेर हेर्ने हो भने फुटबल खेलाडीहरूको भन्दा अमेरिकन फुटबलका खेलाडीहरूको पारिश्रमिक बढी छ। सन् २००९ र २०१० मा खेलाडीहरूलाई दिइएको पारिश्रमिकको तुलना गर्दा अमेरिकन फुटबलका शीर्ष पाँच स्थानमा रहेका खेलाडीले औसत २ करोड ३ लाख १७ हजार डलर कमाएका छन् भने फुटबलरहरूको औसत आम्दानी १ करोड ४६ लाख ७५ हजार डलर छ।

*आगामी विश्वकपमा सहभागी भएका राष्ट्रका खेलाडीहरूमध्ये सर्वाधिक वार्षिक आम्दानी गर्ने खेलाडी :*




सर्वाधिक पारिश्रमिक लिने खेलाडीहरूमा पोर्चुगलका क्रिस्टियानो रोनाल्डो शीर्ष स्थानमा छन्। पोर्चुगलको राष्ट्रिय टिमका कप्तान रोनाल्डो प्रोफेसनल फुटबलबाट वार्षिक १ करोड ७० लाख ६१ हजार डलर कमाउँछन्। इटालीको रियल म्याड्रिडबाट स्ट्राइकरका रूपमा खेल्ने रोनाल्डो यसअघि इङ्ल्यान्डको म्यानचेस्टर युनाइटेडबाट खेल्थे। उनलाई रियल म्याड्रिडले आफ्नो क्लबमा ल्याउन १३ करोड २० लाख डलर तिरेको थियो।





स्वीडेनका जाल्टान इब्राहिमोभिच सर्वाधिक आम्दानी गर्ने फुटबलरको सूचीमा दोस्रो स्थानमा छन्। उनले सन् २००९-१० को सिजनमा फुटबलबाट १ करोड ५७ लाख ३ हजार डलर पारिश्रमिक बुझेका थिए। स्पेनको बार्सिलोना क्लबसँग आबद्ध जाल्टानको पारिश्रमिक सन् २००९ मा सर्वाधिक थियो।




क्यामरुनको राष्ट्रिय टिमका कप्तान स्यामुयल इटो सर्वाधिक आम्दानी गर्ने चौथो प्रोफेसनल फुटबलर हुन्। इटालीको इन्टरनाजियोनल क्लबसँग आबद्ध इटोको वार्षिक पारिश्रमिक १ करोड ३७ लाख डलर छ। सन् २००० को ओलम्पिकमा क्यामरुनलाई स्वर्ण पदक जिताउँदा टिमको मुख्य स्ट्राइकरका रूपमा रहेका इटोको यो तेस्रो विश्वकप हुनेछ।

डिएगो म्याराडोनालाई अहिले अर्जेन्टिना टिममा जति विश्वास छ त्यो भन्दा बढी विश्वास लियोन मेस्सीप्रति छ। स्पेनको बार्सिलोना क्लबबाट स्ट्राइकरका रूपमा खेल्ने मेस्सीले सन् २००९-१० को अनुबन्धवाट वार्षिक १ करोड ३७ लाख ४० हजार डलर आम्दानी गरे। फुटबलमा सर्वाधिक आम्दानी गर्ने कान्छा खेलाडीको वरियताक्रममा मेस्सीले आफूलाई शीर्ष २० स्थानभित्र राखेका थिए।




सर्वाधिक आम्दानी गर्ने खेलाडीको पाँचौं स्थानमा रिकार्डो जेक्सन डोस स्यान्टोस् लेटी छन्। उनलाई फुटबलमा काका नामले चिनिन्छन्। ब्राजिलका २७ वर्षीय काका अहिले रियल म्याड्रिडमा मिडफिल्डरको पोजिसनमा छन्। आगामी विश्वकपमा ब्राजिलको राष्ट्रिय टिमबाट खेल्ने काकाको वार्षिक पारिश्रमिक १ करोड ३१ लाख ३५ हजार डलर छ।

६. करिम बेन्जामा, २२ (फ्रान्स)
क्लबः रियल म्याड्रिड पारिश्रमिक : १ करोड ११ लाख ७२ हजार डलर

७. कार्लोस ताभेज, २६ (अर्जेन्टिना)
क्लबः म्यानचेस्टर युनाइटेड पारिश्रमिक : १ करोड ५ लाख ६८ हजार

८. जोन टेरी, २९ (इङ्ल्यान्ड)
क्लबः चेल्सी पारिश्रमिक : ९८ लाख १३ हजार

९. फ्र्यांक लाम्पार्ट, ३१ (इङ्ल्यान्ड)
क्लबः चेल्सी पारिश्रमिक : ९८ लाख १३ हजार

१०. थिएरी हेनरी, ३२ (फ्रान्स) क्लबः बार्सिलोना पारिश्रमिक : ९८ लाख १३ हजार

११. जाभी, ३० (स्पेन) क्लबः बार्सिलोना पारिश्रमिक : ९८ लाख १३ हजार

१२. रोनाल्डिन्हो, ३० (ब्राजिल)
क्लबः एसी मिलान पारिश्रमिक : ९८ लाख १३ हजार

१३. स्टेभन गेरार्ड, २९ (इङ्ल्यान्ड)
क्लबः लिभरपुल
पारिश्रमिक : ९८ लाख १३ हजार

१४. ड्यानियल अल्भेस्,२६ (ब्राजिल)
क्लबः बार्सिलोना पारिश्रमिक : ९२ लाख ९ हजार

१५. माइकल बालाक, ३३ (जर्मनी)
क्लबः चेल्सी
पारिश्रमिक : ८४ लाख ५४ हजार

१६. राउल, ३२ (स्पेन) क्लब : रियल म्याड्रिड पारिश्रमिक : ८४ लाख ५४ हजार

१७. रियो फर्नान्डेज, ३१ (इङ्ल्यान्ड)
क्लबः म्यानचेष्टर युनाईटेड
पारिश्रमिक : ८४ लाख ५४ हजार

१८. कोलो टोउरे, २९ (आइभोरिकोस्ट)
क्लबः म्यानचेस्टर सिटी पारिश्रमिक : ८४ लाख ५४ हजार

१९. वाह्ये रुनी, २४ (इङ्ल्यान्ड)
क्लबः म्यानचेस्टर युनाइटेड
पारिश्रमिक : ७८ लाख ५१ हजार

२०. रोबिन्हो, २६ (ब्राजिल)
क्लबः म्यानचेस्टर सिटी
पारिश्रमिक : ७८ लाख ५१ हजार

साप्ताहिक
In association with
Virgin mobile showroom
Quality Connection
presents
विश्वकप फुटबल क्वीज

१९ औं विश्वकप दक्षिण अफ्रिकाको कतिवटा सहरमा आयोजना हुँदैछ ?

नाम : ..............................
पूरा ठेगाना : ..............................
फोन नम्बर : .................. दस्तखत : ..................

प्रत्येक साता प्रश्नको सही जवाफ पठाई जित्नुहोस

Metro
2 MP Camera
1 Gb Memory Card
Bluetooth, FM

X6
TFT Capacitive Touchscreen
5 MP Camera, 3G, WiFi
32GB Storage
Accelerometer Sensor
GPRS, Bluetooth

Satio
TFT Touchscreen
12 MP Camera, 3G, WiFi
Micro SD, upto 32GB
Accelerometer Sensor
GPRS, Bluetooth

S5620 Monte
TFT Capacitive Touchscreen
3.15 MP Camera, 3G, WiFi
Expandable upto 16GB
Accelerometer Sensor
GPRS, Bluetooth

बम्पर प्रश्न र बम्पर उपहारको लागि प्रतिक्षा गर्नुहोस्।

कुपन पठाउने ठेगाना
साप्ताहिक विश्वकप क्वीज
कान्तिपुर पब्लिकेसन्स प्रा. लि.
कान्तिपुर कम्प्लेक्स, सुविधानगर, काठमाडौं
पो.ब.नं. ८५५९

प्रतियोगिताका नियमहरू :
१. प्रत्येक साता सही जवाफ मिलाउने एक भन्दा बढी भए गोलाप्रथाद्वारा एक जनालाई मोबाइल सेट प्रदान गरिनेछ, कान्तिपुर पब्लिकेसन्सको निर्णय नै अन्तिम निर्णय मानिनेछ।
२. पुरस्कार वितरण सुविधानगर स्थित कान्तिपुर पब्लिकेसन्सको कार्यालयमा गरिनेछ।
३. जवाफ २०६७ जेठ २३ गते साँझ ५.०० बजेसम्म हामीलाई प्राप्त भैसक्नुपर्नेछ। जवाफ कान्तिपुर पब्लिकेसन्सको कार्यालयमा पनि सोझै बुझाउन सकिनेछ।
४. प्रश्नको जवाफ पठाउँदा कुपन काटी पठाएको उत्तर मात्र स्वीकार गरिनेछ। यसको फोटोकपी आदिलाई मान्यता दिइने छैन।
५. कान्तिपुर पब्लिकेसन्स (प्रा) लि. तथा भर्जिन मोबाइलका कर्मचारीहरूले प्रतियोगितामा सहभागी हुन पाउने छैनन्।

Virgin mobile showroom
Quality Connection
Pako, New Road, Kathmandu, Nepal
Tel: 4260173, 4218928,
E-mail: info@virginmobile.com.np
URL: www.virginmobile.com.np



# सिकुवामा कुवेर

इलाम– सानो कोठाको भित्ताभरि नेपालका ख्यातिप्राप्त साहित्य तथा संगीतका सर्जकहरूका तस्बिर सजिएका छन् । अग्रभागमा एक फिट अग्लो मञ्च छ । मञ्चमा हार्मोनियम, तबला, गितार आदि संगीतका सामग्री तरङ्ग फैलाउन तयार छन् । सुकुलमा पलेंटी कसेर बसेका संगीतप्रेमीहरूको उपस्थिति बाक्लो देखिन्छ । मोफसलमा सुगम संगीतलाई उजागर गर्न इलामको रेडियो फिक्कलले सुरु गरेको सिकुवा संगीत बसाइको दोस्रो श्रृखंलामा वरिष्ठ गायक कुवेर राईले कर्णप्रिय स्वरमा सबैलाई नौलो अनुभूति बाँडे । कुवेरको स्वर सुक्दै गयो तर दर्शकहरू चटपटाएनन् ।

आफ्नै अगुवाइमा सञ्चालनमा आएको रेडियो फिक्कल ९० दशमलव ६ मेगाहर्जमा प्रथम श्रृंखलामा आफैं झुल्किएका वरिष्ठ साहित्यकार तथा संगीतकार गणेश रसिक यसपटक कुवेरको स्वरमा एकाग्र थिए । उनले पप तथा र्‍याप संगीतले सुगम संगीतलाई ओझेल पार्दै लगेकाले सिकुवा संगीत सुरु गर्नुपरेको बताए । गीतकार पुजन प्रधानको रचना तथा मधुसूदन लामाले संगीत भरेको देशभक्ति गीत 'देशको माया राखौं' बाट सुरु भएको सिकुवा संगीतमा कुवेरले १८ वटा चर्चित गीत सुनाएका थिए । बीच-बीचमा नवगायिका कृतिका राईले कुवेरलाई साथ दिइन् ।

सिकुवाको पहिलो बसाइमा उनले राजधानीमा गीत रेकर्ड गराउँदा बितेका पलहरूलाई निकै भावुक शैलीमा सम्झिए ।

प्रत्येक महिनाको पहिलो शुक्रबार रेडियो फिक्कलको मित्रसेन कक्षमा आयोजना हुने सिकुवा संगीतलाई रेडियोले प्रत्यक्ष प्रशारण गर्छ । करिब दुई घण्टा चलेको कार्यक्रममा दार्जीलिङ, मिरिक, इलाम आदि विभिन्न स्थानका संगीतप्रेमीहरूको उपस्थिति थियो ।

–युवराज गौतम

# मिस तामाङको विवाद सल्टियो

**साप्ताहिक समाचार**

काठमाडौं– मिस तामाङ-२०१० आगामी असार १९ गते आयोजना गर्ने सहमतिसँगै विगत केही महिनादेखि जारी विवाद मिलेको छ । मिस तामाङको तेस्रो संस्करणमा उत्पन्न विवाद दुई आयोजकबीचको समझदारीपछि मिलेको हो । यसअघि दुई बेग्लाबेग्लै संस्थाले मिस तामाङ आयोजना गरेका थिए । अघिल्लो साता राजधानीमा आयोजित पत्रकार सम्मेलनमा तामाङ कला, संस्कृति केन्द्र तथा एभरेस्ट फेसन होमबीच एउटै मात्र मिस तामाङ आयोजना गर्ने सहमति भएको हो ।

'एउटै प्रतियोगिता दुई भिन्न संस्थाले आयोजना गर्दा गलत सन्देश जाने तथा प्रतियोगिताको गम्भीरतामा समेत प्रश्नचिन्ह खडा हुने भएकाले मिलेर आयोजना गर्ने निर्णय गरेका हौं, पत्रकार सम्मेलनमा केन्द्रका अध्यक्ष मिलन मोक्तान भन्दै थिए– 'अब हामीबीच कुनै समस्या छैन ।'

एभरेस्ट फेसन होमले गत वैशाख ३० गते नै आयोजना गर्ने भन्दै सहभागी १७ तामाङ सुन्दरीलाई एकमहिने प्रशिक्षणसमेत दिइसकेको थियो । यसअघि मिस तामाङका दुई संस्करण गरिसकेको केन्द्रले भने एभरेष्ट फेसन होमको कार्यक्रमलाई अवैधानिक भएको आरोप लगाउँदै असारको तेस्रो साता मिस तामाङ आयोजना गर्ने घोषणा गरेको थियो । 'तामाङ समुदायको इज्जतकै लागि भए पनि हामी मिल्यौं, फेसन होमकी रञ्जिता लामा भन्छिन्– 'सम्पूर्ण तयारी भैसकेको थियो ।' दुई संस्था मिलेपछि आगामी असार १९ गते प्रतियोगिता सञ्चालन गर्ने निर्माण भएको हो । यसअघिका १७ जना सहभागीसँगै केन्द्रका तर्फबाट नयाँ सहभागी गराउँदा अन्तिम प्रतिस्पर्धामा प्रतियोगी संख्या ३५ पुग्ने सम्भावना छ । संयुक्त रूपमा आयोजना हुने मिस तामाङको कोरियोग्राफी रोजिन शाक्यले गर्नेछन् ।



**पालो मिस आर्यनको**

यसबीच साधना म्युजिक नेटवर्कले गत बुधबार राजधानीमा पत्रकार सम्मेलन आयोजना गर्दै 'मिस आर्यन-२०१०' आयोजना गर्ने घोषणा गरेको छ । आ-आफ्नो धर्म, कला, संस्कृतिको पहिचानलाई कायम राख्ने उद्देश्यले आयोजना गर्न लागिएको यो प्रतियोगितामा नेपालभित्र मात्र नभै नेपालबाहिर रहेका नेपाली आर्यन युवतीहरूले पनि सहभागिता जनाउन पाउनेछन् । मिस आर्यनमा सहभागी हुने युवती एसएलसी उत्तीर्ण, कम्तीमा ५ फिट २ इन्च अग्लो तथा १६ देखि २५ वर्ष उमेर समूहको हुनुपर्ने नियम बनाइएको छ । प्रतियोगिता आगामी साउन २९ गते हुनेछ ।


फ्रि : वेटर / वेट्रेस
दैनिक भत्ता रु–२००/–
तालिम पश्चात फ्रि–BARTENDER पनि
5 star होटलमा Pactical हुने
उत्कृष्टलाई १०००० सम्मको जागीरको व्यवस्था ।
विदेश जानेकोलागी होटल सम्बन्धी स्पेशल कोर्षको व्यवस्था ।
WISDOM HOTEL TRAINING
KALIMATI CHOWK 01 - 4277104 | CHABHIL CHOWK 01 - 6223587

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १४ बर्षदेखि देशभर १३ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
* * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१–५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६–५३२७५५, पोखरा ०६१–६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८, बागलुङ्ग ०६८-५२२७१०

Shaping Minds Group
Satdobato 5536751 2292200 Kumaripati 5008632 2292244 Baneshwor 4782162 2292233 Putalisadak 4233478 2222605
मात्र रु १००० Plus VAT Limited Seats
Sarojina Scholarship Fund
Cook Training
*Special English
English Language
Secretary Training
IELTS Preparation
Hardware Training
Accounting Training
Computer Programming
Personality Development
Computer Office Package
किन मात्र रु १०००?
किनकी हामी एक Multi project कम्पनी हौं, जसले विभिन्न क्षेत्रमा लामो समयदेखि सेवा पुऱ्याउँदै आइरहेको छ । शैक्षिक अनुसन्धान र विकास हाम्रो लक्ष्यको एक भाग हो र त्यहि शिक्षालाई सबै माझ सुलभ मुल्यमा पुऱ्याउँन हामी सेपिङ्ग माइन्ड्स ग्रुप शिक्षा विभाग र सेपिङ्ग माइन्ड्स ग्रुप समाज कल्याण (NGO) अगाडी बढेका छौं ।

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
Guarantee
लोडसेडिङ्ग नो प्रोब्लम
१३ वर्ष पूरानो
SLC दिएकाहरुलाई ३०% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्षा

फोटोग्राफी भिडियोग्राफी
फोटो/भिडियो एडिटिङ
फोटो/भिडियो प्रत्रकारिता
फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
Hurry UP
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, 4216291

रोजगारीमूलक तालिम
१५ वर्षदेखि निरन्तर...
नेपालको नं. 1 Study Center
(CTEVT द्वारा सम्बन्धनप्राप्त)
फोटोग्राफी
विवाह, व्रतबन्ध, टेलिफिल्म आदिमा भिडियो खिच्नुका साथै Editing गरिन्छ ।
VISUAL EDITING & ANIMATION
भिडियोग्राफी
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

जाँड-रक्सी सुर्ति, चुरोट छुटाउने
हर्बल चूर्ण डिफ्यूज-एल
शरीरको मोटोपना घटाउन, तौल बढाउन
चायाँ-पोतो, डण्डिफोर साथै चाउरीपना हटाउन
हर्बल कस्मेटिक्स सामानहरु होलसेलमा
सम्पर्क: नेशनल हर्बो ट्रेड
डिल्लीबजार 4438630, 4442133 98511-10326,
पोखरा: 9846137418 हेटौंडा: 9745035945
चितवन: 9845159169, कपिलबस्तु: 98471-09388
ईटहरी: ९८४२२-२३०७०

प्राईभेट TEST/SLC
भर्खरै ९ तथा Test फेल भएका !
८, ९ र Test पास भएका/ उमेर नाघेका/ जागिर गर्दै पढ्न चाहने विद्यार्थीहरुका लागि
१० कक्षामा अन्तिम भर्ना
100% result since 2004....
बिहान र दिउँसो/नेपाली र अंग्रेजी माध्यममा पढाइने
जि.शि.का. र EIA बाट सम्बन्धन प्राप्त
फारम वितरण तथा भर्ना प्रक्रिया धमाधम भैरहेको छ ।
Columbia Academy
नयाँ बानेश्वर, शंखमुल झर्ने ओरालोको मुखैमा
Tel: 4781061, 9851095070

Shaping Minds Group
Satdobato 5536751 Kumaripati 5008632 2292233/44 Putalisadak 2222605 4233478 Baneshwor 4782162 4781431 Itahari 025-584310
Study + Work (Upto 100 % Scholarship)
New Zealand, Canada, USA, Ireland Switzerland, Europe & Many More...
Career Oriented Training
Special Discount Available for SLC Appeared & Others...
* Special English Course
* Personality Development
* Diploma in Cook Training
* IELTS / TOEFL / SAT / GRE / GMAT
* Advance Web / Graphic Design
* Banking Training
* Accounting Package
* Hardware Training
* Secretarial Training

प्राइभेट Test/S.L.C 2067
कक्षा १० मा भर्ना खुल्यो
के तपाई S.L.C पास गर्न चाहनु हुन्छ ?
दक्ष तथा अनुभवी स्कूल तथा कलेज का शिक्षकहरु द्वारा सञ्चालित एक मात्र एकेडेमी ।
पाइथागोरस एकेडेमी
फोन नं. ४२६०६३२, ९८५१००९४२७
प्रदर्शनी मार्ग, पुतली सडक, काठमाडौं

Special Discount for S.L.C. appeared students
Work & Study in JAPAN
TOEFL/IELTS (Free Books, CDs, Lab Practics & Weekly Tests)
Languages: English, Japanese, French, German, Korean, Hibrew, Chinese, Spanish, Italian, & more.
Computer Courses
Software , Hardware & Networking.
Basic, Office, Graphics, webpage, Programming Accounting Package.
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. New Baneshwor Dept. store) Tel: 4785226 | New Baneshwor (Opp. BICC water Tank) Tel: 4483414 | Adwait Marg (Bagbazar) Tel: 4232866 | Lagankhel (Bus Park) Tel: 5004018

प्राईभेट Test/S.L.C. २०६७ मा भर्ना खुल्यो ।
Free Computer Tuition
# कक्षा ८ पास ९,१०, Test/SL.C. फेल भएर चिन्तित हुनुहुन्छ ?
# विगत ८ वर्ष देखिको अनुभवमा
# दक्ष तथा अनुभवी शिक्षकद्धारा पढाईने,
# उत्कृष्ठलाई छात्रवृती,
# उमेर नाघेका जसले पनि पढ्न सक्ने,
# विहान, दिउँसो र बेलुकाको कक्षा,
माध्यम अंग्रेजी र नेपाली
Kings Academy
Koteshwor-35
Ph.: 01-4600245
Mob; 9849489453

खुम्जुङ्ग होटेल तालिम बागबजारमा
कुक, वेटर/हाउसकिपिङ/बारमेन/बेकरी लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना धमाधम लिईदैछ । प्राक्टिकल ५ स्टार लेवलको होटलमा गराइने/चाइनिज, इण्डियन र कन्टिनेन्टल खानाहरुका लागि रेष्टुरेन्ट र बारको पनि सुविधा भएको साथै होष्टेलको पनि व्यवस्था छ ।
Hotel Khumjung Pvt. Ltd.
4240199, 016226791, 9841578724

Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/ Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट सँगै

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
www.shangrilatraining.com.np
4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।